का.जि.प्र.का.द.नं. १००/०५९/६०
१५ माघ २०७९,
आइतबार
29 January 2023,
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ई-पेपर हेर्न
वर्ष २१, अंक ४ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com






# राष्ट्रपतिमा प्रचण्डको भय

पहिलो र दोस्रो राष्ट्रपति आफू प्रतिकुल हुँदा ठूलो राजनीतिक नोक्सानी बेहोर्नु परेको बुझाइका कारण प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड भावी राष्ट्रपतिका उम्मेदवारप्रति सचेत देखिएका छन् । एमालेसँग जुटेको सहमति विपरीत राष्ट्रिय सहमतिको प्रस्ताव पार्टीबाट पारित गराउनुको अर्थ पनि त्यही रहेको नेताहरु

**दीपेन्द्रविक्रम तामाङ/मध्यान्ह**
काठमाडौं, १४ माघ ।

नेकपा एमालेका नेताहरुले राष्ट्रपतिमा आफ्नै दलले उम्मेद्वारी दिने बताएका छन् । फरक-फरक स्थान र परिवेशका साथ आयोजित कार्यक्रममा एमालेका नेताहरुले एक स्वरले राष्ट्रपतिमा दावी गरेका छन् । केन्द्रीय कार्यालय च्यासलमा शहीद स्मृति कार्यक्रम पश्चात् उपाध्यक्ष सुवास नेम्वाङले राष्ट्रपतिमा एमालेकै नेता निर्वाचित हुने बताए ।

'यसअघि नै राष्ट्रपति एमालेले लिने बुझाइ छ । त्यसैअनुसार उम्मेद्वार उठाउँछौं', नेम्वाङले भने । शनिबार पाल्पा पुगेका उपमहासचिव प्रदीपकुमार ज्ञवालीले पनि राष्ट्रपतिमा एमालेकै उम्मेद्वार निर्वाचित हुने बताए । राष्ट्रपतिमा एमालेले उम्मेद्वारी दिएकै व्यक्तिलाई मतदान गर्न राष्ट्रिय सहमति कायम हुने ज्ञवालीले विश्वास गरे ।

कांग्रेसले प्रधानमन्त्रीलाई विश्वसको मत दिएर धमिलो पानीमा माछा मार्न खोजेपनि सम्भव नहुने उनले बताए । 'पद साट्न र सत्ताको मोहमा लाग्दा कांग्रेसले असली प्रतिपक्ष समेत बन्न सकेको छैन', ज्ञवालीले भनेका छन् । अरु एमाले नेताहरुको अभिव्यक्ति पनि नेम्वाङ र ज्ञवालीसँग मिल्दो छ ।

तर एकदिन अगाडि मात्रै नेकपा माओवादी केन्द्रले भने राष्ट्रिय सहमतिमा राष्ट्रपति चयन गर्न जोड दिने निर्णय गरेको छ । बिहीबार र शुक्रबार बसेको स्थायी कमिटी बैठकबाट माओवादी केन्द्रले राष्ट्रपतिमा सहमति खोज्ने निर्णय गरेको हो । माओवादी केन्द्रको निर्णयबाट एमाले नेताहरु भने सशंकित देखिएका छन् ।

किनकि माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड प्रधानमन्त्री निर्वाचित हुँदै गर्दा नै राष्ट्रपति एमालेले लिने सहमति भएको थियो । उपराष्ट्रपति माओवादीले लिने अनि प्रधानमन्त्री र सभामुख आलोपालो गर्न सहमति छ । तर त्यसविपरीत प्रधानमन्त्री प्रचण्डले राष्ट्रपतिमा सहमति खोज्ने निर्णय गरेको छ ।

यस्तो निर्णय गर्नुमा प्रधानमन्त्री प्रचण्डमा एमालेप्रति अविश्वास रहेको पनि कतिपयको टिप्पणी छ । राष्ट्रपति र सभामुख पद एमालेसँग हुँदा अप्ठ्यारोमा परिने भय प्रधानमन्त्री प्रचण्डमा भएकैले सहमतिको प्रस्ताव अगाडि बढाएको एमालेका एक नेता बताउँछन् । राष्ट्रपति पदसँग प्रचण्ड डराउनुपर्ने कारण भने विगतमा भोगेको अप्ठ्यारो नै हो । पहिलो राष्ट्रपति डा.रामवरण यादवसँग मतभेद हुँदा प्रचण्डले २०६५ मा प्रधानमन्त्री पदबाटै राजीनामा दिएका थिए । २०६४ को चुनावबाट सवैभन्दा ठूलो

- बाँकी पृष्ठ २ मा

# आक्रोशित समर्थक अलमलमा रवि !

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १४ माघ ।

सर्वोच्च अदालतको फैसलापछि महत्वपूर्ण पदहरु गुमाएका रवि लामिछानेका समर्थकहरुले शनिबार राजधानी उपत्यकामा प्रदर्शन गरेका छन् । शुक्रबार सर्वोच्च अदालतको संवैधानिक इजलासले रवि लामिछानेले नागरिकता पुनःप्राप्तिको प्रक्रिया पूरा नगरेको भन्दै सांसद पदबाट बर्खास्त गरेको थियो ।

प्रतिनिधिसभा सदस्यको उम्मेद्वार बन्न समेत अयोग्य रहेको सर्वोच्चको फैसलापछि रविले उपप्रधान एवम् गृहमन्त्री पद गुमाएका थिए । नागरिकताको वैधानिकतामाथि प्रश्न उठेकाले उनले आफैले गठन गरेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को सभापति पद समेत गुमाएका छन् । रविको सभापति पदको भूमिकामा डोलप्रसाद अर्यालले कार्यबाहक पाएका छन् ।

संसदीय फाँटमा विराजभक्त महर्जन संसदीय दलको नेता भएका छन् । २०५८ सालमा अमेरिकी गएर नेपालको नागरिकता त्यागेका थिए । अमेरिका गएको ८ वर्षपछि पाएको अमेरिकी नागरिकता बोकेरै नेपाल फर्किएका रविले टेलिभिजन कार्यक्रम चलाइरहेका थिए ।

टेलिभिजन प्रस्तोता हुँदाहुँदै उनले लोकप्रियताको उचाइ बढाए । कतिपय विवादमा फस्दा आफ्नो समर्थनमा देखिएको भीडलाई हेरेर गएको ७ असारमा रविले रास्वपा घोषणा गरेका थिए । त्यो पार्टीले ४ मंसिरको चुनावमा अप्रत्यासित मत पायो । प्रत्यक्षर्फत ७ र समानुपातिकतर्फ १३ सिट जितेपछि रास्वपा संसदको चौथो ठूलो दल बन्यो । माओवादी केन्द्र नेतृत्वको सरकार बनाउन साथ दिएपछि रवि उपप्रधान एवम् गृहमन्त्री भएका थिए ।

तर नेपाल फर्किएपछि रविले नेपाली नागरिकता पुनःप्राप्तिको प्रक्रिया पूरा नगरेको ठहरसहित सर्वोच्चले सबै पदबाट मुक्त गरिदिएको छ । यस्तो फैसलापछि अगाडि कसरी जाने भन्ने रविसँग प्रष्ट योजना देखिदैन । शुक्रबार साँझ नै आफू अनागरिक भएकाले के गर्ने भन्ने केही थाहा नभएको बताएका थिए ।

> नागरिकताको वैधानिकताबारे परेको मुद्दामा सर्वोच्च अदालतले शुक्रबार सुनाएको फैसलाबाट सबै पद गुमाउन पुगेका रवि लामिछाने आगामी यात्राप्रति प्रष्ट देखिदैनन् । तर समर्थकहरुको आक्रोश भने सामाजिक सञ्जाल र सडकमा छरपस्ट देखिन्छ ।

उनको नागरिकता बदर भएकाले पनि अब के गर्ने भन्नेमा रवि प्रष्ट देखिदैनन् । किनकि उनीमाथि गलत कागजातको आधारमा राज्यको महत्वपूर्ण जिम्मेवारी लिएको आरोपमा फेरि मुद्दा पर्ने सम्भावना उत्तिकै छ । तर उनका समर्थकहरुले भने सामाजिक सञ्जाल र सडक प्रदर्शन थालिसकेका छन् । यस्तो

- बाँकी पृष्ठ २ मा

## आगो वा हिटर प्रयोगमा होसियारी अपनाऔं ।

- झ्याल, ढोका थुनेर आगो वा हिटर नबालौं,
- सुत्ने बेला बालेको आगो वा हिटर निभाऔं,
- आगो वा हिटर बालबालिकाको पहुँचभन्दा पर राखौं,
- हावाको उचित ओहोरदोहोर हुनेगरी मात्र आगो वा हिटर बालौं,
- सकेसम्म बाथरुममा ग्यास गिजरको प्रयोग नगरौं । गर्नै परेमा भेन्टिलेसन खुला राखौं ।

*झ्यालढोका थुनेर आगो वा हिटर प्रयोग गर्दा अक्सिजनको कमी हुन गई ज्यान जान सक्दछ ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

# असफलता उन्मुख बालेन



**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १४ माघ ।

गत बैशाखमा भएको स्थानीय चुनावपछि सबैभन्दा बढी चर्चा र आशाको केन्द्र बने काठमाडौंका मेयर बालेन शाह । पपुलर मतसहित राजनीतिमा उदाएका शाहले काठमाडौंमा देखिने गरि परिवर्तन गर्ने भन्दै धेरैले उनको सकारात्मक चर्चा पनि गरे । तर, पछिल्ला दिनमा भने उनको कार्यशैली र व्यवहार देखेर नकारात्मक चर्चा हुन थालेका छन् ।

केही समयअगाडि कलाकार विशाल भण्डारीको पोस्टमा कमेन्ट गरेर आलोचना खेपेका शाहले हास्यकलाकार र निर्देशक समेत रहेका दीपकराज गिरीको उनलाई नै समर्थन गरेको पोस्टमा नकारात्मक कमेन्ट गरेका थिए । तत्पश्चात् उनका विपक्षका कमेन्टले उनी पुन आलोचित हुनु परेको थियो ।

उनको व्यवहार मात्रै होईन, महानगर सुधारमा समेत उनको ठोस योजना बन्न सकेको छैन । सरकारी जग्गा मिचेर बनाएका र मापदण्ड विपरितका केही संरचना भत्काएर वाहवाही कमाएका वालेन भत्काईएका संरचनाको व्यवस्थापनमा भने चुकेका छन् । त्यस्तै, खुला मञ्चमा अन्डरग्राउन्ड पार्किङ्गस्थल बनाउने योजना अघि सारेर विवादित भएका उनले बजेट खर्च पनि गर्न सकेका छैनन् ।

महानगरले कर लक्ष्य अनुसार उठाएपनि खर्च भने ६ महिनामा १५.५४ प्रतिशतमात्रै खर्च भएको छ । यद्यपि, संघीय सरकारल भने ६ महिनामा ३२.१३ प्रतिशत खर्च गरेको छ महालेखा नियन्त्रकको कार्यालयले जनाएको छ ।

पूर्वाधार र सुशासनसम्बन्धी बजेट खर्चको अवस्था न्यून देखिदाँ

- बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# तदर्थ समितिले व्यवसायी हकहितका थुप्रै आधार तयार पारिदिएको छ : निवर्तमान संयोजक ढकाल

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ माघ

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका निवर्तमान संयोजक विमल ढकालले आफ्नो नेतृत्वको तदर्थ समितिले करिब एक वर्षको कार्यकालमा वैदेशिक रोजगार क्षेत्रको सुधार र व्यवसायी हितका लागि महत्वपूर्ण आधार खडा गरेको बताएका छन् ।

संघको अघिल्लो हप्ता सम्पन्न २९ औं साधारण सभा र नयाँ कार्यसमितिको निर्वाचनपछि पदीय जिम्मेवारीबाट बाहिरिएका ढकालले आफूहरूले सुधारका लागि महत्वपूर्ण काम गरेको र नयाँ कार्यसमितिले त्यसलाई पूर्णता दिन बिना विलम्ब काम अघि बढाउनुपर्ने बताए ।



ढकालसँगको
अन्तर्वार्ता पृष्ठ १२ मा ।

मध्यान्ह दैनिकसँगको अन्तर्वार्तामा ढकालले आफ्नो नेतृत्वको तदर्थ समितिले अघि बढाएका काम फत्ते गर्ने विषयमा नवनिर्वाचित कार्यसमितिको नेतृत्व क्षमताको परीक्षण हुने टिप्पणीसमेत गरे ।

संघका पूवअध्यक्ष ढकालले विमानस्थलमा रहेको श्रम डेस्क हटाएको, वैदेशिक रोजगार ऐनमा रहेको वार्षिक एक सय जना कामदार पठाउनुपर्ने व्यवस्था खारेजीको लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमार्फत कानून मन्त्रालय पुऱ्याएको, सेवा शुल्क परिमार्जन गर्न उच्चस्तरीय कार्यदलले सकारात्मकरूपमा काम गरी सचिवलाई प्रतिवेदन बुझाएको, व्यवसायी कल्याणकारी कोषको नियमावली श्रम मन्त्रालयबाट पूर्णता दिएर रायका लागि अर्थ मन्त्रालय गएकाले छिटोभन्दा छिटो स्वीकृत भएर आउने अवस्थामा रहेको, पटकपटक विज्ञापन गर्नुपर्ने बाध्यता हटाएर एक पटक गरेको विज्ञापनको अवधि डिमाण्डको अवधिसम्म रहने नीतिगत व्यवस्था गरेकोजस्ता काममा प्रगति गरिएकाले व्यवसायी उत्साहित हुने वातावरण बनेको दाबी गरे ।

## नेपाली कामदारहरुको हकहितका लागि दूतावास निरन्तर क्रियाशील : राजदूत पौडेल

क्वालालम्पुर/मस- मलेसियाका लागि नेपाली राजदूत डिल्लीराज पौडेलले वैदेशिक रोजगारीका लागि मलेसियामा रहेका नेपाली कामदार हरुको हकहितका लागि निरन्तर क्रियाशील रहको बताएका छन् ।

सामाजिक क्षेत्रमा योगदान पुऱ्याएका नेपालीहरूलाई सम्मान गर्न आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै राजदूत पौडेलले मलेसियामा रहेका सबै नेपालीको सुख, दुःखमा राजदूतावास साथमा रहेको र कामदारका अधिकारका लागि संवेदनशील रहेको बताए ।

करार र भिसा अवधि सकिएर गैरकानूनी भई मलेसिया बसिरहेका र समस्यामा परेका हजारौं

- बाँकी पृष्ठ २ मा

विज्ञहरुको टिप्पणी

# संघीयताप्रतिको प्रश्नले द्वन्द्व निम्तिने खतरा

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, १४ माघ ।

संविधान जारी भएको एक दशक पुग्नलाग्दा फेरि संघीयताको विषयलाई लिएर विभिन्न प्रश्न उठिरहेकोप्रति सरोकारवालाहरुले चासो र चिन्ता व्यक्त गरेका छन् । संघीयतामाथिको प्रश्नले देशमा फेरि द्वन्द्व निम्तने खतरा रहेको उनीहरुको टिप्पणी छ ।

शनिबार काठमाडौंमा भएको एक कार्यक्रममा संघीय संसद् सचिवालयका महासचिव भरतराज गौतमले संघीयतामाथि प्रश्न गरेर द्वन्द्व ननिम्त्याउन आग्रह गरे । संसदीय अध्ययन तथा विकास संस्थापना अन्तरक्रिया कार्यक्रममा सम्बोधन गर्दै उनले संघीयतामाथि प्रश्न उठाउँदै जाने हो भने सबै ठूलो संकटमा पर्ने बताए ।

हरेक १५ वर्षमा देशको संरचना परिवर्तन गरेर जान नसकिने प्रष्ट पार्दै उनले संघीयतालाई जति ठूलो विषय बनाइन्छ त्यति नै फस्दै जाने सम्भावना समेत औंल्याए ।

'संघीयता भएपछि सात प्रदेश छन्, सात प्रदेश हुँदा पनि चलाउन सकेनौ भनेका छौं, यसमा म अप्रेशनल कुरा देख्छु । अब संघीयतालाई फेरि अर्को क्वेशन गरेर यसलाई द्वन्द्व निम्त्याउनु छ र हामीले ? सकौंला ? हामी सधैं १०-१५ वर्षमा कन्स्टिट्युशन फेर्दै जाने ?,' उनको प्रश्न थियो । फेरि संघीयतालाई ब्याक गरेर जाने कोशिस भए देश निकै नै ठूलो संकटमा फस्ने सम्भावना बढी रहेको उनको भनाइ थियो ।

संघीय सरकारले प्रदेश सरकारलाई अधिकार दिन नचाहेको आरोप खेप्दै आएको छ । संघीय सरकारले प्रदेश सरकारको अधिकार समेत आफैं प्रयोग गरेर प्रदेशलाई दिएको अधिकारसमेत कटौती गरेपछि संघीयता प्रति प्रश्न उठ्ने गरेको धेरैको गुनासो छ ।

संघीयता आफैंमा गलत नभए पनि सञ्चालन प्रक्रिया गलत हुँदा संघीयता कार्यान्वयनमा समस्या आएको नेताहरुले औंल्याएका छन् । संघीय सरकारले प्रदेश सरकारलाई दिनुपर्ने अधिकार आफैं काखी च्यापेर बस्दा समस्या देखिएको उनीहरुको आरोप छ ।

संघीय सरकारले प्रदेश तथा स्थानीय तह समेतको कर्मचारी सरुवा बढुवा र नियुक्ति गर्ने काम आफैं गर्ने गरेको भन्दै त्यो अधिकार प्रदेश सरकारलाई दिनुपर्ने आवाज उठ्दै आएको छ । संघीय

- बाँकी पृष्ठ २ मा

# सर्लाहीमा भू–माफियाको बिगबिगी



**एस.पी.गौरब/मध्यान्ह**
सर्लाही, १४ माघ

सर्लाहीको इश्वरपुर नगरपालिका १२ कालिन्जोर घारिवथानका स्थानीय भू-माफियाको सन्जाल आएर जग्गा हडप्न खोजेपछि एकजुट भएका छन् । गत आइतबार दिउँसो चिन्दै नचिनेका मानिसहरु आई आफूहरुको जग्गा नापचाँज गर्न थालेपछि स्थानीयले भू-माफिया गिरोहका सात जनालाई पक्राउ गरी ईलाका प्रहरी कार्यालय केशरगन्ज बयलवासमा बुझाएका थिए ।

उनीहरुलाई कारवाहीको माग गर्दै इश्वरपुर नगरपालिका १२ कालिन्जोर घारिबथानका करिब दुई सय जना स्थानीयले ईलाका प्रहरी कार्यालय घेराउ समेत गरेका थिए । आफूहरुले पुस्तौँदेखि भोगचलन गर्दै आइरहेको जग्गा अपरिचित व्यक्तिहरु आएर नापजाँच गर्न थालेपछि त्रसित भएको इश्वरपुर नगरपालिका १२ कालिन्जोर घारिबथानका स्थानीय राजु खड्काले गुनासो गरे । स्थानीयले नियन्त्रणमा लिएर प्रहरीमा बुझाएका सात जना व्यक्तिसँगै एउटा स्कारपियो, एउटा मोटरसाइकल, रु पाँच नगद र मोवाइल लगायतका सामग्री पनि रहेका ईलाका प्रहरी कार्यालय केशरगन्जले जनाएको छ ।

ती व्यक्तिहरु आफूहरुसँग ६४ बिघा भन्दा बढी जग्गाको लालपूर्जा रहेको भन्दै जग्गा नापजाँच गर्न गाउँमा आएका इश्वरपुर नगरपालिका १२ कालिन्जोर घारिबथानका वडाध्यक्ष देविबहादुर खत्रीले बताए । उनले गाउँलेले दशकौं अघिदेखि भोगचलन गर्दै आइरहेको जग्गा आफूहरुको भन्दै अपरिचित व्यक्ति आएपछि अचम्मित भएको बताए । इश्वरपुर नगरपालिका १२ कालिन्जोर घारिबथानका वडाध्यक्ष खत्रीले सो क्षेत्रको जग्गामा साबिक खयरमाराखोर भनी उल्लेख गरिएको बताए । 'यो जग्गा सरकारी रेकर्डमा कुन अवस्थामा छ ? भनी प्रष्ट भइसकेको छैन्,' इश्वरपुर नगरपालिका १२ कालिन्जोर घारिबथानका वडाध्यक्ष खत्रीले भने ।

घटनाबारे मौखिक जानकारी आएको र स्थानीयलाई आफूसँग भएको कागजात लिएर कार्यालयमै आउन आग्रह गरिएको मालपोत कार्यालय हरिवनका प्रमुख रमेशप्रसाद गौतमले बताए । गौतमकाअनुसार इश्वरपुर नगरपालिका १२ कालिन्जोर घारिबथान क्षेत्रको सो जग्गा नापीको टोली खटिँदा जग्गाधनी नखुलेकाले बे-निस्सा भनी उल्लेख गरिएको छ । यता, स्थानीयले पक्राउ गरी बुझाएका सात जनाविरुद्ध म्याद थप गरी कानूनी कारबाही प्रक्रिया अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ । सर्लाहीका प्रहरी प्रमुख प्रहरी उपरीक्षक नरेशराज सुवेदीले पक्राउ परेकाहरुसँग सोधपुछसँगै आफूहरुले समेत मालपोतमा जग्गाको रेकर्ड कस्तो छ ? भनी बुझ्ने बताए । उनका अनुसार पक्राउ परेका व्यक्तिहरुले अन्य व्यक्तिको पनि नाम लिएका छन् ।

गाउँलेले नियन्त्रणमा लिएर प्रहरीलाई बुझाएकाहरुमा बाराको जितपुर सीमरा उपमहानगरपालिका ११ का उमाशकंर साह, विनय कुमार चौधरी र जितपुर सीमरा उपमहानगरपालिका १ का ज्ञानबहादुर लामिछाने, सिरहाको कर्जन्हा नगरपालिका १ का राहुलकुमार साह, धनुषाको मिथिला नगरपालिका ९ का जयकुमार ठाकुर र क्षिरेश्वरनाथ नगरपालिका ५ का विजयकुमार साह र महोत्तरीको मनरा शिसवा नगरपालिका ४ का धीरेन्द्र झा रहेका प्रहरीले जनाएको छ ।

केही समयअघि जिल्लाको बागमती नगरपालिकास्थित शंकरपुर क्षेत्रमा पनि स्थानीयले वर्षौदेखि भोगचलन गर्दै आइरहेको जग्गा भू-माफियाको गिरोह आएर नापजाँच गर्न थालेपछि स्थानीय आन्दोलनमा उत्रेका थिए । पछिल्लो समय जिल्लामा भू-माफियाहरु निकै सक्रिय रहेका छन् । उनीहरुले अर्कैको जग्गा हडप्ने, नक्कली मोही खडा गर्ने र सोझासिधा नागरिकलाई दुःख दिने काम गर्दै आइरहेका छन् ।

# जसपा नेपाल रौतहटद्वारा पालिकास्तरीय संगठन विस्तार

**इसत्याक अहमद/मध्यान्ह**
रौतहट, १४ माघ



जनता समाजवादी पार्टी( जसपा) नेपाल रौतहटले पालिका स्तरीयमा अगुवा कार्यकर्ता भेला शुरु गरेको छ ।

देवाही गोनाही नगर समिति जसपा नेपालमा आवद्ध अगुवा नेताकार्यकर्ताका साथै पार्टीका केन्द्रीय सर्कुलरअनुसार वृहत् सदस्यता बढाउने अभियानलाई तीव्रता दिई नवप्रवेशी अगुवा नेताकार्यकर्ताहरुलाई समावेश गराइ पालिकास्तरीय समिति चयन गरिएको छ । नगर तदर्थ देवाही गोनाही नगरपालिका समन्वय समिति (जसपा नेपाल)का वीरबहादुर यादवको अध्यक्षतामा २८ सदस्यीय समिति सर्वसम्मत चयन गरिएको जसपा रौतहटको अध्यक्ष श्यामविहारी यादवले जानकारी दिए । उनकाअनुसार उपाध्यक्षमा रघुनाथ साह र सेख नजिर, सचिवमा कमलेश यादव, उपसचिवमा दीपक साह कानु र संतोष पटेल, कोषाध्यक्षमा तेतरी देवी कुम्हार चयन भएका छन् ।

यस्तै सदस्यहरुमा रामप्रवेश पटेल, जाहिर अन्सारी, जयमंगल यादव, विन्देश्वर पण्डित, रमन साह, भोला राय, शैलेन्द्र पटेल, चन्द्रभानु यादव, गगनदेव यादव, जादोलाल यादव, नथुनी पटेल, पुनिता देवी ठाकुर, शंकर राय यादव, हरिहर बैठा, काशी राय यादव, सोनालाल हजरा, जयराम पासवान, भोला बैठा, बिनोद पटेल, सरोज साह, परमेश्वर दासलगायत चयन भएका उनले बताए । तदर्थ समितिको पहिलो बैठकबाट ३ जना सदस्यहरुलाई थप गरी ३१ सदस्यीय समिति बनाइनेछ ।

संगठन विस्तारको क्रममा देवाही गोनाही नागरपालिका वडा नम्बर १ देखि ९ वडासम्मको उपस्थितिमा समिति सर्वसम्मत चयन गरिएको थियो ।

जिल्ला अध्यक्ष श्याम विहारी यादवको अध्यक्षता एवं पार्टीका केद्रीय राजनीतिक समिति सदस्य विश्वनाथ पटेलको प्रमुख अतिथ्यमा कार्यकर्ता भेला सम्पन्न भएको छ । कार्यक्रममा विशिष्ट अतिथि केन्द्रीय सदस्य चुल्हाई राय यादव रहेका थिए भने अतिथिहरुमा मधेश प्रदेश समिति सदस्य एवं जिल्ला इन्चार्ज राम आशिष यादव, मधेश प्रदेश समिति सदस्य एवं जिला सह-इचार्ज राजकुमार दास, मधेश प्रदेश समिति सदस्य इश्वरी राय यादव, जिल्ला सह-सचिव शम्भू यादवलगायत रहेका विन्देश्वर पण्डितले जानकारी दिए ।

## राष्ट्रपतिमा...

दल भएर पनि राष्ट्रपति यादवसँग कुरा नमिल्दा ९ महिनामै प्रचण्डले प्रधानमन्त्री पदबाट राजीनामा दिएका थिए । दोस्रो राष्ट्रपति विद्यादेवी भण्डारीबाट समेत प्रचण्डले साथ नपाएको बुझेका छन् । एमाले कोटाबाट राष्ट्रपति बनेकी भण्डारीले केपी शर्मा ओलीलाई साथ दिएकैले आफूहरु संकटमा परेको प्रचण्ड र माधवकुमार नेपाल पक्षको निष्कर्ष थियो ।

अहिले फेरि राष्ट्रपति पदमा जाने व्यक्तिबारे सचेत नभए अर्को संकट खेप्नुपर्ने भयका कारणले पनि प्रचण्डले राष्ट्रिय सहमतिको प्रस्ताव अगाडि बढाएका छन् । त्यसका लागि संसदको सबैभन्दा ठूलो दल भएर पनि सबै शक्ति गुमाएको कांग्रेसको साथ पाउने आशाले प्रचण्डलाई उत्प्रेरित गरिरहेको बुझ्न सकिन्छ ।

## आक्रोशित...

प्रदर्शन विधिको शासन र न्यायलयको गरिमाविरुद्ध हो । तर प्रदर्शन गर्ने अधिकार भने नागरिकलाई छ । उनीहरुलाई सर्वोच्चको फैसलाप्रति चित्त बुझेको देखिन्न ।

यसअघिका निर्णयमा पनि नागरिक प्रदर्शनको साहरा रविले लिएका थिए । २०७६ मा पत्रकार शालिकराम पुडासैनीले आत्महत्या अगाडि रवि लामिछानेको नाम लिएपछि रविलाई प्रहरीले नियन्त्रणमा लिएको थियो । त्यसबेला पनि रविलाई फसाउने षडयन्त्र भएको भन्दै सडक प्रर्शन गरेका थिए । कारागारबाट छुटेपछि त चितवनको नारायाणी किनारमा रविले विजयसभा समेत गरेका थिए । त्यही सहभागीलाई आधार मानेर गत आमनिर्वाचनमा चितवन-२ बाट उम्मेद्वार बनेका रविले भारी मतान्तरले जितेका थिए ।

## असफलता...

प्रशासनिकतर्फ भने बजेट खर्च उच्च देखिन्छ । सुशासन तथा अन्तर्सम्बन्धित क्षेत्रका लागि वार्षिक बजेटमा २ अर्ब ७६ करोड रुपैयाँ बजेट विनियोजन भएपनि हालसम्म १२ करोड रुपैयाँमात्रै खर्च भएको छ भने पूर्वाधार विकासमा छुट्याएको १२ अर्ब ६९ करोड रुपैयाँमा १ अर्ब २० करोड मात्रै हालसम्म खर्च भएको छ । तर, प्रशासनिक खर्चको छुट्याएको ३ अर्ब ४८ करोड रुपैयाँमा भने १ अर्ब ३३ करोड रुपैयाँमात्रै खर्च भएको छ । जुन छुट्ट्याएको रकम मध्येको सबैभन्दा बढी हो । यता, कृषि, उद्योग, पर्यटन, सहकारी, वनलगायतका आर्थिक विकासमा छुट्याएको २ करोडमा पनि ६४ लाख मात्रै खर्च भएको छ । तर, महानगर भने टेन्डर आवह्न प्रक्रिया लम्बिदाँ बजेट खर्चको अनुपात घटेको दाबी गर्छ ।

काम सकेपछि मात्रै पूर्ण भुक्तानी दिने नियमका कारण पनि बजेट कम खर्च भएको हुनसक्ने महानगरको भनाई छ । तर, ६ महिनामा पूँजीगत खर्च सन्तोषजनक हुननसक्दा आगामी ६ महिनाको अवस्था खासै सुधारन्मुख हुननसक्ने विज्ञहरु बताउँछन् । समग्र, महानगरको सुधार गर्ने प्रतिबद्धता सहित आएका बालेनको पछिल्ला कार्यशैली नै असफलताको संकेत भएको चर्चा पनि हुनथालेको छ ।

## नेपाली...

नेपालीहरुलाई दूतावासको पहलमा उद्धार गरिरहेको स्मरण गर्दै राजदूत पौडेलले रोजगारीमा मलेसिया आउँदा सबै कुरा बुझेर मात्रै आउन अनुरोध गरे । आकर्षक तलब, नेपालीका लागि हावापानी सुहाउँदो र अनुकूल सामाजिक परिवेशका कारण पछिल्ला दिनमा मलेसिया नेपाली कामदारको आकर्षक गन्तव्य बनिरहेको छ । यस्तै नेपालबाट ग्लोब्ससहित रबरजन्य उत्पादन र अन्य उद्योगहरूमा रेस्पोन्सिबल बिजनेस एलाइन्स' (आरबीए) अन्तर्गत शून्य लागतमा कामदार लैजाने क्रममा तिव्रता देखिएको वैदेशिक रोजगार व्यवसायीहरू बताउँछन् ।

## विज्ञहरूको...

सरकारको कारण प्रदेश सरकारले बनाएका नीति निर्माण कार्यान्वयनमा समेत समस्यामा पार्ने गरेको छ ।

स्थानीय सरकार सञ्चालनका विषयमा सत्ता पक्ष र प्रतिपक्ष भनेर कुनै व्यवस्था राखिएको छ । जसले गर्दा जितेर जानेहरूले अधिनायकवाद ल्याउन खोज्ने विगतमा देखिएको छ । त्यसैले स्थानीय सरकार सञ्चालनमा पनि प्रतिपक्षको कुरा सुनुवाई हुने गरी कानुन ल्याउन आवश्यक देखिएको छ ।

देश संघीयतामा गए पनि विकास प्रक्रिया काठमाडौंमुखी बनाउँदा अन्य क्षेत्रका जनताले संघीयता अनुभूति गर्न नपाउदा संघीयतामाथि नै प्रश्न उठ्ने गरेको छ ।

**सदा एग्रो एण्ड रिसर्च सेन्टर प्रा.लि.को खारेजी (लिक्वीडेशन) सम्बन्धमा हकदावी गर्न आउने बारेमा सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७६/०४/१४ मा दर्ता कायम भएका **सदा एग्रो एण्ड रिसर्च सेन्टर प्रा.लि. (प्रा.लि. नं. २१९८९३/०७६/०७७)** लाई खारेजी लिक्वीटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०७९/१०/१३ गतेको बिशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्न पर्ने ऋण, धन, एवं कोही कसैको बाकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबि गर्न यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरका कार्यलय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**लिक्वीडेटरः रोशन कुमार बजिमय,** **ईजाजत प्र.प.नं. २२१**
**ठेगानाः त्रिपुरेश्वर, काठमाडौं** **मोवाईल नं. ९८४१३६५७७१**

# रास्वपाको कार्यवाहक सभापति र संसदीय दलको नेतामा अर्याल

**काठमाडौं/मस–** राष्ट्रिय स्वतन्त्र पार्टीको कार्यवाहक सभापतिमा डोलप्रसाद अर्याल चयन भएका छन् । रास्वपाको शुक्रबार राति बसेको पार्टी केन्द्रीय समितिको बैठकले पार्टीको विधानबमोजिम अर्को व्यवस्था नभएसम्मका लागि पार्टीका उपसभापति डोलप्रसाद अर्याललाई कार्यवाहक सभापतिमा चयन गरेको पार्टीका महामन्त्री एवं प्रवक्ता डा. मुकुल ढकालले जानकारी दिए । रास्वपाले पार्टीका संस्थापक सभापति एवं उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेको नागरिकताका सम्बन्धमा सर्वोच्च अदालतबाट शुक्रबार भएको फैसलापछि पार्टीले काम गर्न अर्याललाई सो जिम्मेवारी दिएको प्रवक्ता ढकालले बताए । 'कानूनी राज्यको अवधारणा पार्टीको मूल विचार भएकाले न्यायालयको फैसलालाई पार्टीले सदैव सम्मान गर्दछ', प्रवक्ता डा. ढकालले भने ।यस्तै, सो पार्टीको शुक्रबारै बसेको संसदीय दलको बैठकले सर्वोच्च अदालतको फैसलाले पार्टीको संसदीय दलको नेताको पद रिक्त भएकोले रिक्त सो पदमा अर्याललाई चयन गर्ने निर्णय गरेको छ । उक्त पार्टीले यस चुनौतीपूर्ण घडीमा पार्टीका सम्पूर्ण सदस्य तथा शुभचिन्तकलाई संयमित रही विधिको र कानूनको सम्मान गर्न अनुरोध गरेको छ ।

**गेरुवा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**पशुपतिनगर, बर्दिया, लुम्बिनी, प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति :- २०७९/१०/१५**

गेरुवा गाउँ कार्यपालिकाको कार्यालयले २०७९।०२।१३ गते आह्वान गरेको ठेक्का W/GRM/SQW/01/2079-080 (Sonahagaun ko Panphekuwa Kulo ma Culvert Nirman ) को लागि पर्न आएका ३ (तिन) थान बोलपत्रहरुको मुल्यांकन गर्दा यस कार्यालयको मिति २०७९।१०।१३ को निर्णय अनुसार Prithibi Construction Geruwa 05 Bardiya ले पेश गरेको बोलपत्र न्यूनतम मुल्यांकीत सारभूत रुपमा प्रभावग्राही भएको पाइएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८० को उपनियम (६) बमोजिम सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं | ठेक्का नं | कामको विवरण | पेश भएका बोलपत्रहरुको संख्या | सारभूत रुपमा प्रभावग्राही दर भाउपत्रदाताको नाम, ठेगाना | निर्णय मिति | कबोल अंक रु.(भ्याट र पि.एस.सहित |
|---|---|---|---|---|---|---|
| १. | W/GRM/SQW/ 01/2079-080 | Sonahagaun ko Panphekuwa Kulo ma Culvert Nirman | ३ (तिन) | Prithibi Construction Geruwa 05 Bardiya | २०७९।१०।१३ | रु.९,३९,८९०।०४(नौ लाख उनान्चालिस हजार आठ सय नब्बे रुपैया र पैसा चार मात्र |

**प्रमुख प्रशासकीय अधिकृत**

**Geruwa Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Pashupatinagar, Bardiya**
**Lumbini Province, Nepal**

**Invitation of sealed bids for the following works**

**Date of Publication: 2079-10-15**

1. The Geruwa Rural Municipality invites electronic sealed bids from eligible bidders for the Parchasing of following Goods. The bid validity period of bid shall be 45 days and bid security validity period should be at least 75 days from the last date of bid submission.

| S.N. | Contract ID Number | Description of Work | Estimated Amount, NRs (without Vat) | Bid security Amount (Nrs) | Fee for bidding document (Nrs) |
|---|---|---|---|---|---|
| 1 | G/GRM/SQW/ 01/2079-080 | Procurement for Parchasing of Mechinery Products,Instruments and other Medical Related Metrials | 12,36,955.32 | 35,000 | 1,000 |

2. Only Electronics bidding through www.blopatra.gov.bp/egp is permitted and bid shall be submitted on or before 12:00PM on 2079-11-01 and bid shall be opened on the same date at 2:00PM. Eligible bidders may obtain further information from GeruwaRM and email: geruwarmun@gmail.com /contact: 9858038110 or may visit PPMO website www.bolpatr.gov.np/ egp. Bidders should deposit the cost of bidding document in the projects account as specified below.

| Bank | Revenue Account | Office Cade | Revenue Heading No | Dharauti Account |
|---|---|---|---|---|
| Nepal Investment Mega Bank ltd, Geruwa Branch | 17201400000109 | 056-365-17 | 801810 | 17201400000062 |

**Chief Administrative Officer**

**भगवतीमाई गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**पगनाथ, दैलेख**
**कर्णाली प्रदेश, नेपाल**

**शिलवन्दी बोलपत्र आह्वानको सूचना**

**प्रथम पटक प्रकाशित मिति : (२०७९/१०/१५ गते)**

१. भगवतीमाई गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय दैलेखबाट देहायमा उल्लेखित निर्माण कार्यहरुशिलवन्दी बोलपत्रको माध्यमद्धारा गर्नुपर्ने भएकोले उक्त आयोजनाहरु निर्माण कार्यको लागि इजाजत प्राप्त ईच्छुक निर्माण व्यवसायी वा फर्मबाट रितपूर्वककोविद्युतीय बोलपत्र आह्वान गरिन्छ ।

**तपसिलः**

| ठेक्का नं. | कामको विवरण | ल.ई. रकम (भ्याट र कन्टीन्जेन्सी वाहेक) | बोलपत्र फाराम दस्तुर रु. | जमानत रकम रु. |
|---|---|---|---|---|
| BRM/WS/NCB/ 12/2079/080 | साईमेला पुग्या रातामाटा खानेपानी तथा सरसफाई आयोजना, वडा नं. ३ | ३०,४८,६०१।९७ | ३,००० | ९६,४००।० |
| BRM/WS/NCB/ 13/2079/080 | सहडे जुकेपानी पहरापानी मन्घर खानेपानी तथा सरसफाई आयोजना, वडा नं. ४ | ३९,४८,२३०।६६ | ३,००० | १,२४,८००।० |
| BRM/WS/NCB/ 14/2079/080 | अडेरीपाल्त मूलपानी खानेपानी तथा सरसफाई आयोजना,वडा नं. ०७ | ४०,२०,३०२।७० | ३,००० | १,२७,०००।० |

२. बोलपत्र पेश गर्ने, खोलिने अन्तिम म्यादर बोलपत्र जमानतः

| बोलपत्र पेश गर्ने अन्तिम मिति | | बोलपत्र खोलिने मिति | | बोलपत्र फाराम खरिदको लागि बैंक खाता | | | बोलपत्र जमानत दाखिला गर्ने बैंक खाता | | |
|---|---|---|---|---|---|---|---|---|---|
| मिति | समय | मिति | समय | खाताको नाम | खाता नम्बर | बैंक र शाखा | खाताको नाम | खाता नम्बर | बैंक र शाखा |
| २०७९/११/१६ गते | मध्यान्ह १२:०० बजे भित्र | २०७९/११/१६ गते | दिउँसो २:०० बजे भित्र | भगवतीमाई गाउँपालिका दैलेख GA:1.1 ANTARICK RAJASHWO KHATA | 15101093 28800091 | प्रभू बैंक भगवतीमाई | भगवतीमाई गाउँपालिका दैलेख GA:1.1 DHAURITI KHATA | 15101093 28800041 | प्रभू बैंक भगवतीमाई |

विस्तृत सूचना तथा विवरणको लागि भगवतीमाई गाउँपालिकाको कार्यालय दैलेखको वेवसाइट www.bhagawatimaimun.gov.np वा खरिद अनुगमन कार्यालयको वेवसाइट www.bolpatra.gov.np/egp हेर्न सक्नुहुनेछ । थप जानकारीको लागि मोवाईल नं. ९८५८०२०८९९/९८५८०२०७९९ सम्पर्क राख्नुहोला ।

**प्रमुख प्रशासकीय अधिकृत**

## मनाङवासीका पीडा

# छैन एम्बुलेन्स, बिरामीलाई सास्ती

नविन अंकुर/मध्यान्ह
मनाङ, १४ माघ

जिल्ला अस्पताल मनाङमा एम्बुलेन्स नहुँदा समस्या भएको छ । एम्बुलेन्स अभावका कारण बिरामी समयमै स्वास्थ्य उपचार पाउनबाट वञ्चित भएका छन् । एम्बुलेन्स अभावका कारण बिरामी उपचारका लागि अन्य सवारी साधनमा कष्टकर यात्रा गर्न बाध्य छन् । पर्यटकीय क्षेत्र मनाङमा आएका बाह्य तथा आन्तरिक पर्यटकलाई पनि बिरामी पर्दा स्वास्थ्य संस्था जान समस्या भइरहेको छ। पर्यटक तथा स्थानीयलाई अस्पतालसम्म पुऱ्याउन एम्बुलेन्सको एकदमै खाँचो रहेको जिल्ला अस्पतालका प्रशासन विभागका प्रमुख रहमद अन्सारीले बताए ।



'अस्पतालसित एम्बुलेन्स छैन, गम्भीर प्रकृतिका बिरामीलाई अन्यत्र रिफर गर्नुपर्ने अवस्था भएमा एम्बुलेन्स खोज्दाखोज्दै बिरामीको ज्यान जाने हो कि भन्ने त्रास हुन्छ', उनले भने । उनका अनुसार गाउँपालिकामा भएका एम्बुलेन्स बिग्रिएर थन्किएका छन् ।

जिल्ला रेडक्रस सोसाइटीसित भएको एम्बुलेन्स मनाङ डिस्याङ गाउँपालिकामा बिग्रिएर थन्किएको छ । सदरमुकाम चामे गाउँपालिकाको एम्बुलेन्स पनि बिग्रिएको छ। 'अस्पतालसित आफ्नै एम्बुलेन्स एकदमै आवश्यक छ', अन्सारीले भने। एम्बुलेन्सका लागि रेडक्रसको भर पर्नुपर्ने अवस्थाको अन्त्य गर्न अस्पतालले स्थानीय, प्रदेश र संघीय सरकारलाई गुहार्दै आएको छ। प्रमुख जिल्ला अधिकारी सुप्रभा खनाल ढुंगेलले पटक-पटकको बैठकमा एम्बुलेन्सको आवश्यकताबारे छलफल गरी सम्बन्धित निकायसँग माग गर्दैआएको बताइन् ।

'स्थानीयलाई सहज स्वास्थ्य उपचार प्रदान गर्ने उद्देश्यले एम्बुलेन्स सेवा उपलब्ध गराउन प्रतिवद्ध भई सम्बन्धित निकायसँग समन्वय गरिरहेका छौं', उनले भनिन् ।

एम्बुलेन्स अभाव हुँदा गत वर्ष बिरामी हुँदा हेलिकप्टर चार्टड गरेर पोखरा गएको स्थानीय कर्माछिरिङ गुरुङले बताए । सरकारले एम्बुलेन्स सेवा उपलब्ध गराएको अवस्थामा नागरिकले सास्ती भोग्नु नपर्ने उनको भनाइ छ । मनाङमा कोही गम्भीर बिरामी भएमा अस्पताल पुऱ्याउन हेलिकप्टरको भर पर्नुपर्ने हुन्छ ।

# जहाज दुर्घटनामा बेपत्ताको खोजी जारी

**पोखरा/मस**–कास्कीको पोखरास्थित सेती खोंचमा यति एयरको विमान दुर्घटनामा परी हराइरहेका एक जनाको खोजी भइरहेको नेपाली सेनाले जनाएको छ ।

कास्की जिल्ला सुरक्षा समितिको बैठकले माघ ७ मा दुर्घटनास्थलमा खोज तथा उद्धारमा खटिएको टोलीलाई फिर्ता गर्ने निर्णय गरेपनि दुर्घटनामा परेकामध्ये एक जनाको अवस्था अझै अज्ञात रहेकाले खोजीकार्य जारी रहेको सैनिक प्रवक्ता कृष्णप्रसाद भण्डारीले जानकारी दिए।

चालक दलका चारसहित ७२ जना यात्रु बोकेर काठमाडौंदेखि पोखराका लागि उडेको यती एयरलाइन्सको विमान यही माघ १ मा पोखराको सेती नदीको खोंचमा खसेको थियो । नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीको संयुक्त टोलीले खोज तथा उद्धारको क्रममा ७१ जनाको शव फेला पारेको थियो। साथै उद्धारका क्रममा भेटिएको ब्लाक बक्सलगायतका सामग्री नेपाल नागरिक प्राधिकरणलाई हस्तान्तरण गरेको थियो । विमान दुर्घटनाको खबर प्राप्त गर्नासाथ खोज तथा उद्धार कार्यलाई नेपाली सेनाले तिव्रता दिएको थियो ।

**Bahrain मा रोजगार** | **Salon Allord Beauty Center Partnership**

पुर्व स्वीकृती मितिः २०७९/१०/०९ चलानी नं. ६०१९५४०२ LT No.: 279810

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD. | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Beautician | 0 | 3 | काममा दक्ष | 150 | ५१,७८०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ बर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले ब्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले ब्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | नि:शुल्क |

अन्तरवार्ता २०७९ माघ १८ गते (1 Feb, 2023) यस प्रा. लि. को कार्यालय धुम्बाराही, काठमाडौंमा हुनेछ ।

Tiger Overseas Employment Services Pvt. Ltd.
Dhumbarahi, Kathmandu, 01-4518997
Email : info@tigeroverseas.com.np, Website: www.tigeroverseas.com.np
Govt Lic. No: 335/059/060

# एसइई परीक्षा चैत १७ देखि

**भक्तपुर/मस**– यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसइई) आउँदो चैत १७ गतेदेखि सुरु हुने भएको छ । राष्ट्रिय परीक्षा बोर्डले सार्वजनिक गरेको परीक्षा तालिका अनुसार परीक्षा चैत २९ सम्म हुनेछ । बिहान ८ देखि ११ बजेसम्म सञ्चालन हुने परीक्षाको पहिलो दिन चैत १७ गते शुक्रबार अनिवार्य अंग्रेजी विषयको परीक्षा हुने र सोही दिन वेदविद्याश्रमतर्फ अनिवार्य संस्कृत भाषा, साहित्य र अनिवार्य अंग्रेजीको परीक्षा हुने बोर्डका अध्यक्ष महाश्रम शर्माले बताए। चैत १९ आइतबार अनिवार्य गणित, २० गते सोमबार अनिवार्य नेपाली र गैरनेपाली विद्यार्थीका लागि अंग्रेजीको परीक्षा हुनेछ । चैत २२ बुधबार अनिवार्य विज्ञान र वेदविद्याश्रमतर्फ अनिवार्य संस्कृत व्याकरण तथा अनुवादको परीक्षा हुने भएको छ भने चैत २३ बिहीबार अनिवार्य सामाजिक अध्ययन तथा प्राविधिकतर्फ फार्म म्यानेजमेण्ट एण्ड मार्केटिङ, इञ्जिनियरिङ ड्इङ, कम्प्युटर रिपियरिङ र मेन्टिनेन्स तथा बेसिक म्युजिकको परीक्षा हुने भएको छ । यसैगरी चैत २४ गते शुक्रबार अनिवार्य स्वास्थ्य, जनसंख्या तथा वातावरण शिक्षा, वेदविद्याश्रमतर्फ कर्मकाण्ड, फलित ज्योतिष, संस्कृततर्फ अनिवार्य संस्कृत भाषा, प्राविधिकधारतर्फ जलीय कृषि तथा मत्स्यपालन, इलेक्ट्रिकल म्यानेजमेण्ट एण्ड इन्स्टल्मेण्ट, कम्प्युटर नेटवर्किङ, इञ्जिनियरिङ सर्भेइङ्ग र म्युजिक अफ नेपालको परीक्षा हुनेछ। साथै चैत २५ शनिबार साधारण तथा संस्कृततर्फ ऐच्छिक प्रथमपत्रका सबै विषय, वेदविद्याश्रमतर्फ वेद तथा नीति शास्त्र र प्राविधिकतर्फ ऐच्छिक गणितको परीक्षा हुनेछ ।

चैत २६ गते आइतबार साधारण तथा संस्कृततर्फ ऐच्छिक द्वितीयपत्रका विषय, वेदविद्याश्रमतर्फ ऐच्छिक द्वितीयपत्रका सबै विषय, प्राविधिक धारतर्फ भेजिटेवल एण्ड मेडिसिनल प्लाण्ट प्रोडक्सन, डेरी एण्ड डेरी प्रडक्सन, युटिलाइजेसन अफ इलेक्ट्रिक इनर्जी, डाटावेस म्यानेजमेण्ट सिष्टम, बिल्डिङ कन्स्ट्रक्सन, म्युजिक टेक्नोलोजीको परीक्षा हुनेछ । चैत २७ गते सोमबार प्राविधिक धारतर्फ क्रप प्रोडक्सन, स्मल रुमेण्ट प्रोडक्सन एण्ड म्यानेजमेण्ट, इलोक्ट्रोनिक्स डिभाइस एण्ड सर्किट, वाटर रिसोर्सेस इञ्जीनियरिङ र इन्स्टुमेण्ट किबोर्डको परीक्षा हुनेछ। चैत २८ गते मंगलबार प्राविधिक धारतर्फ इण्ड्रष्ट्रियल इन्टोमोलोगी एण्ड मसरुम, एनिमल हेल्थ, इलेक्ट्रिकल मेसिन, माइक्रो प्रोसेस, हाइवे इञ्जीनियरिङ, म्युजिक विजनेश एण्ड प्रोग्राम म्यानेजमेण्टको परीक्षा हुनेछ । परीक्षाको अन्तिम दिन चैत २९ गते बुधबार प्राविधिकतर्फ नै फ्लोरिकल्चर एण्ड नर्सरी म्यानेजमेण्ट, भेटेरेनरी ल्याव्रोटरी टेक्निक, इण्ड्रष्ट्रियल इन्स्टलेसन एण्ड मेन्टिनेन्स, अब्जेक्ट ओरेण्टेड प्रोग्रामिङ, इष्टिमेटिङ कस्टिङ एण्ड सुपरभिजन र ऐच्छिक विषयको गायन, संगीत, वाद्यवादन र नृत्यको परीक्षा हुने भएको छ ।

## नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको अचल सम्पत्तिहरू लिलाम बिक्री गर्ने सम्बन्धी १५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति : २०७९/१०/१५)

यस बैंक(साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)को तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुले ऋण कर्जा तिर्नेतर्फ पूर्ण वेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ । लिलाम हुने दिनसम्म उक्त कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउन सकिने व्यहोरा सम्बन्धित ऋणी, जमानीकर्ताहरु समेतलाई यो सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी तथा जमानीकर्ताहरु लगायत सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, २०७५ बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने व्यहोरा जानकारी गराउँदै** कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पत्ति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, ईच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति**
२०७९/१०/२९

**बोलपत्र खोलिने मिति**
२०७९/११/०१ दिउँसो ३ बजे

**तपसिल**

| क्र.सं. | कर्जा शिर्षक | ऋणीको नाम, थर, वतन तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण | धितो सुरक्षणमा रहेको अचल सम्पतिहरुको विवरण | धितो सुरक्षण दिने व्यक्ति, ऋणी तथा जमानीकर्ताहरुको फोटो |
|---|---|---|---|---|
| १. | अधिविकर्ष कर्जा | १) ऋणी : **न्यू रावत एग्रीकल्चर हार्डवेयर** प्रा.फ.र.नं. : २२५०१/०७३/७४ ठेगाना : पहलमानपुर ०२, कैलाली **व्यक्तिगत जमानीकर्ताहरु :** **१. सुरेन्द्र कठरिया** (ना.प्र.नं. ६७-०१-६९-०५१६७, मिति २०६९/०८/०५ मा जि.प्र.का. कैलालीबाट जारी भएको) बाबु : चन्द्र लाल कठरिया बाजे : छेदा लाल कठरिया **२. सपना देवी कठरिया** (ना.प्र.नं. ९८४३, मिति २०५२/१२/०४ मा जि.प्र.का. कैलालीबाट जारी भएको) पति : चन्द्र लाल कठरिया ससुरा : छेदा लाल कठरिया **३. आराधना कठरिया** (ना.प्र.नं. ६७३०२८/३९२, मिति २०७२/१२/०७ मा जि.प्र.का. कैलालीबाट जारी भएको) पति : चन्द्र लाल कठरिया ससुरा : छेदा लाल कठरिया **४. चन्द्र लाल कठरिया** (ना.प्र.नं. १३०५, मिति २०४४/११/१२ मा जि.प्र.का. कैलालीबाट जारी भएको) बाबु : छेदा लाल कठरिया बाजे : राम स्वरुप कठरिया (कर्जा चुक्ता गर्न ३५ दिने सार्वजनिक सूचना) (प्रकाशित मिति २०७९/०३/०३) (आर्थिक अभियान राष्ट्रिय दैनिक) | चन्द्र लाल कठरियाको नाममा कैलाली जिल्ला मालपोत कार्यालय कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, रामशिखर झला गा.वि.स./न.पा. वडा नं. ०६ स्थित कि.नं. १६६ (०-१०-१५-० विगाहा) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |  सुरेन्द्र कठरिया  सपना देवी कठरिया  आराधना कठरिया  चन्द्र लाल कठरिया |
| २. | विविध कर्जा | २) ऋणी : **मंगलेश्वर मल्टी ट्रेड एण्ड सप्लायर्स** प्रा.फ.र.नं. : १९४५२७०/७१ ठेगाना : धनगढी ०५, कैलाली **व्यक्तिगत जमानीकर्ताहरु :** **१. राधा कुमारी मल्ल** (ना.प्र.नं. ६७२०३३/११०५१, मिति २०६६/०२/२१ मा जि.प्र.का. कैलालीबाट जारी भएको) पति : चक्र बहादुर बम बोगटी ससुरा : भिम बहादुर बोगटी **२. चक्र बहादुर बम बोगटी** (ना.प्र.नं. ३२४४४, मिति २०५६/११/१३ मा जि.प्र.का. कैलालीबाट जारी भएको) बाबु : भिम बहादुर बोगटी बाजे : गोर्वधन बोगटी (कर्जा चुक्ता गर्न ३५ दिने सार्वजनिक सूचना) (प्रकाशित मिति २०७९/०३/०८) (नागरिक राष्ट्रिय दैनिक) | १. राधा कुमारी मल्लको नाममा कैलाली जिल्ला मालपोत कार्यालय धनगढी, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, श्रीपुर गा.वि.स./न.पा. वडा नं. ०७ स्थित कि.नं. १२ (४३००.०० व.मि) र ऐ.ऐ. धनगढी वडा नं. ०५ स्थित कि.नं. ९७(६९०.०० व.मि) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । २. चक्र बहादुर बम बोगटीको नाममा कैलाली जिल्ला मालपोत कार्यालय धनगढी, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, धनगढी वडा नं. ०५ स्थित कि.नं. ३१४ (२१.०० व.मि) र कि.नं. ३२१ (९६५.०० व.मि) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |  राधा कुमारी मल्ल  चक्र बहादुर बम बोगटी |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पतिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ । तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैंले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैंले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन । साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन् ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड**
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेल: info@nimb.com.np, वेबसाइट: www.nimb.com.np

## Hatuwagadhi Rural Muncipality
## Office of Rural Municipal Execcutive

**Ghodetar, Bhojpur, Province No. 1, Nepal**

### Letter of Intent to award the Contract

**First Date of publication: 2079/10/15**

This is to notify (as per PPA 2063 clause 27.2 &27.3) to all concerned bidders that, it is our intention to award the contract for execution of ***"Ghodetar Chuwar Khola Sadak Nirman and Ukhubari Bartang Koltar Jodney Sadak"*** and ***"Ghodetar jor aahal dekhi Dimalung Parayatakiya Paidal Marga Nirman"*** published on Himalaya National Daily on 2079/09/06 to the following substantially responsive lowest evaluated bidders fulfilling the qualification criteria.

| S.No. | Contract Identification Number | Work Description/ Name of Project | Substantially Responsive Lowest Evaluated Bidders | Bid Amount Including VAT & PS (NRs.) |
|---|---|---|---|---|
| 1.0 | HRM/CW/05/079-080 | Ghodetar Chuwar Khola Sadak Nirman and Ukhubari Bartang Koltar Jodney Sadak | BIKATESWOR NIRMAN SEWA Mechhe-4, Kavrepalanchwok Boudha, Kathmandu | 2053448.81 |
| 2.0 | HRM/CW/04/079-080 | Ghodetar jor aahal dekhi Dimalung Parayatakiya Paidal Marga Nirman | S.M. Construction Koshi Rural Municipality-4 | 4451845.83 |

**Chief Administrative Officer**

## INVITATION FOR BIDS

**Government of Nepal (GoN)**
## Vyans Rural Municipality
## Office of the Rural Municipal Executive

**Sunsera, Darchula, Sudurpaschim province, Nepal**

### INVITATION FOR BIDS FOR THE

**Date of publication: 29 Jan-2023 (2079/10/15)**

1. Vyans Rural Municipality Office invites electronic bids from nepalease eligible bidders for the Construction works (as mentioned in table below) under Nationa compitive bidding procedures.

| Contract No | Description of Works | Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years | Minimum Work experience of similar size and nature Project about Nrs | Bid Security Amount (Nrs.) | Bid Document Fee (Nrs.) | Remarks |
|---|---|---|---|---|---|---|
| IFB No.-04-NCB-VRM-2079/080 | Timurpata Huti - Dhaulakot - Mangaun - Maal Road | 44 milion | 68 million | 2100000 | 5000 | Hard copy accept |

2. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document .
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Vyans Rural Municipality, Sunsera, Darchula,Email: infovyans@gmail.com. Contact No: 9868463400 or may visit PPMO e-GP system www.bolpatra.gov.no/egp.
4. Bidder should submit their bid electronically and may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below.

**Information to deposit the cost of bidding document in Bank:**

**Name of the Bank : Machhapuchchhre Bank Limited, Sunsera Branch**
**Name of Office : Vyans Rural Municipality**
**Office Code No :**
**Office Account no. : 1001524760848017 (Sanchit Kosh Khata)**

5. Pre-bid meeting shall be held at Vyans Rural Municipality Office Sunsera, Darchula at 10-Feb-2023 (2079/09/27) at 12:00 Noon.
6. Electronic bids must be submitted to the office Vyans Rural Municipality Office Sunsera, Darchula through PPMO website www.bolpatra.gov.np. on or before 12:00 Noon on 13-Feb. 2023 (2079/11/01). Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 3:00 PM on 13-Feb-2023 (2079/11/01) at the office of Vyans Rural Municipality Office, Sunsera, Darchula. Bids must be valid for a period of 120 Days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case e-bid, amounting to a minimum given above table which shall be valid for 30 days beyond the validity period of the bid (i.e. 14-Jul 2023 (2080/03/29).
8. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the security shall remain the same as specified for the original last date of bid submission.
9. Vyans Rural Municipality Office, Sunsera Darchula reserve the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Chief Administrative Officer**

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

१५ माघ २०७९, आइतबार
29 January 2023, Sunday

## सम्पादकीय

### सर्वोच्चको सन्देश

छोटो समयमै राजनीतिक फड्को मारेका रवि लामिछानेको यात्रामा सर्वोच्च अदालतले रोक लगाएको छ । नागरिकता वैधानिकताको विवादमा सर्वोच्च अदालतले शुक्रबार फैसला सुनाउँदै रविका सबै पद बदर गरिदिएको हो । सर्वोच्चको फैसलापछि रविले महत्वपूर्ण शक्ति गुमाएका छन् । सांसद, पार्टी सभापति र उपप्रधान एवम् गृहमन्त्री पद रविले एकैपटक गुमाएका हुन् । अमेरिकी नागरिकता त्यागेपछि नेपाली नागरिकता लिने प्रक्रिया पूरा नगरेको ठहर गर्दै सर्वोच्चले रविलाई प्रतिनिधिसभा सदस्यको उम्मेद्वार हुने योग्यता नभएको फैसला सुनायो । अदालतको फैसलापछि रिक्त राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को कार्यबाहक नेतृत्व श्रममन्त्री रहेका डोलप्रसाद अर्यालले लिएका छन् । संसदीय दलको नेतामा विराजभक्त महर्जन बनेका छन् । रविलाई भने नेपाली नागरिकता पुनः प्राप्तिको प्रक्रिया पूरा अगाडि बढाउन सक्ने बाटो खुला भएको छ ।

रविको नागरिकताप्रति परेको मुद्दामा दिइएको फैसालले राष्ट्रिय राजनीति नै तरंगित बन्न पुगेको छ । गएको असारमा मात्रै गठन भएको रविको पार्टीले अप्रत्यासित मत पाउनु र उनी उपप्रधान एवम् गृहमन्त्रीको हैसियतमा सरकारमा सहभागी हुने अवसर सिर्जना भएकाले पनि सर्वोच्चको फैसलाले मुलुक तरंगित हुन पुगेको हो । रविका समर्थकहरूले शुक्रबारबाटै सर्वोच्चको फैसलाप्रति असन्तुष्टि जनाउँदै प्रदर्शन गरिरहेका छन् । शनिबार पनि उनका समर्थकहरूले राजधानीमा प्रदर्शन गरे । तर सर्वोच्चले बहालवाला गृहमन्त्रीकै पद जानेगरी गरेको यो फैसलाले केही महत्वपूर्ण नजीर स्थापित गरेको छ । मुख्यगरी सर्वोच्चप्रति फेरि विश्वास बढेको छ । किनकि उपप्रधान एवम् गृहमन्त्रीकै पद जानेगरी सर्वोच्चले फैसला गर्नले नागरिकमा न्याय पाउने विश्वासको वातावरण बन्ने नै भयो । यसअघिका केही मुद्दामा सर्वोच्च विवादित भएकाले पनि यो प्रकरणलाई अर्थपूर्ण रूपमा हेर्न सकिन्छ ।

तर नजीरकै रूपमा स्थापित हुने अर्को सन्देश भने हरेक राजनीतिज्ञ र सार्वजनिक क्षेत्रमा रहेकाले आफ्नो कागजात दुरूस्त राखिरहनुपर्छ भन्ने हो । सानै त्रुटिले पनि भविष्यमा ठूलो असर गर्न सक्छ भन्ने उदाहरणका रूपमा यो फैसला आएको छ । किनभने रविलाई सर्वोच्चले अनागरिक भनेको छैन, बरू प्रक्रिया पूरा गर्न बाँकी देखिएको ठहर गरेको छ । तसर्थ हरेक नागरिकले संविधान र कानून बमोजिम आफ्नो कागजात दुरूस्त राख्ने र नैतिक बनिरहनुपर्ने सन्देश यो फैसलाको अर्थ हो । नेतृत्वलाई त दोहोरो नागरिकताको बहस वा आवश्यकता परे नेपाली नत्र विदेशी हुने प्रवृत्तिलाई पनि निकास दिनुपर्ने सन्देश यो फैसलाले दिएको छ । रविले राजनीतिक भविष्य सुधार्न पक्कै आफ्नो कागजात दुरूस्त बनाउने नै छन्, अरूले पनि त्यसबाट पाठ सिक्न जरूरी छ ।

# पुँजीवादको संकट र कम्युनिष्ट

*पुँजीवादी व्यवस्थाकै कारण विश्व गहिरो संकटमा छ । विश्व बाध्यकारीरूपमा यसको विकल्प खोज्नुपर्ने अवस्थामा छ । तर, कम्युनिष्ट शक्ति पुँजीवादले सिर्जना गरेको संकटलाई आन्दोलनको रूपमा उठाउन असमर्थ देखिएको छ । कम्युनिष्टहरू किसान, मजदुर र उत्पीडित वर्ग तथा समुदायलाई आन्दोलनमा ल्याउन सकेका छैनन् । उनीहरू आफ्ना एजेण्डामै विश्वास दिलाउन असमर्थ बनिरहेका छन् ।*

अग्रलेख



● लोकनारायण सुवेदी

आज मार्क्सवादीहरु ऐतिहासिक तथा सामाजिक विशेषताहरु र परिस्थितिअनुरूप मार्क्सवादको विकास गर्न असक्षम भएका कारणले मार्क्सवादी दर्शन र सिद्धान्तविरुद्ध क्रियाशील रहेको खेमालाई 'मार्क्सवादको मृत्यु'को घोषणा गर्न बल मिलेको छ। यसका अतिरिक्त 'विचारधाराको अन्त्य', 'इतिहासको अन्त्य' र 'उत्तर आधुनिक वैचारिक राजनीति' जस्ता चरम दक्षिणपन्थी भविष्यवाणी गर्नका लागि पनि अनुकूल माहोल बनेको प्रष्टैसँग औंल्याउन सकिन्छ। आजको विश्वमा मजदुर वर्ग र उत्पीडित वर्ग संघर्षरत रहेका छन् । अनौपचारिक र असंगठित तप्काको पनि निकै ठूलो संख्या एकजुट हुँदै गएको देखिन्छ । किसान, महिला, प्रवाशी शरणार्थी तथा उत्पीडित जनसमुदायका विभिन्न तह र तप्काहरु पनि आफ्नो हक हितका निम्ति आवाज उठाउँदै आएका छन् । यसले प्रष्ट पार्दछ कि आजको नवउदारवादी पूँजीवादको संकटले विश्वमा सबैलाई पिरोलेको छ र यसले उत्पन्न गर्ने चौतर्फी विकराल समस्याको समाधान नखोजी धरै छैन। यस स्थितिले पुन: मार्क्सका महत्वपूर्ण योगदान अध्ययन गर्नुपर्ने र यस स्थितिको समाधान खोजिनुपर्ने कुराको महत्व र आवश्यकता पनि बढ्न गएको देखाउँछ।

सन् १८१८ को मई ५ मा जर्मनीमा जन्मेका कार्ल मार्क्स आफ्नो समयका सबैभन्दा महान् चिन्तक तथा क्रान्तिकारी दार्शनिक तथा विचारक थिए । उनको त्यही विचारले विश्वभरिका सर्वहारा वर्ग र श्रमजीवी जनतालाई आफ्नो मुक्तिको पथ प्रदर्शन गर्न मद्दत मिल्यो। साथै, वैज्ञानिक समाजवादको दिशामा संघर्ष विकसित हुँदै गयो र विश्वमा नयाँ र अपूर्व परिवर्तन ल्याउन अपूर्व योगदान दिँदै आयो। यसले शोषित र उत्पीडित विश्वका करोडौं करोड मानिसहरुमा नयाँ आशा र उत्साह जगायो। परिवर्तनको नवीन उर्जा पैदा गर्न अत्यन्तै ठूलो मद्दत गऱ्यो। त्यसैले भनिन्छ- मार्क्सको विचारले मानव जातिको इतिहासमा सबैभन्दा धेरै र दुरगामी प्रभाव पाऱ्यो।

खासगरी मार्क्सले वैज्ञानिक समाजवादी विचारको विकास गरे। जसका तीन वटा मूलभूत तत्वहरु रहेका छन्- द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद, राजनैतिक अर्थशास्त्र र वर्ग संघर्षको सिद्धान्त। संक्षेपमा विश्व मानव समाजको सभ्यताको ठोस परिस्थितिको ठोस विश्लेषणका आधारमा कार्ल मार्क्सले इतिहासको सही र वैज्ञानिक व्याख्या गरे। पुँजीवादी शोषणको वास्तविकताको अत्यन्तै मिहीन तरिकाले उजागर गरे। सोही व्याख्याका आधारमा समाजवादी तथा साम्यवादी क्रान्तिको वस्तुनिष्ठ औचित्य र आधार प्रष्ट पारे। यस सन्दर्भमा उनले राजनीति, अर्थनीति, दर्शन, इतिहास, संस्कृति, समाजशास्त्र, विज्ञान र अन्य अनेक विषयमा विस्तारपूर्वक लेख्ने काम गरे। मार्क्स यसरी विश्वमा वैज्ञानिक समाजवादको जग बसाल्ने काम गरे। उनले नश्लवाद र जातिवाद विरोधीजस्ता आन्दोलनहरु पनि देखे र त्यसका कारण र कारकहरु पनि खोजे।

यद्यपि, उनको सबल किल्ला केवल उनको विचार मात्र थिएन । उनी भिन्न-भिन्न देशहरुका विभिन्न ट्रेड यूनियन संगठनहरुद्वारा गठित प्रथम 'वर्किङ्गम्यान एशोसिएशन(कामदार संघ), जसलाई प्रथम कम्युनिष्ट लीग पनि भनिएको थियो)मा सहभागी र सक्रिय थिए । उनले जर्मन वर्कर एशोसिएशनको गठन पनि गरे। यद्यपी, उनी उतिबेला बेल्जियममा बस्ने गर्दथे । कम्युनिष्ट लीगको तर्फबाटै मार्क्स र एंगेल्सले कम्युनिष्ट घोषणापत्र लेखेका थिए । यसरी क्रान्तिकारी दार्शनिकहरुले सर्वहारा अन्तरार्ष्ट्रियवादलाई व्यवहारमा लागु गरेका थिए । जसलाई उनीहरुले पूँजीवादी अन्ध राष्ट्रवादको विरोधमा प्रतिपादन गरेका थिए।

यी सबै गतिबिधिहरुका लागि मार्क्सलाई व्यक्तिगतरूपले ठूलो त्याग र बलिदान दिनु परेको थियो । उनी र उनको परिवारलाई प्राय: सधैं नै



गरिबी र निरन्तर प्रतिकृयावादी सत्ताको प्रहरी दमनको सामना गरिरहनु परेको थियो। उनले पटक-पटक देश निकालाको सामनासमेत गर्नुपऱ्यो। खासगरी दुई पटक फ्रान्सबाट र एक पटक बेल्जियमबाट। अन्तत: उनी राज्यबिहीन व्यक्तिको रूपमा इङ्गल्याण्डमा रहन पुगे। किनकि इङ्गल्याण्डले उनलाई नागरिकता दिन अस्वीकार गरेको थियो। अनि उता प्रशियाले पनि उनको नागरिकता पुनर्बहाली गर्न मानेको थिएन। यसरी उनले अत्यन्तै कठिन परिस्थितिमा पनि आफ्नो काम जारी राख्नु परेको थियो।

यस्तो अत्यन्तै कठीन घडीमा पनि कार्ल मार्क्सले अर्थशास्त्र, इतिहास, समाजशास्त्र जस्ता विभिन्न क्षेत्रहरुका विषयहरुमा महत्वपूर्ण विचारहरु प्रतिपादन गरेका थिए। त्यसैले धेरै मानिसहरु उनको यो सच्चाईलाई स्वीकार गर्ने गर्दछन् । तर पनि उनीहरु के भन्दछन् भने क्रान्तिको उनको विचार सही छैन । तिनको यो कुरा बिल्कुलै सही होइन र यो उनको अन्य विचारमा समाहित छैन । यसो भन्नु एकदमै गलत हो । कार्ल मार्क्सका विचारहरुको सार, क्रान्तिको अवधारणा हो। यो उनका कामहरुको अविछिन्न जीवन रेखा हो। क्रान्तिको विचार बिना मार्क्सको विचार केही पनि होइन र हुँदै होइन र हुन पनि सक्दैन।

सर्वहारा अन्तरार्ष्ट्रियवादको भावनालाई दृढतापूर्वक कायम राख्ने, जनतन्त्र र नागरिक स्वतन्त्रताका लागि अनि समाजवाद तथा साम्यवादका लागि निरन्तर लड्ने कार्ल मार्क्सले विश्वलाई जस्तो सारभूत दृष्टि प्रदान गरेका छन्, त्यस्तो विश्वका लागि संघर्ष गर्ने आफ्नो प्रण र उत्साह नयाँ किसिमले दोहोऱ्याएका छन् । हुन पनि आज नवउदारवादअन्तर्गत पूँजीवादी-साम्राज्यवादी व्यवस्था आफ्नो लामो इतिहासमा सबैभन्दा नराम्रोसँग अझ दीर्घकालीन संकटका बीचबाट गुज्रिरहेको छ। सामाजिक जीवनका सबै परिक्षेत्रहरु जसमा विज्ञान र प्रबिधिको अत्याधुनिक ताजा प्रगति पनि सामेल छ। मुट्ठीभर कर्पोरेट खर्बपतिहरुको कब्जामा छ। आज गरिबी, भोक, बेरोजगारी, विस्थापन, पलायन, सम्पत्तिहरण, असमानता, असुरक्षायुक्त खतरा, पर्यावरण विनाश, सांस्कृतिक अधपत्तन आदि इत्यादि जस्ता गम्भीर विषय वस्तुहरु अत्यन्तै नराम्रो स्थितिमा पुगिसकेका या पुगिरहेका छन् ।

आज विश्व पुँजीवादी व्यवस्थाकै कारण गहिरो संकटमा छ । विश्व बाध्यकारीरूपमा यसको विकल्प खोज्नुपर्ने अवस्थामा छ। तर, कम्युनिष्ट शक्ति पुँजीवादले सिर्जना गरेको संकटलाई आन्दोलनको रुपमा उठाउन असमर्थ देखिएको छ । कम्युनिष्टहरु किसान, मजदुर र उत्पीडित वर्ग तथा समुदायलाई आन्दोलनलाई सकेका छैनन् । उनीहरु आफ्ना एजेण्डामै विश्वास दिलाउन असमर्थ बनिरहेका छन् ।

आज बामपन्थी र प्रगतिशील शक्तिहरुको एउटा मूख्य कमजोरी के देखापरेको छ भने त्यसले जनवादी, समाजवादी आन्दोलनका बिगतका सकारात्मक र नकारात्मक प्रयोगहरुबाट उचित र आवश्यक शिक्षा लिन र त्यसअनुरूप राजनीतिको विकास गर्न असक्षम रहेको देखिएको छ । त्यसले गर्दा नै बिखण्डित र बिचलित विगतका समाजवादी देशहरुको नोकरशाही र केन्द्रिकृत राज्यतन्त्रको नाममा स्वतन्त्र बजारका प्रवक्ता र नवउदारवादी विचारको वकालतकर्ता उत्तर आधुनिकवादीहरुले मार्क्सवादमाथी जोडदार हमला गरिरहेका छन् । मार्क्सवादी शिक्षासँग यान्त्रिक र जडसुत्रवादी किसिमले टाँस्सिरहनुका साथसाथै ऐतिहासिक तथा सामाजिक विशेषता तथा परिस्थिति अनुरूप मार्क्सवादलाई अझ विकास गर्नमा असक्षम रहनाले पनि यसरी वर्ग शत्रुलाई 'मार्क्सवादको मृत्यु'को घोषणा गर्न बल प्रदान गरेको हो । यसका अतिरिक्त 'विचारधारको अन्त्य', 'इतिहासको अन्त्य', 'उत्तर-वैचारिक राजनीति' जस्ता चरम दक्षिणपन्थी भविष्यवाणी गर्नका लागि अनुकूल माहोल बनेको हो। अनि यस्तै प्रतिकूल समय हुँदा हुँदै पनि प्राय: विश्वका सबैजसो ठाउँहरुमा मजदुर वर्ग तथा उत्पीडित जन समुदाय आज पनि संघर्षरत छन् ।

आज विश्वमा अनौपचारिक तथा असंगठित तप्का निकै ठूलो स्तरमा संगठित हुँदै गएको पनि देखिँदै आएको छ । यसमा उत्पीडित वर्ग, किसान, महिला, प्रवासी शरणार्थीहरु र उत्पीडित जनसमुदायहरुले आफ्नो हक हितको माग पनि गरिरहेका छन् । विद्यमान नव-उदारवादी व्यवस्थाअन्तरगत चौतर्फी संकट खडा भएको र त्यसको समाधन यस व्यवस्थामा हुन सक्दैन भन्ने यथार्थ पुन: प्रष्ट भएको छ । यस अत्यन्तै संकटपूर्ण स्थितिमा मार्क्सका विशिष्ट र अतुलनीय योगदानहरुलाई पुन: गम्भीर अध्ययन, चिन्तन र मनन गर्नु अत्यन्तै महत्वपूर्ण र आवश्यक छ। केही मानिसहरुले बुझ्ने र भन्ने गरेजस्तो मार्क्सवाद विचारहरुको अमूर्त संकलन होइन, यो वैज्ञानिक र व्यवहारिक दुबै विचार हो। यसले कसैमाथि केही थोपर्दैन, बरु वस्तुनिष्ठरूपमा बिद्यमान सामाजिक सम्बन्धहरुबाट शुरु गर्दछ र त्यसबाट पार पाउने प्रकृयामा मार्क्सवादले आफुलाई विकसित तुल्याउँदछ। यसले कसैलाई समस्या समाधान गर्ने मसिहा बनाउँदैन बरु जनताले स्वयम् राजनीतिक सचेतनाबाट सुसज्जित बनेर आफ्नो अस्तित्व स्वयम् बदल्दछन् भन्ने कुरामा एकदमै प्रष्ट छ ।

*(लेखक सुवेदी नेपाल कम्युनिष्ट पार्टीका अध्यक्ष हुन् ।)*

## सामाजिक सञ्जाल



**- डम्मर खतिवडा**

रविको नागरिकता विवाद कानुनी राज्यको सवाल थियो, विरोध गरियो, अदालतले ठीक गऱ्यो । कठोर नागरिकता ऐनको बेफाइदा अब सबैले बुझ्ने होलान् । तर, एनआरएन र बृटिश गोर्खालाई दोहोरो नागरिकताको अधिकार दिन जरूरी छ भन्ने लेख्दै, बोल्दै आएको दोहोऱ्याउन चाहन्छु । यसका लागि संविधान संशोधन भने अनिवार्य छ ।



**- गेजा शर्मा वाग्ले**

सर्वोच्च अदालतको फैसलाबाट कानुनी प्रश्नको त निरूपण भएको छ तर, राजनीतिक र नैतिक प्रश्न कानुनीभन्दा पनि संवेदनशील छ । विधिको शासन, सुशासन, पारदर्शिता, 'नैतिक राजनीति'को नाममा राजनीतिमा आएका रवि आफैले फर्जी काम गरेकाले नेपाली जनतासँग क्षमा माग्दै सार्वजनिक जीवनबाट सन्यास लिनुपर्छ ।



**- निलाम्बर आचार्य**

सर्वोच्च अदालतको फैसला अपेक्षित थियो । नागरिकताको सवालमा रवि लामिछानेको त्रुटि प्रष्टै थियो । उनको राजनीतिक महत्वाकांक्षा र सक्रियता उच्च रहेको छ । उनले नागरिकता पुनर्प्राप्ति गर्ने प्रक्रिया पूरा गरी गल्तीबाट सिक्दै आफ्नो राजनीतिक सक्रियता अरू बढाउने अपेक्षा गर्न सकिन्छ ।



**- रञ्जित तामाङ**

बिमतिहरू आफ्ना ठाउँमा होलान् ! तर रवि लामिछानेप्रति सहानुभूति छ । नयाँ नागरिकता लिएर उपनिर्वाचनको तयारी गर्दा राम्रो होला ! 'अनागरिक हुँ' भन्नेजस्ता कुरा गरेर केही हुँदैन । सागर पुग्न हिँडेको खोला ढुङ्गामा ठोक्किँदैमा बग्न छोड्दैन । हामी मान्छे पनि बगेको खोलाजस्तै हौँ ।



**- ओमकुमार थापा**

रवीको नागरिकतासम्बन्धी विवाद प्रक्रियागत त्रुटि हो । अमेरिकी नागरिकता लिँदा नेपाली नागरिकता त्याग्ने र अमेरिकी नागरिकता त्यागेपछि पुनः नेपाली नागरिकता लिनुपर्थ्यो, समस्या यहीँ थियो । रवीका जस्ता नागरिकता विवाद देशमा हजारौं होलान् तर, पनि खै सरकारी अनुगमन, कार्यान्वयन र कारबाही ?

# बढ्दो जननिराशा र सरकार

विचार



● खिमराज गिरी

*व्यवस्था परिवर्तनसँगै अवस्था परिवर्तनको अपेक्षा जनताले गरेका थिए । तर, अपेक्षा गरेअनुसार न्यूनतम अंशमा पनि परिवर्तनको महशुस जनताले गर्न सकेनन् । परिवर्तित व्यवस्थाबाट नयाँ कुरा पाउन नसक्नु मात्रै होइन, थप समस्याहरू झेल्नुपर्दा जनतामा निराशा छाएको छ । जनताको निराशालाई आशामा बदल्न सक्नु नै वर्तमान सरकारको चुनौति हो ।*

गत मंगलबार इलामका एक होनहार युवा उद्यमी तथा व्यवसायी प्रेमप्रसाद आचार्य 'सन्तोष'ले संसद भवन अगाडि आफ्नै शरीरमा आगो लगाएर आत्मदाहको प्रयास गरे । आत्मदाहको प्रयास गरेका आचार्यको उद्धारपछि उपचारकै क्रममा ज्यान गयो । एउटा युवा उद्यमीले गरेको यो घटनाले आज देश स्तब्ध छ । आम नेपालीको मन खलबलाएको छ ।

गणतन्त्र नेपालको नागरिक भएको पनि आज करिब दुई दशक पुग्न लागि सकेछ । जनताले सोचेका थिए : राजनीतिक परिवर्तनसँगै आर्थिक, सामाजिक, सांस्कृतिकलगायतका विषयमा पनि परिवर्तन हुनेछ । युवाहरु रोजीरोटीकै लागि विदेशिनु पर्दैन । शिक्षामा आमूल परिवर्तन आउनेछ । स्वास्थ्य सर्वसुलब र सबैको पहूँचमा पुग्नेछ । राजनीतिक धरातलमा इमानदारिता र नैतिकताको खडेरी लाग्ने छैन । नेतृत्वमा पुग्न मनी र मसलको प्रयोग हुने छैन । जनताले व्यवस्था परिवर्तनसँगै अवस्था परिवर्तनको पनि अपेक्षा गरेका छन् । तर, हाता पऱ्यो शून्य !

शायद, यस्तै वितृष्णा र विसंगतीको उपजले होला, प्रेमप्रसाद त्यो विकल्प पुगेका । प्रेमप्रसाद त्यो अवस्थामा पुग्दै गर्दा, देशका होनाहोर लाखौं युवाहरु आफ्नो र घर परिवारका लागि सुन्दर सपनाहरु बोकेर विदेशिन बाध्य छन् । कारण देशमा अवसर नपाउनु । देशमा आशाको दियो नबल्नु ।

परिवार, समाज र देशप्रतिको जिम्मेवारी बहन गर्दै अगाडि बढिरहेका प्रेमप्रसादले मृत्यु नै अन्तिम विकल्पको रुपमा रोज्नुको कारण ३६औं वसन्त पार गरी सक्दा पनि गरिएका कर्मबाट केही उपलब्धी हाँसिल गर्न नसक्नु हो । उपलब्धी हाँसिल गर्न नसक्नुमा उनी मात्रै कारक होइनन् । राज्य तथा अन्य विभिन्न निकायबाट भएको असहयोग पनि मुख्य कारण हो । देशमा पढ्दा, जागिर खाँदा, व्यापार गर्दा, वैदेशिक रोजगारमा जाँदा एवम् उद्योग चलाउँदा भोग्नु परेका विविध समस्या र ती समस्याहरुबाट पाएको शून्य उपलब्धी नै प्रेमप्रसादको मृत्युको कारण हो । उनले सामाजिक सञ्जालमार्फत सार्वजनिक गरेको छ हजार लामो बकपत्रमा वास्तविकता खुलाएका छन् ।

हाल गठित पुष्पकमल दाहाल 'प्रचण्ड नेतृत्वको सरकारका सामू यस्ता धेरै क्षेत्रहरुमा भएको विकृति र बिसंगतीहरुका चाङ्ग छन् । जतिसुकै सरकार परिवर्तन भए पनि, आश्वासनका पोकाहरु जति बाँडे पनि आखिर देशमा भएका युवा जमात विदेशिने क्रम रोकिएको छैन । युवाहरु सिर्जनशील, उद्यमी तथा पौरखी हातहरु हुँदाहुँदै पनि मृत्युको मुखमा जान बाध्य छन् । आम जनता पिल्सिरहेको विषयले सरकारसामू थुप्रै प्रश्नहरु उब्जाइरहेको छ । तर, यसको उत्तर अहिलेसम्म कुनै सरकारले पनि दिन सकेको छैन ।

अहिलेको सरकारसामू पुराना मुद्दाहरु थुप्रै छन् । एमसीसी, एसपीपी, नागरिकता विधेयक, बिआरआईलगायतलाई कसरी सम्बोधन गर्ने ? नेपाल-भारत सीमामा देखिएका समस्याहरु र नेपाली जनताले भोगेका सास्तीबारे कसरी सम्बोधन गर्ने ? विदेशी नीति, आर्थिक मन्दीलाई कसरी व्यवस्थापन गर्ने ? गरिबी निवारण, शिक्षा र स्वास्थ्यमा देखिएका विकृतिका चाङ्गलाई कसरी हटाउने ? रोजगारीका अवसर जुटाउने र भ्रष्ट्राचारविरुद्धको अभियान, दीर्घकालिन विकासे आयोजनाहरुको निरन्तरता, प्रेमप्रसादजस्तै डिप्रेसनको भूमरीमा परेका कयौं युवाहरुको सम्बोधन आदि कुराहरुप्रति ध्यान दिन अत्यन्त जरुरी छ । यसको लागि सहपाठी दलहरु, देशी विदेशी शक्तिहरुप्रति सजग भई आम सर्वसाधारण जनताहरुको मागलाई पनि सम्बोधन गर्नुपर्ने देखिएकोले अहिलेको सरकारसामू जति अवसर हात परेको छ त्यत्तिकै मात्रामा चुनौतीका पहाडहरु पनि तेर्सिएका छ । हामी पुन: बाध्यकारी अपेक्षा गर्छौं कि सरकारले यी तमाम समस्याहरु क्रमिकरुपमा हल गर्दै जानेछ । प्रेमप्रसादको मुद्दालाई सम्बोधन मात्रै गर्दै आगामी समय यस्ता मुद्दाहरु उठ्न पनि दिने छैन ।

व्यवस्था परिवर्तनसँगै अवस्था परिवर्तनको अपेक्षा जनताले गरेका थिए । तर, अपेक्षा गरेअनुसार न्यूनतम अंशमा पनि परिवर्तनको महशुस जनताले गर्न सकेनन् । परिवर्तित व्यवस्थाबाट नयाँ कुरा पाउनु नसक्नु मात्रै होइन, थप समस्याहरु झेल्नुपर्दा जनतामा निराशा छाएको छ । जनताको निराशालाई आशामा बदल्नु सक्नु नै वर्तमान सरकारको चुनौति हो ।

## तपाईको राशिफल

- **मेष** : व्यक्तिगत काममा सफलता मिल्नेछ । मन प्रफुल्ल हुनेछ ।
- **वृष** : प्रभाव र सम्मानमा वृद्धि हुन्छ । दैनिक जीवन सुखी रहनेछ ।
- **मिथुन** : विरोधी सक्रिय रहन्छ तर, असफल हुन्छन् ।
- **कर्कट** : महत्वपूर्ण भेटघाट हुन्छ । यश बढ्नेछ ।
- **सिंह** : अनावश्यक जिम्मेवारी लिनु हुँदैन । व्यापारमा भने सफलता मिल्नेछ ।
- **कन्या** : सम्बन्धहरुमा विवाद हुने योग छ । स्वास्थ्य राम्रो रहनेछ ।
- **तुला** : नयाँ कार्यमा सावधानी राख्नुस् । विदेश यात्राको योग छ ।
- **वृश्चिक** : नयाँ काम बन्ने छ । रोजगार प्राप्तिको योग छ ।
- **धनु** : जीवनसाथीको सहयोग प्राप्त हुन्छ । अर्कामाथि भरोसा नगर्नु होला ।
- **मकर** : व्यापार-व्यवसायमा फाइदा हुनेछ । जनसम्पर्कमा वृद्धि हुनेछ ।
- **कुम्भ** : घर परिवारबाट अपेक्षित सहयोग प्राप्त होला । न्यायिक कार्यमा सफलता मिल्नेछ ।
- **मीन** : मुद्दा मामिलामा सफलता मिल्नेछ । शत्रु परास्त हुन्छन् ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम । सानेपा, काठमाडौं, नेपाल*
*फोन : ९८४१५९२५५२, इमेल : dhruvswamig@gmail.com*

# रेडियोलोजिष्टहरुको पेशागत सुरक्षा आवश्यक



**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, १४ माघ

नेपाल रेडियोलोजीकल सोसाईटी कर्णाली प्रदेशको प्रथम अधिवेशन शनिबार सुर्खेत वीरेन्द्रनगरमा सम्पन्न भएको छ। अधिवेशनले भुपेन्द्र शाहीको नेतृत्वमा ११ सदस्यीय समिति गठन गरेको छ। समितिको उपाध्यक्षमा प्रकाश केसी, मान बहादुर खत्री, सचिवमा गजेन्द्र काफ्ले, सहसचिवमा संजय थापा, कोषाध्यक्षमा महेन्द्र कँडेल र सहकोषाध्यक्षमा कालिबहादुर भण्डारी सर्वसम्मत चयन भएका छन्।

समितिको सदस्यहरुमा बेन्जु वि.क, रमा सिजापति, अग्र रोकाय, र मिलन अधिकारी, रहेका छन् । अधिवेशनले दुई सदस्यीय सल्लाहकार समिति गठन गरेको छ । जसमा महेन्द्रकुमार वलि र मकरबहादुर हमाल रहेका छन्। अधिवेशनको घोषणासभामा प्रमुख अतिथि कर्णाली प्रदेशका सामाजिक विकास विकासमन्त्री टेकराज पछाईले मेडिकल हबको रुपमा विकास हुँदै गएको सुर्खेतमा रेडियोलोजिष्टहरुको पेशागत सुरक्षा महत्वपूर्ण विषय भएको बताएका छन्।

यस्तै प्रदेश आयुर्वेदिक औषधालयका प्रमुख डा.शंकर रिजालले रोग पहिचानमा महत्वपूर्ण भूमिका खेल्ने रेडियोलोजिष्टको दरबन्दी सरकारी स्वास्थ्य संस्थाहरुमा अत्यन्त न्यून रहेको बताए । स्थानीय स्वास्थ्य संस्थाहरुमा रेडियोलोजिष्टहरुको माग भएतापनि सरकारी दरबन्दी छैन। सरकारी स्वास्थ्य संस्थाहरुमा अहेव र कार्यालय सहयोगीहरुको एक्सरे चलाइरहेको भन्दै उनले यस्तो अवस्थाको अन्त्य हुनुपर्ने बताए । व्यवसायिक सुरक्षा र स्वास्थ्य सुरक्षालाई ख्याल गर्दै काम गर्न आग्रह गर्दै रिजालले जनताले गुणस्तरीय सेवाको अनुभूति हुने गरी काम गर्न सुझाव दिए । कार्यक्रममा प्रदेश अस्पताल सुर्खेतका निर्देशक डाक्टर डम्मर खड्काले पालिकाहरुमा रेडियोलोजिष्ट दरबन्दी सिर्जना गर्नुपर्नेमा जोड दिए । एक्सरे विकिरण खतरा छ भन्ने थाहा हुँदाहुँदै पनि खतराको जोखिम कम गरेर स्वास्थ्य क्षेत्रमा धेरै नै फाइदा लिइरहेको उनले बताए । यसबाट आफू पनि बच्न र अरुलाई पनि बचाउन सबैले सहयोग गर्नुपर्ने डा. खड्काको भनाइ थियो ।

उनले जोखिम हुँदाहुँदै आफूलाई बचाउँदै अरुलाई बचाइरहेको चर्चा गर्दा विकिरणले क्यान्सर जस्तो खतरनाक रोग लाग्न सक्छ भन्ने जनचेतना जगाउन आवश्यक रहेको बताए ।

नेपाल रेडियोलोजिकल सोसाइटी नेपाल भरिका सम्पूर्ण रेडियोलोजी तथा रेडियोग्राफी स्वास्थ्यकर्मीहरुको छाता संगठन हो। देशभरिका सम्पूर्ण रेडियोग्राफी तथा रेडियोलोजी स्वास्थ्यकर्मीहरुलाई एकतावद्ध गर्दै व्यावसायिकता प्रवर्द्धन, व्यावसायिक हकहितको सुरक्षा तथा सेवाको गुणस्तर एवं सेवाग्राहीको उपभोक्ता अधिकारको प्रवर्द्धन गर्नु यस संस्थाको मुख्य उद्देश्य रहेको नेपाल रेडियोलोजिकल सोसाइटी कर्णाली प्रदेश सुर्खेतका संयोजक मकरबहादुर हमालले बताए ।

नेपालमा पछिल्लो आकँडा अनुसार रेडियोग्राफर तथा रेडियोलोजिष्ट गरी ४ हजार ५ सय भन्दा बढी रेडियोग्राफी रेडियोलोजी स्वास्थ्यकर्मीहरु नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भइसकेका छन् । अन्तर्राष्ट्रिय मापदण्ड, नेपालको ऐन कानून तथा नेपाल स्वास्थ्य व्यवसायी परिषद्को आचारसंहिता, स्वास्थ्य मन्त्रालयले जारी गरेको निर्देशिका अनुसार एक्सरे सेवा संचालन गर्न रेडियोग्राफी विषयमा कम्तीमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण भई नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको रेडियोग्राफर अनिवार्य हुनुपर्ने व्यवस्था रहेको छ ।

संयोजक हमालले भने,' एकातिर दक्ष जनशक्ति बेरोजगार भई बस्नपरेको छ भने अर्कोतिर सरकारी निजी अधिकांश अस्पतालहरुमा एक जना रेडियोग्राफर पनि नभएको बताए । आकस्मिक सेवा सहित २४ सैं घण्टा सेवा दिनुपर्ने जिल्ला तथा साविकका अञ्चल अस्पतालहरुमा समेत केवल एक जना मात्र रेडियोग्राफरको दरबन्दी रहेको अवस्था छ ।'

अधिकांश सरकारी स्वास्थ्य संस्थाहरु मै अदक्ष व्यक्तिहरुले सेवा सञ्चालन गरिरहेको भन्दै उनले पछिल्लो समयमा प्राथमिक स्वास्थ्य केन्द्र लगायतका स्वास्थ्य संस्थाहरुमा विभिन्न बहाना बनाएर केवलएक हप्ता तालिम गराइ असम्बन्धित र अदक्ष व्यक्तिहरुबाटै एक्सरे सेवा संचालन गरी रेडियोग्राफी पेशा र सेवाग्राहीको जिउज्यान खेलबाड गरिएको उनको आरोप लगाए ।

उनले थपे 'अझ दुःखद पक्ष त के छ भने स्वास्थ्य मन्त्रालय यो सबै व्यावसायिक अनियमिततामा बारम्बार सचेत गराइ रहँदा पनि मुकदर्शक बनेर बसेको छ ।' जहाँ एक्सरे सेवा संचालित छ त्यहाँ कम्तिमा एक जना दक्ष रेडियोग्राफर हुनैपर्ने भन्दै उनले अन्य रेडियोलोजी सेवाका लागि थप योग्यता भएका रेडियोग्राफी स्वास्थ्यकर्मी अनिवार्य हुने गरी विद्यमान ऐन कानुन र मापदण्ड अनुसारको दरबन्दी कायम गर्न माग गरे । रेडियोग्राफी कार्यक्रमहरुको समेत प्रबन्ध गर्न सरोकारवालासँग उनले अनुरोध गर्दै रेडियोगाफी स्वास्थ्यकर्मीहरुका उचित सेवासुविधा, नियमित तालिम र वृत्ति विकास गर्नुपर्ने बताए । पत्रकार माया थापाले सञ्चालन गरेको अधिवेशन कार्यक्रममा कर्णाली प्रदेशका सामाजिक मन्त्री टेकराज पछाई, वीरेन्द्रनगर नगरपालिकाका उपप्रमुख निलकण्ठ खनाल, नेपाल रेडियोलोजिकल सोसाइटी कर्णाली प्रदेश सुर्खेतका संयोजक मकर बहादुर हमाल, प्रदेश आयुर्वेदिक औषधालयका प्रमुख डा.शंकर रिजाल, स्वास्थ्य सेवा निर्देशनालयका प्रमुख रविन खड्का, प्रदेश अस्पतालका निर्देशक डा.डम्मर खड्का, कर्णाली प्रदेशका विभिन्न जिल्लामा आवद्ध रहेका रेडियोलोजिष्ट, रेडियोग्राफी, रेडियोग्राफर जिल्ला प्रशासन कार्यालयका कर्मचारी लगायत पत्रकारहरुको उपस्थिति रहेको थियो ।

# नेपाल शिक्षक संघ रुन्टीगढीको अध्यक्षमा डाँगी



**कमल खड्का/मध्यान्ह**
रोल्पा, १४ माघ

'शिक्षकको मर्यादित पेशा, विद्यार्थीको जीवन उपयोगी शिक्षा' भन्ने मूल नाराका साथ नेपाल शिक्षक संघ रुन्टीगढी गाउँपालिकाको पाँचौं साधारण सभा तथा दोस्रो अधिवेशन होलेरीमा सम्पन्न भएको छ ।

उक्त पाँचौं साधारण सभा तथा दोस्रो अधिवेशनले शिक्षक चेतलाल डाँगीको अध्यक्षतामा नयाँ कार्यसमिति गठन गरेको छ । त्यस्तै उपाध्यक्षमा शिक्षक कर्णबहादुर बस्नेत, सचिवमा शिक्षक खिमा महरा, अर्थ सचिवमा शिक्षक भक्तबहादुर केसी, सह सचिवमा शिक्षक जयन्द्री भन्डारी, अर्थ सह सचिवमा शिक्षक नारायन थापा र महिला उपाध्यक्षमा शिक्षक मिनाकुमारी बस्नेत चयन भएका छन् ।

त्यस्तै शिक्षक चन्द्रज्योति सेजवाल सह-सचिव समावेशी, शिक्षक प्रदिप परियार, सह-सचिव समावेशी, शिक्षक वसन्त हमाल, अमर थापा, पूर्ण कुवँर, टिकाबहादुर गिरी, मानबहादुर रावत, कृष्णबहादुर खड्का, कृष्ण बुढाथोकी, यमुना घर्ती (रोका) र अमृतबहादुर वली सदस्यमा चयन भएका छन् ।

नेपाल शिक्षक संघका निवर्तमान अध्यक्ष शिक्षक रेशम बुढाथोकीको अध्यक्षता तथा रुन्टीगढी गाउँपालिका नेपाल शिक्षक संघको आयोजनामा भएको कार्यक्रममा प्रमुख अतिथि गाउँपालिका अध्यक्ष जनक पुन रहेका थिए । कार्यक्रमको स्वागत मन्तव्य नेपाल शिक्षक संघका कोषाध्यक्ष शिक्षक कर्णबहादुर बस्नेतले राखेका थिए भने कार्यक्रम सञ्चालन संघका सचिव शिक्षक टिकाराम सेजवालले गरेका थिए ।


## Bhageshwor Rural Municipality
## Office of the Rural Municipal Executive
**Bagarkot, Dadeldhura**
**Sudurpashim Province, Nepal**

## Invitation for Bids

**IFB NO. : BRM/DAD/Works/NCB/02/079/080**
**Date of publication: 2079/10/15**

1. ***Bhageshwor Rural Municipality Office Of Rural Municipal Excutive*** invites electronic bids from Nepalese eligible bidders for the following works under National Competitive Bidding procedures.

| S.No. | Contract Identification No. | Description of Works | Estimated Amount (with VAT & PS) (Nrs) | Bid security Amount (Nrs) | Date, Time and Place Of Pre-Bid Meeting | Last Date and Time Of Bid Submission | Date, Time and Place Of Bid Opening |
|---|---|---|---|---|---|---|---|
| 1 | BRM/DAD/NCB /Works/079/080/02 | Construction Of Ward Office Building, ward no. 5 | 1,15,95,027.67 | 3,00,000.00 | 2079/10/29 Time 14:00 hrs, Place: Bhageshwor RM office Bagarkot | 2079/11/17 Time 12:00 hrs | 2079/11/17 Time 14:00 hrs, Place: Bhageshwor RM office Bagarkot |

**Bidding procedures.**
1. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Bhageshwor Rural Municipality, Bagarkot Dadeldhura, Email: ito.bhageshwormun@gmail.com, or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
2. Information to deposit the cost of bidding document in Bank:

**Name of the Bank** : **Sanima Bank, Bhageshwor Branch**
**Account Name** : **BHAGESHWOR GA.PA. ANTARIK RAJASHWO KHATA GA. 1.1**
**Office Account No.** : **070010040000002**

**Chief Administrative Officer**



## Sunkoshi Rural Municipality
## Office of the Rural Municipal Executive
**Ramtar, Sindhuli**

## INVITATION FOR BIDS

**Second date of publication: 2079/10/15**

1. The Sunkoshi Rural Municpality, Sindhuli invites sealed electronic bids from eligible bidders for the Procurement of Works under procedures specified in Public Procurement Act and Regulations.

| S. N. | Contract No. | Description of work | Estimated amount without VAT Nrs. | Bid Security Amount Nrs. | Bid Validity Period | Last Date of Bid Submission | Cost of Bid-Document | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| 1 | SUNRM/SQ/ 16/079/080 | Redcross Chowk Kotgaun Road Upgradation Works(Work start point Chainage 0+500; Major Works at Darimbot, Simpani and Pipaldanda section) | 17,29,390.54 | 50,000.00 | 45 Days from Bid opening | 2079/11/01, 12:00 Hours | NRs. 1,000/- | Sealed Quotation /Second Date of Publication |
| 2 | SUNRM/SQ/ 17/79/080 | Ganesthan Bhorleni Lakhanpur Road Upgradation Works ; Major works at Bhusune-Lakhanpur Section | 17,29,249.05 | 50,000.00 | 45 Days from Bid opening | 2079/11/01, 12:00 Hours | NRs. 1,000/- | Sealed Quotation /Second Date of Publication |
| 3 | SUNRM/SQ/ 19/079/080 | Ganesthan Chowk Kotgaun Road upgradation works(Bhorleni Bhadaure Kotgaun Section) | 17,29,271.16 | 50,000.00 | 45 Days from Bid opening | 2079/11/01, 12:00 Hours | NRs. 1,000/- | Sealed Quotation /Second Date of Publication |

2. Bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.(Contract no and Name of the bidder must be included in the voucher otherwise rejected)
Information to deposit the cost of bidding document in Bank:
Cost of Bid-Document for each package: As mentioned above (Non Refundable)
Name of the Bank: Rastriya Banijaya Bank, Ratamata Branch, Sindhuli
Name of Office: Sunkoshi Rural Municipality Office, Sindhuli
Account no :- 1480100301010002
Office Code no:- 801032508
3. Interested Bidders shall submit the electronics bids/ hard copy bids to the office of Sunkoshi Rural Municipality, Sindhuli through PPMO website or to the Office of Sunkoshi Rural Municipality, Ramtar, Sindhuli as mentioned in the above table.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at in the last date of submission at 13:00 hours at the office of Sunkoshi Rural Municipality, Sindhuli.
5. Bids must be valid for a period of 45 days from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format as mentioned which shall be valid for 30 days beyond the validity period of the bid. If bidder wishes to submit the cash security, the cash to be deposited in Deposit Account No. 1480100303000002 and submit receipt of deposited amount.
6. If the specified last date of bid document purchasing and submission/ opening falls on a Government holiday then the same time on the next working day shall be considered for such events. However, the last date for bid submission and opening shall be the next working day after the last date of bid purchasing. In such case the validity of bid security shall be considered from already specified last date for bid submission.
7. All government rules and regulations shall be according to Procurement act of Nepal. The Rural Municipality office reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
8. The detailed information of the bid can be studied respectively from www.bolpatra,gov.np/egp.

**Chief Administrative Officer**

# नेपाल क्षयरोग निवारण संस्था बाँके शाखाको सम्मान

**पवन जायसवाल/मध्यान्ह**
नेपालगन्ज, १४ माघ



नेपाल क्षयरोग निवारण संस्था बाँके शाखाले ४ जनालाई सम्मान गरेको छ। गत मंसिर ४ गते सम्पन्न निर्वाचनमा नवनिर्वाचित प्रदेश सभा सदस्य मीना श्रेष्ठ, नेपालगन्ज उप-महानगरपालिकाका मेयर प्रशान्त विष्ट, उप-मेयर कमरुद्दीन राई, वडा नं. नं.६ का वडाध्यक्ष समीर प्रताप सिंह दोसल्ला ओढाई सम्मान-पत्र सहित सम्मान गरिएको छ । सम्मानित व्यक्तित्वहरुको सम्मान-पत्र नेपाल क्षयरोग निवारण संस्था बाँके शाखा पूर्व सभापति पूर्णलाल चुकेले पढेर सुनाएका थिए ।

नेपाल क्षयरोग निवारण संस्था बाँके शाखाका सभापति बदरुद्दीन अन्सारीको अध्यक्षतामा सम्पन्न तथा सचिव नरेन्द्र श्रेष्ठद्वारा सञ्चालित कार्यक्रममा प्रमुख अतिथि तथा प्रदेश सभा सदस्य मीना श्रेष्ठले शुभकामना मन्तव्य व्यक्त गर्दै आफ्नो एक महिनाको तलब यस संस्थालाई सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरेका थिए । उनी संस्थामा २०३९ सालदेखि निरन्तर रुपमा आवद्ध तथा आजीवन सदस्य थिए ।

सो अवसरमा संस्थाका पूर्व अध्यक्ष तथा भवन निर्माण समितिका संयोजक पूर्ण लाल चुकेले संस्थाको स्थापना कालदेखिको गतिविधिका बारेका प्रकाश पार्दै संस्थाको गत वर्ष सम्मपन्न केन्द्रीय अधिवेशन, भवन र बाउण्डरी वाल निर्माणको लागि नेपालगन्ज उप-महानगरपालिका र अन्य दाताहरुबाट रु.१४ लाख ८५ हजार ९३४ प्राप्त भएकोमा अधिवेशनको लागि रु. ४ लाख ९ हजार २०४ खर्च भएको र भवन र बाउण्डरी वाल निर्माणमा रु. १० लाख ७६ हजार ७३० खर्च भएको विवरण प्रस्तुत गरेका थिए ।

सो अवसरमा सम्मान पछि नगर प्रमुख प्रशान्त बिष्टले नेपालगन्ज उप-महानगरपालिकाबाट सहयोग गर्ने बताएका छन् । यसैगरी वडा नं.६ का वडाध्यक्ष समीरप्रताप सिंहले पनि वडा कार्यालयमा सीमित बजेट भए पनि सहयोग गर्ने प्रतिवद्दता जनाए ।

भवन निर्माणका लागि सहयोग गर्ने दाताहरुलाई भवन निरीक्षणसमेत गराउने उद्देश्यले आयोजना गरिएको सो कार्यक्रममा संस्थाका केन्द्रीय सदस्य सेमराज शाक्य, उपाध्यक्ष डा.ज्ञानकुमार वर्मा, सदस्य वसन्त लामिछानेले मन्तव्य व्यक्त गर्दै सहयोगी मनहरुलोई सहयोग गर्न अनुरोध गरेका थिए ।

कार्यक्रममा संस्थाका निर्वतमान सभापति शान्ति श्रेष्ठ, पूर्व सभापति माधुरी शर्मा, महिला जागृति सेलका अध्यक्ष लक्ष्मी श्रेष्ठ, कोषाध्यक्ष ज्ञानेन्द्रकुमार श्रेष्ठ, सह-सचिव रचना श्रेष्ठ, कार्य समितिका सदस्यहरु ज्ञानु श्रेष्ठ, डा. सुभाष योगी, जनकराज भण्डारी, सुन्दरलाल शाक्य, दाताहरु मुरलीधर शर्मा, रामबहादुर सुनार, धनप्रसाद धिताल, उपासना थारु लगायतको सहभागिता रहेको थियो ।

कार्यक्रममा नेपालगन्ज उप-महानगरपालिकाका मेयर प्रशान्त विष्ट र महिला जागृति सेलका अध्यक्ष लक्ष्मी श्रेष्ठलाई नेपाल क्षयरोग निवारण संस्था बाँकेको आजीवन सदस्यता र संस्थाको व्याच लगाएर स्वागत गरिएको थियो ।

## Invitation for Bids

**Himali Rural Municipality**
**Office of the Municipal Executive**
**Dhulachaur, Bajura**

**Invitation for Bids No:HRM/NCB/WORKS/BUILDING/1S2E/01/2079/80**

**Date of publication: 29/01/2023**

1. Himali Rural Municipality Office of Municipal Executive Dhulachaur Bajura towards the cost of Himali Cold Store Building Construction Work and intends to apply part of the funds to cover eligible payments under the Contract for HRM/NCB/WORKS/BUILDING/1S2E/01/2079/80 Bidding is open to all eligible as per Section V of bidding document.
2. Himali Rural Municipality invites sealed bids or electronic bids from eligible bidders for the construction of Himali Cold Store Building Construction Work under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - ***Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: 3,00,00,000/-***
   - ***Minimum Work experience of similar size and nature: Projects Of Similar Nature building of Minimum cost 1,75,00,000/-***
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Himali Rural Municipality Office Of Municipal Executive Dhulachaur, Bajura Email ***ito.himalirulmun@gmail.com*** or may visit PPMO e-GP system ***www.bolpatra.gov.np/egp.***
5. A complete set of Bidding Documents may be purchased from the office Himali Rural Municipality] and the office [Dhulachaur] by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of 5000/- till [27/02/2023] during office hours.
   Or
   Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system ***www.bolpatra.gov.np/egp***. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below.
   Information to deposit the cost of bidding document in Bank:

| | | |
|---|---|---|
| **Name of the Bank** | : | **Sanima Bank Limited Himali Branch Bajura** |
| **Name of Office** | : | **Dhulachaur, Bajura** |
| **Office Code no.** | : | **801076909** |
| **Office Account no.** | : | **074010040000007** |
| **Rajaswa (revenue) Shirshak no.** | : | **14229** |

6. Pre-bid meeting shall be held at Himali Rural Municipality Dhulachaur Bajura at 15/02/2023.
7. Sealed or electronic bids must be submitted to the office PPMO's e-GP system ***www.bolpatra.gov.np/egp*** on or before 12:00 noon 28/02/2023. Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 28/02/2023 at 14:00 at the office of Himali Rural Municipality Dhulachaur Bajura Bids must be valid for a period of 120 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid,\amounting to a minimum of 550000/-], which shall be valid for 30 days beyond the validity period of the bid
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

## दुल्लू नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**दुल्लू, दैलेख**
**कर्णाली प्रदेश, नेपाल**

### दरभाउपत्र/बोलपत्र रद्ध गरिएको सूचना

**प्रकाशित मिति २०७९/१०/१३**

प्रस्तुत विषयमा यस कार्यालयबाट गते आ.व. ०७८/०७९ र चालु आ.व. ०७९/०८० मा कार्यान्वयन हुने गरी सार्वजनिक खरिद प्रक्रियाका माध्यामबाट दरभाउ पत्र/बोलपत्र आव्हान गरिएकोमा अर्को सूचना नभए सम्मका लागि तपसिलका दरभाउपत्र/बोलपत्र सार्वजनिक खरिद ऐन २०६३ को नियम ३६ (क) र (ग) बमोजिम रद्ध गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि सूचना प्रकाशन गरिएको छ ।

**तपसिल :**

| क्र.सं. | ठेक्का नं. | योजना तथा कार्यक्रमको नाम | ठेक्का रद्ध हुनुको कारण | कैफियत |
|---|---|---|---|---|
| १ | Works/ NCB/12/2079/80 | शान्तिबजार, बगौरा, नेपा सडक स्तरउन्नती तथा टिमुरगाउँ पहिरो नियन्त्रण दुल्लू न.पा. ४ | सम्बन्धित योजना दुल्लू स्मार्ट सिटी अन्तर्गत कार्यान्वयन हुने गरी स्वीकृत भएको र शहरी विकास तथा भवन निर्माण विभाग संघीय आयोजना कार्यान्वयन इकाई विरेन्द्रनगर, सुर्खेतबाट खरिद प्रक्रिया लगायतका कार्यहरु अगाडी बढेकाले यस कार्यालयबाट मिति २०७९/०७/२० गते प्रकाशित गरिएको सूचना बमोजिमको कार्य रद्ध गरिएको | |
| २ | Works/ NCB/14/2079/80 | डिड्डाधारा सियालागाउँ मडासैन पिप्लाखाली राजाकाँध सडक तथा नाला निर्माण दुल्लू न.पा. १० | सम्बन्धित योजना दुल्लू स्मार्ट सिटी अन्तर्गत कार्यान्वयन हुने गरी स्वीकृत भएको र शहरी विकास तथा भवन निर्माण विभाग सघीय आयोजना कार्यान्वयन इकाई विरेन्द्रनगर, सुर्खेतबाट खरिद प्रक्रिया लगायतको कार्यहरु अगाडी बढेकाले यस कार्यालयबाट मिति २०७९/०७/२३ गते प्रकाशित गरिएको सूचना बमोजिमको कार्य रद्ध गरिएको | |
| ३ | Works/ NCB/13/2079/80 | Supply & Delivery of a 4WD Backhoe Loader with Breaker at Dullu Municipality | सम्बन्धित मेसिनरी उपकरण खरिदमा टेक्निकल डकुमेन्ट इ–बिड प्रक्रियामा अपलोड हुन छुट भएकाले खरिद प्रक्रिया अनुसार पेश भएका बोलपत्रदाताहरुको बोलपत्र मूल्यांकन प्रक्रियामा समावेश गर्न नसकिने भएको हुँदा यस कार्यालयबाट मिति २०७९/०७/२० गते प्रकाशित गरिएको सूचना रद्ध गरी पुनः खरिद प्रक्रियामा जाने | |
| ४ | सूचना प्रकाशित मिति २०७९/०१/२७ (क्याटलग सपिङ विधि) | दुल्लू न.पा. १३ मालिका स्वास्थ्य चौकीको एम्बुलेन्स खरिद | उक्त एम्बुलेन्स खरिदका लागि विनियोजित बजेट अपुग भई थप रकमको स्रोत सुनिश्चितता नभएकाले अर्को सूचना नभए सम्मका लागि उक्त खरिद कार्य रद्ध गरिएको | |

**प्रमुख प्रशासकीय अधिकृत**

## Mahakulung Rural Municipality
## Office of the Rural Municipal Executive
**Solukhumbu, Province 1, Nepal**

### Invitation for Bids for the Procurement of medicines

***Contract Identification No: MRM/079/80/goods02***
**Date of publication: 29-01-2023 00:00**

1. The Government of Nepal has allocated funds to cover eligible payment under the Contract for Procurement of medicines (IFB No: MRM/079/80/goods02). Bidding is open to all eligible Nepalese and Foreign Bidders.[defined in the guidelines]
2. The Mahakulung Rural Municipality invites sealed and or electronic bids from eligible bidders for the procurement of Procurement of medicines under National Competitive Bidding procedures specified in Public Procurement Act and Regulations.
   [Note: In case of IFB to be published as slice basis the Purchaser may add following information: The bidder may submit the bid for single or more slices as mentioned below and offer discounts/ cross discounts. Evaluation will be done slice by slice basis, with contracts awarded based on the award combination that is of least cost to the Purchaser.]
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Mahakulung Rural Municipality, Solukhumbu, Province 1, Nepal or may visit PPMO egp system website www.bolpatra.gov.np/egp.
4. If hardcopy is allowed then a complete set of Bidding Documents may be purchased from the office Mahakulung Rural Municipality, Solukhumbu, Province 1, Nepal by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs 1000.0 till 28-02-2023 12:00 during office hours.
   OR
   A complete set of Bidding Documents may be purchased from the following bank/office by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of 1000.0 NRs till 28-02-2023 12:00. If so requested Bidding Documents can also be sent by post/ service upon payment of additional fee for post/courier. However the Employer will not be responsible for delay or non-delivery of the document to sent.
   **Name of the Bank: Everest Bank Ltd.**
   **Name of the Office: Mahakulung Rural Municipality, Solukhumbu**
   **Office Account no: 08300106200008**
   **Rajaswa (revenue) Shirshak no: GA-01.1 AANTRAIK RAJASWA KHATA MAHAKULUNG GA.PA.**
5. Pre-bid meeting shall be held at Mahakulung Rural Municipality Solukhumbu Province 1, Nepal at 08-02-2023 12:00
6. Sealed or Electronic bids must be submitted to the office Mahakulung Rural Municipality Solukhumbu, Province 1, Nepal through PPMO website www.bolpatra.gov.np. on or before 28-02-2023 12:00. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 28-02-2023 14:00 hours at the office of Mahakulung Rural Municipality, Solukhumbu, Province 1, Nepal.
   Bids must be valid for a period of 120 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of 55000.0 NRs which shall be valid for 30 days beyond the validity period of the bid.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

# विनयी त्रिवेणी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
**दुम्किवास, नवलपरासी (वर्दघाट सुस्ता पूर्व)**
**गण्डकी प्रदेश, नेपाल**

## नदीजन्य पदार्थको बिक्रका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०७९/०९/१२**
**दोस्रो पटक प्रकाशित मिति २०७९/१०/१५**

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ६२ क, र यस विनयी त्रिवेणी गाउँपालिका आर्थिक ऐन, २०७४ को व्यवस्था तथा गाउँकार्यपालिकाको मिति २०७९/०९/०३ गतेको निर्णय बमोजिम तपशिलमा उल्लिखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी विनयी त्रिवेणी गाउँपालिकाले तोकेको दरमा बिक्रि गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मुल्य अभिबृद्धी कर दर्ता प्रमाण, आ.व. २०७८/०७९ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणीत प्रतिलिपि संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारी को लागि यो सुचना प्रकाशन गरीएको छ।

**तपसिल :**

| सि.न. | बोलपत्र नं. | बोलपत्रको विवरण | GPS Point | | उत्खनन् परिमाण (घन फिट) | न्युनतम बोलपत्र रकम (सेवाशुल्क र मु.अ कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | तल्लो बिन्दु: | माथिल्लो बिन्दु: | | | | | |
| १ | 10/NCB/Rev/ BT/2079-080 | सि.जी सिमेन्ट देखी चोखाघाट सम्मको खण्ड | २७°३६'८.५७"N ८३°५२'१८.८९"E | २७°३६'१९.२४"N ८३°५१'११.९४"E | ११९७३४८।०० | ११९७३४८०।०० | ६८००००।०० | ३०००।०० | |
| २ | 11/NCB/Rev/ BT/2079-080 | चोखाघाट देखी सिलौटेपूल सम्मको खण्ड क | २७°३६'५८.२३"N ८३°५१'२२.२३"E | २७°३७'५७.५०"N ८३°५१'४२.३२"E | ११९७३४८।०० | ११९७३४८०।०० | ६८००००।०० | ३०००।०० | |
| ३ | 12/NCB/Rev/ BT/2079-080 | चोखाघाट देखी सिलौटेपूल सम्मको खण्ड ख | २७°३७'५७.५०"N ८३°५१'४२.३२"E | २७°३८'४८.६०"N ८३°५१'४२.८०"E | ९६१२६९।१२ | ९६१२६९१।२० | ५५००००।०० | ३०००।०० | |
| ४ | 13/NCB/Rev/ BT/2079-080 | सिलौटेपूल देखी पाखापानी सम्मको खण्ड १ | २७°३९'९.३५"N ८३°५०'५५.९१"E | २७°३९'७.३२"N ८३°५०'३९.६९"E | २९३०५३।५७ | २९३०५३५।७२ | १७००००।०० | ३०००।०० | |
| ५ | 14/NCB/Rev/ BT/2079-080 | सिलौटेपूल देखीपाखापानी सम्मको खण्ड २ | २७°३९'४.६९"N ८३°५०'४.४२"E | २७°३९'१२.७४"N ८३°४९'४०.५१"E | ९१५०४९।३७ | ९१५०४९३।६८ | ५२००००।०० | ३०००।०० | |
| ६ | 15/NCB/Rev/ BT/2079-080 | पाखापानी देखी मसान मजुवा सम्मको खण्ड १ | २७°३९'५२.४७"N ८३°४९'८.१९"E | २७°४०'५.६९"N ८३°४७'४८.७७"E | ११९७३४८।०० | ११९७३४८०।०० | ६८००००।०० | ३०००।०० | |
| ७ | 16/NCB/Rev/ BT/2079-080 | पाखापानी देखी मसान मजुवा सम्मको खण्ड २ | २७°४०'२५.३९"N ८३°४७'३.११"E | २७°४०'४१.६८"N ८३°४६'०.४७"E | ११९७३४८।०० | ११९७३४८०।०० | ६८००००।०० | ३०००।०० | |
| ८ | 17/NCB/Rev/ BT/2079-080 | मसान मजुवा देखि खुमबारी सम्मको खण्ड | २७°४०'४३.७६"N ८३°४४'३९.९६"E | २७°४०'५०.४७"N ८३°४४'३२.८०"E | ११९७३४८।०० | ११९७३४८०।०० | ६८००००।०० | ३०००।०० | |
| ९ | 18/NCB/Rev/ BT/2079-080 | खुमबारी देखि चिदिया सम्मको खण्ड | २७°४०'४२.२६"N ८३°४५'५८.३७"E | २७°४०'४३.७६"N ८३°४४'३९.९७"E | ११९७३४८।०० | ११९७३४८०।०० | ६८००००।०० | ३०००।०० | |
| १० | 19/NCB/Rev/ BT/2079-080 | गंगटे खोलाको बगर क्षेत्र | २७°३६'५३.२३"N ८३°५०'११.००"E | २७°३६'५४.४४"N ८३°४९'१०.४७"E | ७२१७१४।७५ | ७२१७१४७।५२ | ४१००००।०० | ३०००।०० | |
| ११ | 20/NCB/Rev/ BT/2079-080 | सुनही खोलाको तल्लो खण्ड | २७°३९'२०.३६"N ८३°५२'१०.१५"E | २७°३९'४२.२७"N ८३°५२'२०.७५"E | ३१४४८९।२८ | ३१४४८९२।८० | १८००००।०० | ३०००।०० | |
| १२ | 21/NCB/Rev/ BT/2079-080 | सुनही खोलाको माथिल्लो खण्ड १ | २७°४०'१७.६३"N ८३°५३'१०.७३"E | २७°४०'१३.५६"N ८३°५३'२२.१६"E | ८६५३४।०० | ८६५३४०।०० | ५००००।०० | ३०००।०० | |
| १३ | 22/NCB/Rev/ BT/2079-080 | सुनही खोलाको माथिल्लो खण्ड २ | २७°३९'५७.९३"N ८३°५२'३५.५१"E | २७°४०'७.४४"N ८३°५२'५६.३०"E | ४४३०५४।०८ | ४४३०५४०।८० | २५५०००।०० | ३०००।०० | |
| १४ | 23/NCB/Rev/ BT/2079-080 | खोरंडी खोला | २७°३९'४९.३९"N ८३°५१'२०.३९"E | २७°४०'१३.०९"N ८३°५१'२९.४२"E | २१५०९८।८० | २१५०९८८।०० | १२५०००।०० | ३०००।०० | |

**शर्तहरु :**

१. फर्मको हकमा नविकरण भएको दर्ता प्रमाणपत्र, मुल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्र, आ.व. २०७८/०७९ को कर चुक्ता प्रमाणपत्रको प्रमाणीत प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिककताको प्रमाणपत्रको प्रमाणीत प्रतिलिपि बोलपत्र फाराम बापत यस कार्यालयमा नगदै तिरेको वा सिद्धार्थ बैंक शाखा कार्यालय दुम्किवास मा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं. ००८१५४१३०७८ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले २०७९।११।०१ गते १२:०० बजे सम्म विधुतीय माध्यमबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ। तोकिएको बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यायलयको www.bolpatra.gov.np बाट सम्बन्धि कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ। तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको माथि उल्लेखित बैंक खातामा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ। बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक दिन पर्न गएमा सोको लगत्तै पछीको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ।

२. बोलपत्र सम्बन्धि फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अंक अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। आफुले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको सिद्धार्थ बैंक शाखा कार्यालय दुम्किवासमा रहेको धरौटी खाता नं. ००८१५१५३३२६ मा जम्मा गरी सो को सक्कल बैंक भौचर वा इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिनको म्याद सहित जारी गरीएको बैंक ग्यारेन्टी (बिड बण्ड) सिलबन्दी खाम साथ पेश गर्नुपर्नेछ।

३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी खाम बाहिर फर्मको नाम ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं. मोबाइलल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सुचना प्रकाशित भएको मितिले २०७९।११।०१ गतेका दिन दिनको १२:०० बजे भित्र विधुतीय माध्यमबाट बोलपत्र प्रति दर्ता गर्नुपर्नेछ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन। रीतपुर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २०७९।११।०१ गते १:०० बजे पछी विभिन्न कार्यालयको प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालय खोलिनेछ।साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन। ऊक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरीनेछ।

५. प्रि-बिड बैठक यो सुचना प्रकाशित मितिले २०७९/१०/२० गतेका दिन दिनको १:०० बजे विनयी त्रिवेणी गाउँपालिकाको कार्यालयमा हुनेछ। ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नुहुनेछ।उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपलट सोही समयमा हुनेछ।

६. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। म्याद नाघि रित नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्विकार गर्न यस कार्यालय बाध्य हुने छैन। बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

७. बोलपत्र स्विकृत भएमा सोको सुचना पाएको वा सुचना टाँस भएको मितिले १५ दिनभित्र मु.अ.क. दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्तावापत ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ। दोस्रो किस्ता वापत ५० प्रतिशतले हुने रकम नेपाल राष्ट बैंकबाट ईजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा २०८० साल असार मसान्त सम्म म्याद सहित जारी बैंक ग्यारेन्टी (परफमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ। दोस्रो किस्ता वापत ५० प्रतिशतले हुने रकम जेष्ट मसान्त भित्र अनिवार्य बुझाउनुपर्नेछ। साथै बोलपत्र कबोल गर्ने व्यक्ती वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३% भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ। नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउन् पर्नेछ।

८. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत नियमानुसार बोलपत्र बन्दोबस्त गरीनेछ। यस गाँउपालिकाका नदि तथा नदीहरुको उत्खनन् क्षेत्र र परीमाणका सन्दर्भमा स्थानिय सरकार सञ्चालन ऐन ,२०७४, सम्बन्धित स्थानिय तहबाट जारी भएका कानुन, प्रदेश कानुन तथा अन्य प्रचलित कानुन वा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौता अभिन्न अंग मानिनेछ।

**ठेक्का सम्बन्धी अन्य शर्तहरु:**

१. ठेक्का अवधि पट्टा पत्र पाएको मितिदेखि २०८० साल जेठ मसान्तसम्म रहनेछ। तर ठेक्कामा माल समानको परिमाण यकिन भएको र परिमाण अनुसार कै ठेक्का अंक कायम गरिएकोले आवश्यक प्रकृया पुरा गरी उक्त परिमाण सो भन्दा कम अवधिमा पनि विक्री निकासी गर्न सकिने छ, साथै परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द हडताल आदिका कारण केही दिन काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षति पूर्तित दावी गर्न पाईने छैन। यकिन भएको परिमाण भन्दा बढी परिमाण विक्री निकासी गरेको भेटिएमा बढी भएको परिमाणको थप रकम कबोल दर अनुसार गाउँपालिकामा भुक्तानी पर्ने छ। (IEE) प्रतिवेदनले उल्लेख गरेको परिमाण भन्दा बढी र निषेध गरेको अवधिमा नदी क्षेत्रबाट सामाग्री उत्खनन् गर्न पाइनेछैन तर विभिन्न स्थानमा थुपारी राखिएको मौज्दात सामाग्री विक्री तथा निकासी गर्न सकिनेछ।

२. धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइनेछैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ।

३. ठेक्का सम्झौता भए पश्चात प्रत्येक महिना उत्खनन र विक्रि वितरण गरिएको यथार्थ परिमाण खुलाइ गाउँपालिकामा विवरण पेश गर्नु पर्ने छ।

४. ठेक्का कबोल गर्ने फर्म वा कम्पनीले तोकेको कर उठाउँदा प्रयोग गर्ने विक्री तथा निकासी तर्फका रसिदहरु फर्म वा कम्पनिले आफ्नो तर्फबाट छुट्टाछुट्टै छपाई उक्त रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ। प्रमाणित नगरेको रसिदबाट कर उठाएको पाइएमा नियमानुसार कारवाही गरिनेछ। माथि उल्लेख गरिएका रसिदहरुबाट आम्दानी गरिएको रकम विक्री तथा निकासी आय खातामा मू.अ.क. को हिसाब निकाल्नको लागि रसिद नं. को क्रम अनुसार लेखाङ्कन गरी खाता र रसिद वार्षिक रुपमा गाउँपालिकामा बुझाउँनुपर्नेछ।

५. ठेक्कामा कुनै विवाद भएमा गाउँकार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

६. गाउपालिकालाई बुझाउँनु पर्ने बाँकी बक्यौता भएको फर्मको बोलपत्र स्वीकृत हुनेछैन।

७. प्रत्येक ठेक्काको छुट्टाछुट्टै बोलपत्र र कागजात पेश गर्नुपर्नेछ।

८. ढुङ्गा, गिटी, वालुवा, ग्राभेल, आदिको कर प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले निषेध गरेका स्थानमा वसी संकलन गर्न पाईने छैन।

९. नदिजन्य पदार्थको उत्खनन विहान सूर्योदयदेखि वेलुका सुर्यास्तसम्म मात्र गर्न पाइने छ।

१०. तोकिएको समयमा तोकिएको किस्ता रकम बुझाउनु पर्नेछ। अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा पेश गरिएको बैंक जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम असुल उपर गरिनेछ। सो मा ठेकेदारले कुनै किसिमको हर्जाना दावी गर्न पाउनेछैन।

११. कुनै किसिमको परिस्थिती देखाई ठेक्का रकम मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुनेछैन।

१२. ढुंगा, गिट्टी, बालुवा रोडा आदिको संकलन, उत्खनन तथा निकासीका सम्बन्धमा जिल्ला स्तरीय अनुगमन समितिले दिएका सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नुपर्नेछ।

१३. नदिजन्य पदार्थलाई घाटगद्धि गाउँपालिकावाट स्वीकृत लिइ गर्नु पर्नेछ, नदिजन्य पदार्थलाई घाटगद्धि गरेर परिमाण नापजांच गरि मात्र बिक्रि वितरण गर्नुपर्ने छ।

१४. ढुंगा, गिट्टी, बालुवा रोडा आदिको संकलन, उत्खनन तथा निकासीका सम्बन्धमा गण्डकी प्रदेशबाट जारी गरिएको ढुङ्गा गिट्टि,वालुवा उत्खनन, संकलन, क्रसिङ र विक्री वितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालनलाई व्यवस्थित गर्ने कार्यविधी २०७५, विनयी त्रिवेणी गाउँपालिकाको वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७७, विनयी त्रिवेणी गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि २०७७, ढुङ्गा गिट्टि, वालुवा उत्खनन, विक्री तथा व्यवस्थापन सम्बन्धि मापदण्ड २०७७, चुरे क्षेत्रमा विकास निर्माण गर्दा अवलम्बन गर्नुपर्ने कार्यविधि तथा मापदण्डहरु २०७७ र अन्य प्रचलित नियमको मापदण्ड ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नुपर्नेछ।

१५. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन कानून तथा ठेक्का स्वीकृति पश्चात गरिने सम्झौता अनुसार हुनेछ।

१६. अन्य विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ।

१७. अन्य कुराहरु नेपाल सरकारको प्रचलित ऐन कानून बमोजिम हुनेछ।

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१५ माघ २०७९, आइतबार
29 January 2023, Sunday

# कतारमा राजु लामाका साथमा मनाइयो सोनाम ल्होछार



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, १४ माघ

कोरोना महामारी र फिफा वर्ल्डकपपछि कतारमा नेपालबाट कलाकार आमन्त्रण गरी सांस्कृतिक कार्यक्रम गर्नु असम्भव जस्तै भइरहेको छ । लामो समयको यो खाडललाई ‘मङ्गोलियन हर्ट’का भोकलिस्ट राजु लामाले चिरेका छन् । ‘सोनाम ल्होछार-२८५९ लाई भव्य रूपले सफल पारौँ, ग्रेन गे दिम खरिदको लागि आर्थिक अभियान पूरा गरौं’ मूल नाराकासाथ नेपाल तामाङ घेदुङ प्रवास कार्यसमिति कतारद्वारा आयोजित सोनाम ल्होछार कन्सर्ट-२०२३ मा आफ्नो साङ्गीतिक प्रस्तुति दिन लामा कतार आएका थिए ।

कतारमा गत आइतबारबाट नै परेको झरी, चिसो मौसम र अबेला गरी खुलेको दिनको सदुपयोग लामाले मज्जाले गरे । करिब दुई हजार दर्शक उपस्थित भएको ओसिस बीच क्लबको प्राङ्गणमा नेपालको झण्डा बोकेर मेरो नेपाल भन्ने गीत गाउँदै स्टेज उक्लेका उनले आफ्ना अधिकांश हिट नम्बरहरू प्रस्तुत गरे । दुई चरण गरेर आफ्ना साङ्गीतिक प्रस्तुति दिएका उनले दर्शक दीर्घाबाट वान्स मोर पाइरहे । रातको करिब ८ बजेसम्म लामालाई दर्शकले साथ दिइरहे । लामासँगै दर्शकले गाउँदै नाच्दै भरपुर मनोरञ्जन लिए । ज्योज्यो नामले परिचित लामाले पर्यावरणको सुरक्षाको लागि आफूले सगरमाथा आरोहण गरेको र काभ्रेको मादन कुडारीमा ५ हजार वृक्ष रोपण गरेको बताउँदै सबैले कम्तीमा एउटा-एउटा विरुवा रोप्न आग्रह गरे ।

सांस्कृतिक झाँकी, तामाङ सेलो, ताम्बा नाच, लामा नाच, म्हेन्दोमायालगायत विभिन्न नेपाली तथा तामाङ सांस्कृतिक प्रस्तुति रहेको कार्यक्रममा काठमाडौं म्युजिकल ब्यान्डलेसमेत आफ्ना प्रस्तुति दिएको थियो । जनक थापा मगरको कोरियोग्राफीमा नेपाली मौलिक नृत्य, सुन्दर मोक्तानले तामाङ गीत, म्हेन्दोमाया गायिका माया थोकरको गायन, रिता तामाङ लगायतका कलाकारहरूले बेजोड साङ्गीतिक प्रस्तुति दिएका थिए ।

कतारका लागि नेपाली राजदूत डा. नरेशविक्रम ढकालको प्रमुख आतिथ्यता तथा घेदुङ कतार शाखाका अध्यक्ष इन्द्र तामाङको सभापतित्वमा कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा आफ्नो शुभकामना मन्तव्य राख्दै प्रमुख अतिथि ढकालले नेपाल बहुजातीय, बहुभाषिक, बहु सांस्कृतिक विविधतायुक्त सबै समुदायका नेपालीबीच सद्भाव, भाइचारा, सहिष्णुता, मेलमिलाप र बन्धुत्वको भावना विकास गर्न यस्ता पर्व फलदायी हुने विश्वास व्यक्त गरे । उनले कतारमा तामाङ समुदायको २ ओटा संस्था रहेको आफूले जानकारी पाएको बताउदै आगामी वर्षसम्म एकतावद्ध भई एकै ठाउँमा कार्यक्रम गर्न र यसको लागि अभियान चलाउन जिम्मेवार पदाधिकारी तथा समुदायलाई आग्रह गरेका थिए ।

कार्यक्रममा नुवाकोट, धादिङ र रसुवामा चर्चित म्हेन्दोमाया फेटा तथा सम्मान पत्रबाट गायक लामा र नेपाली राजदूतावास कतारका द्वितीय सचिव प्रविण भट्टराईलाई सम्मानित गरिएको थियो । संस्थाका संरक्षक बिनेस तामाङको स्वागत मन्तव्य रहेको कार्यक्रमको सहजीकरण महासचिव विकास तामाङ र कमला तामाङले गरेका थिए । कार्यक्रमको समापन गर्दै सभापति तामाङले व्यवस्थापन, सुरक्षा तथा स्वयंसेवकका रूपमा खट्ने, सहयोगी, प्रायोजक र उपस्थित सम्पूर्णलाई कार्यक्रम सफलताको श्रेय दिएका थिए ।

प्रत्येक वर्ष माघ शुक्ल प्रतिपदाका दिन तामाङ समुदायले सोनाम ल्होछार अर्थात् नयाँ वर्ष मनाउने गर्दछन् । मुसा, गाई, बाघ, खरायो(बिरालो), ड्रागन (मेघ), सर्प, घोडा, भेडा, बाँदर, चरा, कुकुर र सुँगुर गरी १२ वर्गमा सोनाम ल्होसारलाई विभाजन गरिएको छ । ल्होछारका १२ वटै वर्ष पशु पन्छीको नामबाट गणना गरिएकाले यो समुदायलाई प्रकृति पूजक मानिन्छ ।

# घाराघाट पुलको काम ५० प्रतिशत सकियो

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, १४ माघ

मुसिकोट नगरपालिका १ र बाँफिकोट १० लाई जोड्ने घाराघाट पुलको ५० प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ । आगामी असार मसान्तसम्म निर्माण सम्पन्न गर्ने गरी कामलाई तीब्रता दिइएको नागार्जुन कन्ट्रक्सन प्राइभेट लिमिटेडले जनाएको छ ।

सडक डिभिजन कार्यालय चौरजहारीमार्फत् २०७४ सालमा खोलिएको ठेक्का आठ करोडमा निर्माण सम्पन्न गर्नेगरी नागार्जुन कन्ट्रक्सनले लिएको थियो । तर विभिन्न समस्या देखाउदै उसले काम शुरु गरेको थिएन ।

३ वर्ष भित्र सबै काम सक्ने सम्झौता गरिएको भएपनि विभिन्न समस्याले गर्दा ढिलाई भएको नागार्जुन कन्ट्रक्सनका प्रतिनिधि पतिराम केसीले बताए ।

उनकाअनुसार अहिले ३ वटा पिल्लर राख्ने काम सकिएको छ । साथै सल्यापको काम शुरु भएको उनले बताए । निर्माण सम्पन्न भए पछि रुकुम पश्चिम, जाजरकोट र डोल्पाका स्थानीयलाई यात्रामा सहज हुनेछ ।


## Aathrai Tribeni Rural Municipality
## Office of Rural Municipal Executive
**Hangpang, Taplejung**
**Province No -1, Nepal**

### Invitation for Sealed Quotations

**Date of publication: 15th Magh, 2079 (29th Jan, 2023)**

1. The *Aathrai Tribeni Rural Municipality, Hangpang, Taplejung*, invites sealed quotations for the procument of following works.
2. Eligible Bidders may obtain further information and buy hard copy of the Bidding Documents *after submitting an application to buy a bid document along with photocopy of firm/company registration certificate, Business Registration Certificate (License), PAN/VAT Registration Certificate, Tax Clearance Certificate for the F/Y 2078/79* at the office of Aathrai Tribeni Rural Municipality, Hangpang, Taplejung till office time of 29th Magh,2079 . Bidders should deposit the cost of bidding document in the following account
   **Name of the Bank : Rastriya Banijya Bank**
   **Name of Account : AATHRAI GA.PA. (GA-1-1)-AANTARIK RAJ**
   **Office Account no. : 2670100301010002**
3. Sealed hard copy of bids must be submitted at office *before* 12:00 noon on 1st Falgun, 2079.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***14:00 on 1st Falgun, 2079*** at the office of *Aathrai Tribeni Rural Municipality, Hangpang, Taplejung*. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of following amount which shall be valid for 30 days beyond the validity period of the bid in the following account.
   **Name of the Bank : Rastriya Banijya Bank**
   **Name of Account : AATHRAI GA.PA. (GA-3)-DHARAUTI ACCOUNT**
   **Office Account no. : 2670100303000002**
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

| S.N. | Name of Works | Contract ID. No. | Estimate Amt. (Nrs. with VAT & PS) | Bid fee (Nrs) | Bid Security (Nrs) |
|---|---|---|---|---|---|
| 1 | Upgrading work of Phungthapla- Gorja -Bhotey Ghau -Surkey -Shalala Road | ATRM/SQ/RD/ 01/79/80 | 14,25,308.60/- | 1,000/- | 35,000/- |
| 2 | Upgrading work of Kabeli river- Dhimal Danda- Gupteshwor Ma. Bi. -Padherey- Pipal Bhotey Aa. Bi.-Odarey -Prahari Chauki Road | ATRM/SQ/RD/ 02/79/80 | 14,28,583.03/- | 1,000/- | 35,000/- |
| 3 | Upgrading work of Hang pang Playground | ATRM/SQ/PG/ 03/79/80 | 19,18,436.96/- | 1,000/- | 48,000/- |

**Aathrai Tribeni Rural Municipality, Hangpang, Taplejung**


# अजयमेरुमा निःशुल्क आँखा शिविर

**दिपकराज भट्ट/मध्यान्ह**
डडेल्धुरा, १४ माघ

डडेल्धुराको अजयमेरु गाउँपालिका ६ मा एकदिने निःशुल्क आँखा शिविर शनिबार सम्पन्न भएको छ । गेटा आँखा अस्पतालद्वारा सञ्चालित आँखा उपचार केन्द्र डडेल्धुराको प्राविधिक सहयोगमा र अजयमेरु गाउँपालिका ६ को समुन्वयमा तथा आर्थिक सहयोगमा शुक्रबार निःशुल्क आँखा शिविर सम्पन्न भएको वडा अध्यक्ष हरिसिंह भण्डारीले मध्यान्ह दैनिकलाई बताए ।

बैतडीको मेलौली नगरपालिका र डडेल्धुराकै भागेश्वर गाउँपालिकासँग सीमा जोडिएको यस बाडामा यी दुई पालिकाका नागरिक पनि प्रभावित भएका छन् । अजयमेरु गाउँपालिका ६ को राजुल आधारभूत स्वास्थ्य केन्द्रमा सञ्चालन गरिएको शिविरमा १ सय ७८ जानाले सेवा लिएका स्वास्थ्यकर्मी भसवन पन्तले बताए । सेवा लिनेमा १ सय ३ जना पुरुष र ७५ जना महिलाले सेवा लिएको वडाध्यक्ष भण्डारीले बताए । शिविरबाट ७२ जनालाई चस्मा वितरण, १ सय ७८ जनलाई औषधि वितरण र १५ जनालाई अप्रेशनको लागि छनोट गरिएको छ । छनोट भएकाहरुको डडेल्धुरा अस्पतालमा उपचार हुनेछ ।



उपचारमा लाग्ने खर्चसँगै आउने जाने भाडा वडाले र आँखा उपचार केन्द्र डडेल्धुराले बेहोर्ने वडा अध्यक्ष भण्डारीले जानकारी दिए । गाउँमै निःशुल्क शिविर सञ्चालन भए पछि स्थानीय खुसी भएका छन् । साथै उनीहरुले आयोजकलाई धन्यवाद दिएका छन् ।

# चार दिनपछि काठमाडौं फर्किए रक्षामन्त्री उप्रेती



**लक्ष्मण यादव/मध्यान्ह**
सर्लाही, १४ माघ

रक्षामन्त्री हरिप्रसाद उप्रेती चार दिनसम्म गृह जिल्ला सर्लाहीमा बधाई तथा सम्मान थापेर शनिबार साँझ काठमाडौं फर्किएका छन् । गएको बुधबार दिउँसो नेपाली सेनाको एमाआई-१७ हेलिकप्टर चढेर गृह जिल्ला सर्लाही आएका उप्रेतीलाई चार दिनसम्म आफ्नो निर्वाचन क्षेत्र सर्लाही ३ मा भएका विभिन्न कार्यक्रममा बधाई तथा सम्मान थाप्न भ्याइनभ्याइ नै पऱ्यो । सेनाको सानो टुकडीसमेत निरन्तर उनकै साथमा थियो । संघीय संसदमा दोस्रोपटक विजयी उप्रेती पहिलोपटक मन्त्री बनेर सर्लाही आएका हुन् । नेकपा एमालेको तर्फबाट दोस्रोपटक निर्वाचित भएका उप्रेतीलाई यसपटक भने मन्त्री बन्ने अवसर जुऱ्यो ।

गएको बुधबार सेनाको हेलिकोप्टरमार्फत बरहथवा नगरपालिका ११ हीरापुरको खेल मैदानमा अवतरण गरेदेखि शनिबारसम्म उनले २ दर्जनजति औपचारिक/अनौपचारिक कार्यक्रममा सहभागिता जनाए । उनी शनिबार बरहथवामा नेकपा एमाले बरहथवा नगर कमिटी, बसबरिया गाउँपालिका, मूर्तिया सेवा समाज, बरहथवा बहुमुखी क्याम्पस लगायतका संघसंस्थाले आयोजना गरेको बधाई तथा सम्मान कार्यक्रममा सरिक भई सिमरा विमानस्थलबाट हवाई जहाजमार्फत काठमाडौं फर्किएका हुन् ।

# पेस्तोलसहित २ जना पक्राउ

**धनुषा/मस-** मिथिला नगरपालिकामा पेस्तोलसहित दुईजना पक्राउ परेका छन् । पक्राउ पर्नेमा २६ वर्षीय रोशन महतो र ३६ वर्षीय शंकर महतो रहेका छन् ।

जिल्ला प्रहरी कार्यालय धनुषाले शनिबार पत्रकार सम्मेलनमार्फत् गत माघ १२ गते साँझ विशेष सूचनाको आधारमा उनीहरुलाई पक्राउ गरिएको जानकारी दिएको हो । इलाका प्रहरी कार्यालय महेन्द्रनगर र जिल्ला प्रहरी कार्यालय धनुषाको संयुक्त प्रहरी टोलीले उनीहरुलाई पक्राउ गरेको थियो ।

धुनषाका प्रमुख एसपी विश्वराज खड्काका अनुसार उनीहरुको साथबाट माउजर पेस्तोल १ थान, पेस्तोलमा लोड गरिएको म्याग्जिन १ थान र म्याग्जिनमा लोड गरिएको २ थान गोली बरामद भएको छ । पेस्तोल भारतीय सिमानाका जटहीबाट खरिद गरी ल्याएको खुलेको छ । थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।


## Bakaiya Rural Muncipality
## Office of Rural Municipal Executive
**Hattisunde, Makawanpur**
**Bagmati Province, Nepal**

### Invitation for Electronic Bids

Date of publication: **Janurary 29 2023 (2079 Magh 15)**

1. **Bakaiya Rural Muncipality, Hattisude, Makwanpur**invites electronic bids from eligible bidders for below mentioned**Construction Different Works** under National Competitive bidding procedures as specified in Public Procurement Act and Regulations.

| Contract ID No. | Name of Works | Estimated Amount NRs. (without VAT) | Bid Security NRs. | Bid Doc Cost NRs. |
|---|---|---|---|---|
| BRM/NCBW/04/079-080 | **CONSTRUCTION OF 2 UNIT TRUSS STRUCTURE BUILDING FOR BAKAIYA AGRICULTURAL INDUSTRY AT BAKAIYA-7** | RS 1,40.43,794.51 | 3,50,000.00 | 3000.00 |
| BRM/NCBW/05/079-080 | **CONSTRUCTION OF SUPPORTING STRUCTURE FOR BAKAIYA AGRICULTURAL INDUSTRY AT BAKAIYA-7** | RS 1,06,36,234.93 | 2,50,000.00 | 3000.00 |

Other information shall be collected from our PPMO'se-GP system: www.bolpatra.gov.np/egp Or Bakaiya Rural Muncipality office of Rural Muncipal Executive, Hattisunde Makwanpur.

**Chief Administrative Officer**

# जेरुसेलममा गोलीकाण्ड ७ जनाको मृत्यु



**काठमाडौं/एजेन्सी–** पूर्वी जेरुसेलममा प्रार्थनासभाका लागि भेलाभएका श्रद्धालुमाथि बन्दुकधारी एक जना प्यालेष्टिनीले आक्रमण गर्दा सात जना मारिएका छन् भने तीन जना घाइते भएका छन् । नेभ याकोभस्थित प्रार्थनास्थलमा शुक्रबार राति भएको आक्रमणमा उक्त हताहति भएको प्रहरीले जनाएको छ । उसले यो आक्रमणलाई आतंकवादी हमला भनेको छ ।

इजरायलका प्रहरी आयुक्त कोबी शाब्ताईले उक्त आक्रमण हालैका वर्षमा भएका हमलामध्ये सबैभन्दा भीषण भएको बताएका छन् । हमलामा एक जना ७० वर्षीया महिलाको पनि ज्यान गएको छ । इजरायली सुरक्षाकर्मीले आक्रमणकारीलाई गोली हानेर मारेका छन् ।

प्यालेष्टिनी लडाकु समूहले आक्रमणको प्रशंसा गरे पनि त्यसको जिम्मेवारी लिएको छैन । उक्त समूहले पश्चिम किनारा र गाजापट्टीमा मिठाइ बाँडेर खुशीयाली साटासाढ्ढ गरेको थियो । पश्चिम किनारामा इजरायलले गरेको सुरक्षा कारबाहीमा नौ जना प्यालेष्टिनी मारिएको अर्को दिन उक्त आक्रमण भएको हो ।

अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिंकेनको आइतबार हुने भ्रमणको पूर्वसन्ध्यामा भएको यो घातक हमलाले पश्चिम एशियाको सुरक्षामा संसय थपेको छ । अमेरिकाले आक्रमणको निन्दा गर्दै त्यसलाई सभ्य समाजविरुद्धको हमला भनेको छ । साथै उसले इजरायललाई उसको सुरक्षा व्यवस्थालाई सुदृढ तुल्याउन सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

शुक्रबार नै राष्ट्रपति जो बाइडेनले प्रधानमन्त्री बेन्जामिन नेतान्याहुलाई फोन गरेर इजरायलका पक्षमा अमेरिका रहेको बताउँदै आक्रमणमा मारिएकाहरूप्रति श्रद्धाञ्जलि व्यक्त गरेका थिए ।

यसैबीच प्रहरीले आक्रमणकारीका परिवारका सदस्यसहित ४२ जनालाई शनिबार पक्राउ गरेको छ । आक्रमणमा उनीहरू संलग्न रहेको आशंका सोधपुछका लागि पक्राउ गरिएको इजरायली प्रहरी शनिबार एक विज्ञप्ति निकालेर जनाएको छ । विज्ञप्तिमा पक्राउ परेकाहरूका सम्बन्धमा विस्तृत विवरण नदिए पनि उनीहरू पूर्वी जेरुसेलमको समीप प्यालेष्टाइनका बासिन्दा भएका जनाइएको छ ।

# न्युजिल्याण्डमा भीषण वर्षा अकल्याण्डमा आपत्काल घोषणा




**काठमाडौं/एजेन्सी–** मुसलधारे वर्षासँगै बाढीको प्रकोप बढेपछि देशको सबैभन्दा ठूलो शहर अकल्याण्डमा आपत्काल घोषणा गरिएको छ । हालसम्म तीन जनाको मृत्यु भएको छ भने अर्का एक जना हराइरहेका छन् ।

व्यापक वर्षाका कारण घरहरू जलमग्न भएका छन् भने यातायात सेवा ठप्प भएको छ । आवासीय क्षेत्र र व्यवसायिक प्रतिष्ठानमा शुक्रबार विद्युत् आपूर्ति हुन सकेन । यो वर्षको ग्रीष्मकालमा ७५ प्रतिशत वर्षा हुने अनुमान गरिएकामा शुक्रबार १५ घण्टासम्म अनवरत परेको पानीले जीनजीवन कष्टकर पारेको छ । राष्ट्रिय जलवायु विज्ञान विभागले अकल्याण्डमा वर्षाको प्रभाव लामो समयसम्म रहने बताएको छ ।

अकल्याडका विभिन्न भागमा अस्थायी आश्रयस्थल बनाइएका छन् । सुरक्षा बल अहोरात्र उद्धारमा खटेका छन् । स्थिति अझै सामान्य बनेको छैन । केही स्थानमा बाढीले अकल्पनीय विनाश गरेको छ ।

प्रधानमन्त्री क्रिस हिप्किन्सले देशको सबैभन्दा ठूलो नगर अकल्याण्डमा धेरै क्षति भएको शनिबार पत्रकारहरूलाई जानकारी दिए । लामो समयको अन्तरालमा देशमा मुसलधारे वर्षा भएको बताउँदै उनले क्षतिको विस्तृत विवरण प्राप्त हुन बाँकी रहेको जानकारी पनि दिए ।

## भुजुङ्ग हाइड्रोपावर लिमिटेड
बानेश्वर, काठमाडौं

**विशेष साधारण सभा बस्ने बारेको अत्यन्त जरूरी सूचना !**

मिति २०७९/१०/१३ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयले यस कम्पनीको विशेष साधारण सभा देहायको मिति, समय र स्थानमा देहायका विषयमा छलफल गर्न बस्ने भएकोले यसै सूचनालाई आधार मानी उक्त विशेष साधारण सभामा उपस्थित भई सक्रिय सहभागिता जनाइ दिनु हुन शेयरधनी महानुभावहरूलाई अनुरोध गरिन्छ ।

**विशेष साभारण सभा हुने :**

मिति : २०७९/११/०१ गते सोमबार ।
समय : बिहान ११:०० बजे ।
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, काठमाडौं म.न.पा.वाड नं. ३१, बानेश्वर, काठमाडौं ।

**विशेष साधारण सभामा छलफल हुने विषयहरु :**

क. कम्पनीको रजिष्टर्ड कार्यालयको ठेगाना परिवर्तन गर्ने सम्बन्धमा ।
ख. विविध ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०७९/१०/१५**

**लेन्फ्कार्ट नेपाल प्रा.लि.** को विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **जू शेदस प्रा.लि. (प्रा.लि.नं.: २९४२९३)** कायम गर्ने गरी मिति २०७९/०४/२६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**Province Government**
**Ministry of Road Infrastructure & Urban Development**

## Infrastructure Development Directorate

# Infrastructure Development Office (IDO)

**Province no. 1, Okhaldhunga**

## Invitation for Bids

**(IFB No: 03-078/79)**
**Date of First Publication: 29th Janaury 2023 (2079/10/15)**

1. Infrastructure Development Office (IDO), Okhaldhunga invites Electronic bids from the eligible bidders for the followings works.

| S. N. | Contract ID | Name of Project | Estimated Amount without VAT & Cont. (NRs.) | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs.) | Bid validity/ Bid Security Validity Period |
|---|---|---|---|---|---|---|
| 1. | IDO-OKHAL-NCB-ROAD-28/079/080 | Upgrading of Solu Dudhkunda Na.Pa.5 Salleri Selgudi Mapya Dudhkoshi Wada no.5 Kanku Mahabhir Hudai Thuladhunga Adheri Khumbu Pasang Ga.Pa. Road | 5,098,478.82 | 3,000 | 1,53,000.00 | 90 Days/120 Days from Bid Opening Date |
| 2. | IDO-OKHAL-NCB-ROAD-29/079/080 | Upgrading of Solududhkunda Na.Pa.8 Bagkhor (Kerung) Bat Sherpa Tole Mate Sishar Khola Merangding Mittakharka Hudai Salleri Chyalsa Bidhut Kachani Road | 3,328,518.88 | 3,000 | 1,00,000.00 | |
| 3. | IDO-OKHAL-NCB-ROAD-30/079/080 | Upgrading of Necha Salyan Necha Gairidanda Necha Bihibare Chupre Panchan Kangel Mukahami Deusa 7 & 8 Diplighat Road | 3,328,579.61 | 3,000 | 1,00,000.00 | |
| 4. | IDO-OKHAL-NCB-ROAD-31/079/080 | Upgrading of Diplighat Pawai Sotang Hudai Mahakulung Patle Chhekma Bung Pelyang Bhaikham Chheskam Tumang Gudel Chomolung Road | 3,328,588.29 | 3,000 | 1,00,000.00 | |
| 5. | IDO-OKHAL-NCB-ROAD-32/079/080 | Upgrading of Dudhkoshi Ekbar (Jayaram Ghat-Taluwa-Bhadaure-Kuihbhir-Dudhkunda solu) Road | 13,353,933.18 | 3,000 | 4,01,000.00 | |
| 6. | IDO-OKHAL-NCB-ROAD-33/079/080 | Upgrading of Khartekhola-Khanibhanjyang -Serna-Chisapani-Gairi Hudai Dandagaun-Mamkha-Deurali-Belbot Chautari Road | 4,248,930.54 | 3,000 | 1,28,000.00 | |
| 7. | IDO-OKHAL-NCB-ROAD-34/079/080 | Upgrading of Nawalpurghat-Palapu Bhanjyang -Tapke Danda-Koshbhanjyang-Kakani (Nawalpur-Palapu-Koshahaat) Road | 11,867,209.15 | 3,000 | 3,57,500.00 | |
| 8. | IDO-OKHAL-NCB-ROAD-35/079/080 | Upgrading of Baruneshwar Dhuske-7 Bigutar Rangadip Patle Road | 12,333,894.41 | 3,000 | 3,71,000.00 | |
| 9. | IDO-OKHAL-NCB-ROAD-36/079/080 | #Package-01 Road Projects, Okhaldhunga 1.0 Upgrading of Nawalpur- Shinghdevi- khijidemba Road 2.0 Upgrading of Okhaldhunga Mate-Birauta- Jantebari-Pokhari danda Road. | 3,398,222.95 | 3,000 | 1,02,000.00 | |
| 10. | IDO-OKHAL-NCB-ROAD-13/079/080 (REE) | Upgrading of Nawalpur-Silkhu-Singhdevi-Likhu-Ekbar (Likhu-Silkhubesi-Singhadevi-Gamnatar-Likhu-Ekbar) Road | 4,672,546.87 | 3,000 | 1,40,500.00 | 90 Days/120 Days from Bid Opening Date |
| 11. | IDO-OKHAL-NCB-ROAD-19/079/080 (REE) | Upgrading of Rampur Bhusne Molung Road (Sahid Gaukrn Lila Marg) | 2,125,017.18 | 3,000 | 64,000.00 | |
| 12. | IDO-OKHAL-NCB-ROAD-20/079/080 (REE) | Construction of Hare Pokhari danda Aamjani Hudai Bahun danda Road | 2,123,894.23 | 3,000 | 64,000.00 | |
| 13. | IDO-OKHAL-NCB-ROAD-21/079/080 (REE) | Upgrading of Patlae Zero Point Hudai Kattikae Ramite Foktae Bhakhare Road | 2,125,040.69 | 3,000 | 64,000.00 | |
| 14. | IDO-OKHAL-NCB-ROAD-24/079/080 (REE) | Upgrading of Dhade Ragani Phalate Rawadolu Road | 2,379,906.45 | 3,000 | 71,500.00 | |
| 15. | IDO-OKHAL-NCB-ROAD-25/079/080 (REE) | Upgrading of Khijidemba Bazzar Hudai Patle Kharka Dopane Bhanjyang Phedi Gumba Hate Banshe Okharbot Yelung Khola Hudai Okhaldhunga Bat Pradesh jodne Road | 2,125,021.48 | 3,000 | 64,000.00 | |

2. Eligible Bidders may obtain further information at the office of Infrastructure Development Office, Okhaldhunga. Telephone No:-037-520101 Or may visit PPMO e-GP System ***www.bolpatra.gov.np/egp***.
3. Bidder have only option to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Website ***www.bolpatra.gov.np/egp***. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document stated in the above table in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of Bank** :- **Rastriya Banijaya Bank Ltd.**
   **Name of Office** :- **Infrastructure Development Office, Okhaldhunga**
   **Office Code no** :- **3370110011**
   **Office Account no** :- **1000100200010000**
   **Rajaswa (Revenue) Shirshak no** :- **14229.**
4. Pre bid meeting shall be held at Infrastructure Development Office, Okhaldhunga at 13:00 hrs on 17th Februrary 2023 (2079/11/05).
5. Electronic bids must be submitted to Infrastructure Development Office, Okhaldhunga through PPMO website ***www.bolpatra.gov.np/egp*** on or before 12:00 hrs on 28th Februray 2023 (2079/11/16).
6. Electronic bids will be opened at 13:00 hrs on 28th Februray 2023 (2079/11/16) in the presence of Bidders' representatives who choose to attend in Infrastructure Development Office, Okhaldhunga.
7. If bidder wishes to submit the Bid Security in the form of cash, bidder has to deposit cash in the following deposit account and the bidders should submit bank deposit voucher in ***www.bolpatra.gov.np/egp***. along with the bid.
   **Dharauti Account No. & Name.** : **2070100202030000, Infrastructure Development Office, Okhaldhunga**
   **Name of Bank** : **Rastriya Banijya Bank Ltd.**
   **Office Code** : **3370110011**
   **Name of Office** : **Infrastructure Development Office, Okhaldhunga**
8. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
9. Matters not covered in this tender notice shall be in accordance with public procurement act, 2063 and public procurement regulations, 2064 and other prevailing rules and regulations of Nepal.

**Office Chief**

# बक्स अफिस समाचार



# 'इच्छाशक्ति हुनुपर्छ असम्भव भन्ने कुरा केही छैन'

**चक्रबहादुर कुँवर, सञ्चारकर्मी**

विद्यालय उमेरबाटै सञ्चारमाध्यम र सञ्चारकर्मीसँग घुलमिल हुँदै आएका चक्रबहादुर कुँवर रेडियोमा मार्केटरदेखि संवाददाता, समाचारवाचक, कार्यक्रम प्रस्तोता, अध्यक्ष/प्रबन्ध निर्देशक तथा सञ्चारगृह सञ्चालकसम्म भइसकेका छन् । कुँवरलाई साझारूपमा गरिने सम्बोधन भनेको पत्रकार नै हो । तर उनको परिचय यतिमै सीमित छैन, चिनारी फराकिलो छ । उनी बहुआयमिक व्यक्तित्वका साथै बहुविधा र बहुप्रतिभाका धनी पनि । यद्यपि रेडियो कार्यक्रम प्रस्तोताका रूपमा उनको अमिट छाप छ । माध्यमिक तहको अध्ययन पूरा भएपछि पत्रकारिताप्रति निरन्तर समर्पित रहेका उनको मुख्यतः सुदूरपश्चिमको छापा तथा विद्युतीय सञ्चारमाध्यमको विकास, सवर्द्धन र प्रवर्द्धनमा ठूलो योगदान छ । हाल नेपाल पत्रकार महासंघ डोटी शाखाको कोषाध्यक्षसमेत रहेका कुँवरसँग पेशागत सेरोफेरोमा केन्द्रित रही मध्यान्ह दैनिकका लागि सुमन कुमार श्रेष्ठले गरेको कुराकानीको सम्पादित अंश :

**सञ्चार क्षेत्र रोज्नुको कारण ?**

मेरो सानैदेखिको चाहना र चासोको क्षेत्र भएकाले आकर्षित भएको हुँ । विद्यालयमा हरेक शुक्रबार आयोजना गरिने अतिरिक्त क्रियाकलाप जस्तै हाजिरी जवाफ, वादविवाद, हिज्जे, गायन, नृत्य, अभिनय आदिमा सञ्चालन/संयोजकको जिम्मेवारी मैले नै पाउँथे । विद्यालयमा अध्ययन गर्दाबाटै म रेडियो नियमित सुन्ने गर्दथें । श्रोतासँग जोडिने कार्यक्रममा रेडियोका सञ्चारकर्मीसँग सम्पर्कमा रहनुको प्रतिफल हो यो ।

**यो क्षत्रेमा कहिलेबाट संलग्न हुनुहुन्छ ?**

७/८ कक्षा अध्ययन गर्दाबाटै दिपायलबाट प्रसारण हुने रेडियो नेपालको क्षेत्रीय प्रसारण, ग्रामीण भेगमा प्रसारण हुने 'पश्चिम' एफएमलगायतसँग सम्पर्कमा रहने, प्रसारित कार्यक्रम नियमित सुन्ने गर्दथें । विद्यालय स्तरको पढाई सकिँदासम्म यो क्रम जारी रह्यो । जब २०६५ सालमा एसएलसी पास भएँ तब उच्च शिक्षा अध्ययनका लागि लानाकेदारेश्वर रन्तोला जानुपर्ने भयो । त्यसबीचमा म सञ्चारमाध्यम मुख्यतः स्थानीय रेडियो र एफएम सेवाप्रदायक संस्थासँग नजिक भइसकेको थिएँ ।

**औपचारिक प्रवेश चाहिँ कसरी भयो ?**

शुरुमा म उच्च शिक्षा अध्ययन थाल्दै गर्दा जिल्ला सदरमुकाम सिलगढीमा रहेको 'त्रिवेणी एफएम' का साथीहरूको सम्पर्कबाट मार्केटिङ तथा रिपोर्टिङ गर्न थालें । त्यसको छ महिनापछि समाचारवाचक/कार्यक्रम प्रस्तोता भएर काम गरें । यो क्रम एक वर्षजति चल्यो । मैले सञ्चालन गरेको साप्ताहिक कार्यक्रम 'सन्देश घरसम्म' निकै लोकप्रिय बन्यो । र, कार्यक्रम प्रस्तोताकै रूपमा 'साथीसँग मनका कुरा', 'पश्चिमका भाषा' 'नौगेडी' डोटेली भाषामा, 'भञ्ज्याङ चौतारी' नेपाली भाषामा, 'त्रिवेणी डबली' नेपाली भाषामा लगायत कार्यक्रम सञ्चालन गरें । मार्केटिङदेखि सञ्चालक समितिको कोषाध्यक्षसम्मका विभिन्न पद र



जिम्मेवारीमा रही सो एफएममा मैले झण्डै चार वर्ष काम गरें । २०७२ बाट 'फारवेस्ट मिडिया प्रा.लि.'को तर्फबाट म आफू अध्यक्ष/प्रबन्ध निर्देशक रहेर जिल्लामा नयाँ 'रेडियो डोटी' सञ्चालन गरें । अहिले सुदूरपश्चिममा यो रेडियो निकै लोकप्रिय छ । पछिल्लो चरणमा म 'सम्राई मिडिया प्रा.लि.को सञ्चालक र नेपाल पत्रकार महासंघ डोटी शाखाको कोषाध्यक्ष पनि छु ।

**तपाईंले त केन्द्रमा पनि समय दिइरहनु भएको छ नि होइन ?**

हो, चाहे त्यो छापा सञ्चारमाध्यम होस् या विद्युतीय, केन्द्रका धेरै सञ्चारमाध्यममा पनि आवद्ध भएर मैले थप अनुभव बटुलिरहेको छु । म रेडियो नेपालको प्रदेश प्रसारण केन्द्र दिपायलको उद्घोषक/कार्यक्रम प्रस्तोता, राष्ट्रिय समाचार समितिको डोटी संवाददाता, माउन्टेन टेलिभिजनको जिल्ला संवाददाता, नेपाली रेडियो नेटवर्कको जिल्ला संवाददाता आदि भइसकेको छु ।

**यति धेरैतिर संलग्न रहँदा कार्य सम्पादनमा कठिन हुन्न ?**

सबैभन्दा ठूलो कुरा भनेको इच्छाशक्ति हो । इच्छाशक्ति भएर समय व्यवस्थापन गर्न सके यो सम्भव हुन्छ र भइरहेको पनि छ ।

**श्रमजिवी पत्रकार, सञ्चार उद्यमी अनि पत्रकारको नेता बन्दाको अनुभव सुनाउनु पर्दा ?**

काम र जिम्मेवारीको अनुभवमात्रै फरक हो, अरु त्यस्तो आकाश-पातल केही भिन्नता छैन । म हिजो पनि श्रमजिवी नै हुँ, आज पनि श्रमजिवी नै छु । हिजो पनि मिहेनत गरेकै हुँ, आज पनि मिहेनत गरिरहेकै छु । म संवाददाता हुँदा होस् या सञ्चार उद्यमी र महासंघको पदाधिकारी हुँदा नै किन नहोस्, सदा श्रमजिवीको पक्षमा छु ।

**तपाईंको कामको मूल्यांकन कसरी भैरहेको छ ?**

स्थानीयदेखि राष्ट्रियस्तरसम्मका धेरै सम्मान, नगद पुरस्कार तथा अवार्डसहित अभिनन्दित भएको छु । जस्तै 'सर्वोत्कृष्ट रेडियो कार्यक्रम प्रस्तोता'को रूपमा 'हिमालयन अन्तर्राष्ट्रिय अवार्ड-२०२१' र 'नेशनल क्यापिटल अवार्ड-२०२१' पाएँ भने 'सर्वोत्कृष्ट रेडियो कार्यक्रम प्रस्तोता'कै हैसियतमा 'थर्ड बोस्टर इन्टरटेनमेन्ट अवार्ड-२०२१' बाट सम्मानित भएको छु ।

**अध्ययन-प्रशिक्षणचाहिँ कस्तो छ नि ?**

मैले सुदूरपश्चिमाञ्चल क्याम्पस धनगढीबाट आम सञ्चार र समाजशास्त्र विषयमा स्नातक पूरा गरेको छु । पत्रकारितासम्बन्धी विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका दर्जनौं प्रशिक्षण समेत लिएको छु । र, प्रशिक्षण दिइरहेको पनि छु ।

**अन्त्यमा के भन्न चाहनु हुन्छ ?**

विभिन्न विधा वा क्षेत्रसँग आवद्ध व्यक्तित्वहरुलाई खोजी खोजी उहाँहरुको अनुभव र गतिविधिलाई सम्मानपूर्वक स्थान दिने हामी सञ्चारकर्मीकै बारेमा भने छापा होस् वा विद्युतीय सञ्चारमाध्यममा स्थान कमै पाउँछौं । त्यसैले मोफसल होस् या केन्द्रमा रहेर सञ्चारकर्ममा सक्रिय सञ्चारकर्मीहरुको पनि अनुभव र दुःख पीडाका कुरालाई आमरुपमा बाँड्ने अवसर दिनुपर्छ जस्तो लाग्छ । मलाई सम्झेर यो महत्वपूर्ण स्थान दिनुभएकोमा लोकप्रिय मध्यान्ह राष्ट्रिय दैनिक परिवारप्रति मनैदेखि नमन् ।


**VACANCY ANNOUCEMENT**

A Reputed Manpower Recruitment Company based in Kathmandu is seeking applications from deserved applicants for the following positions:-

Office Secretary : 1 (Female)
Accountant : 1 (Male/Female)

*Requirement:*
- *Bachelor Passed*
- *Computer Skill & Fluency In English*
- *Experience in related field*

***Salary (40-50) Thousands***

Please send your CV:

**Al Shahid Overseas Pvt. Ltd.**
Banshidhar Marg-04,Chandol, Kathmandu, Nepal, Tel: 01-4514440
E-mail: info@alshahidnepal.com, resumeshahid@gmail.com
Gov. Lic. No. 1329/074/75
9801907637



**कम्पनीको नाम र ठेगाना परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०७९/१०/१५**

**रोल्पा जलजला कन्स्ट्रक्सन प्रा.लि.** को मिति २०७९/०४/१९ गतेमा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **जलजला मल्टिबिजनेश कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. (प्रा.लि. नं. २२२९८२),र ठेगाना रुन्टीगढी गाउँपालिका-६, रोल्पालाई परिवर्तन गरी गंगादेव गाउँपालिका-५, रोल्पा**कायम गर्ने गरी मिति २०७९/०४/२९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**Kuwait मा रोजगार** | कम्पनीः LAS PALMAS RESTAURANT CO.
शहरः Kuwait

पूर्व स्वीकृत मितिः २०७९/०२/०९ चलानी नं.: ६०१७९५५५ LT. No.: 263225 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Cook | 10 | 0 | सम्बन्धित कामामा दक्ष | 160 | ६८,२१४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waiter / Waitress | 50 | 60 | | 115 | ४९,०२९ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ माघ २२ गते (5 February 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**मेनपावर लिंक प्रा. लि.**
श्रम इजाजत नं. ३५०/०५९/०६०
उमंगटोल, मन्डीखटार, बुढानिलकण्ठ-८, काठमाडौं, फोन : ०१-४३७५४१८, Email: jobs@manpowerlink.com



**साउदीमा रोजगार** | कम्पनी : BRANCH OF BLISS ANAND AMERICA LLC
शहर : Dammam

पूर्व स्वीकृत मितिः २०७९/१०/१२ चलानी नं.: ६०१९५७५० LT. No.: 280249

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing Worker | 1 | 0 | स. काममा दक्ष | 2000 | ६९,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ २२ गते (5 February 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**सगुन ओभरसिज सर्भिसेज प्रा.लि. (सगुन होम)**
पो.ब.नं. ३२३, डिल्लीबजार, कालिकास्थान-३२, फोन : ४४१७५३०, ४४४०१४६, ४४१८५३२, ९८५१११३२२६
E-mail: sagunosp@wlink.com.np |sagun@mail.com.np
श्रम इजाजत नं. ३९६/०६०/०६१



**मलेसियामा रोजगारको अवसर** | कम्पनीः RANGE PHARMA SDN BHD
शहरः KUALA LUMPUR

पूर्व स्वीकृत मितिः २०७९/०४/२२ चलानी नं.: ६०१८४६८४ LT. No.: 268803 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Factory Workers | 2 | 0 | स. काममा दक्ष | 1500 | ४६,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ २२ गते (5 February 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**क्लासिक ओभरसिज मेनपावर प्रा. लि.**
बत्तिसपुतली-९, गौशला, काठमाडौं, नेपाल, फोन नं. ०१-४४६५७५३, फ्याक्सः ०१-४४६५७५०
Email: classicoverseas@gmail.com | Website: www.classicmanpower.com.np
Govt.Lic. No. 357/059/060



**UAE मा रोजगार** | कम्पनीः Habash carpentry and floor fixing
शहरः UAE

पूर्व स्वीकृत मितिः २०७९/१०/१३ चलानी नं.: ६०१९५७४३ LT. No.: 280264

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Brick Layer | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४२,५५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Brick Mason | 5 | 0 | | 1200 | ४२,५५२ | | | | | | | |
| 3. | Carpenter | 4 | 0 | | 1200 | ४२,५५२ | | | | | | | |
| 4. | Concrete Mason | 4 | 0 | | 1200 | ४२,५५२ | | | | | | | |
| 5. | Pipe Fitter | 2 | 0 | | 1200 | ४२,५५२ | | | | | | | |
| 6. | Stone Mason | 3 | 0 | | 1200 | ४२,५५२ | | | | | | | |
| 7. | Tile Layer | 3 | 0 | | 1200 | ४२,५५२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७९ माघ २२ गते (5 February 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझा विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला

**लक्की ओभरसिज प्रा. लि.**
धोबिघाट-३, रिङ्गरोड, ललितपुर, नेपाल, फोनः ०१-५१५३०५५, ०१-५१५३०३३
E-mail: luckyoverseas1998@gmail.com, overseaslucky@gmail.com
Web.: luckyoverseas.com
श्रम इजाजत नं. १३८/०५५/०५६

टाइगर कप भलिबल

# पुरुषतर्फ गण्डकी र महिलातर्फ एपिएफ च्याम्पियन



**पोखरा/मस-** पोखरामा सम्पन्न तेस्रो टाइगर कप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आमन्त्रित खुला क्लब च्याम्पियनसिप महिला तथा पुरुष भलिबल प्रतियोगिताको पुरुषतर्फ गण्डकी प्रदेश च्याम्पियन भएको छ।

पोखरा रंगशालाको कभर्ड हलमा शनिबार भएको फाइनलमा विभागीय टोली नेपाल एपीएफ क्लबलाई ३-२ को सेटमा पराजित गर्दै गण्डकी च्याम्पियन बनेको हो। अपराजित रुपमा फाइनल पुगेको एपीएफले पहिलो सेट २५-१६ ले जितेको थियो। गण्डकी प्रदेशले दोस्रो सेट २५-१८ तथा तेस्रा सेट २५-१९ ले जितेको थियो।

चौथो सेट एपीएफले २८-२६ ले जितेपश्चात खेलको निर्णय पाँचौ सेटबाट भएको थियो। निर्णायक पाँचौ सेट १५-८ ले जितेर गण्डकी च्याम्पियन बनेको हो।

च्याम्पियन गण्डकीले ५ लाख नगद प्राप्त गरेको छ। दोस्रो हुन सफल एपीएफले भने २ लाख ५० हजार नगद प्राप्त गरेको छ।

महिलातर्फ भने त्रिभुवन आर्मी क्लबलाई ३-१ को सेटमा पराजित गर्दै एपीएफ लगातार दोस्रो पटक च्याम्पियन बनेको छ। पोखरा रंगशालाको कभर्ड हलमा शनिबार भएको फाइनलमा आर्मीलाई ३-१ को सेटमा पराजित गर्दै एपीएफ च्याम्पियन बनेको हो। साविकको विजेता रहेको एपीएफले पहिलो सेट २५-२० ले जितेकोमा दोस्रो सेटमा आर्मीले २५-२२ जितेको थियो। तेस्रो सेट र चौथो सेटमा २५-८ र २५-२२ को लगातार जित निकाल्न सफल भयो। च्याम्पियन एपीएफले ५ लाख नगद प्राप्त गरेको छ। दोस्रो हुन सफल आर्मीले भने २ लाख ५० हजार नगद प्राप्त गरेको छ।

पुरुषतर्फ नेपाल पुलिस क्लब तेस्रो र त्रिभुवन आर्मी क्लब चौथो बन्यो। महिलातर्फ न्यु डायमण्ड तेस्रो र गण्डकी प्रदेश चौथो भयो।

उपविजेता दुबै टिमले २ लाख ५० हजार, तेस्रो भएको टिमले १ लाख २५ हजार र सान्त्वना भएको टिमले ६५ हजार पुरस्कारसहित ट्रफी र प्रमाण पत्र प्राप्त गरे।माघ ८ गतेबाट पोखरामा शुरु यस प्रतियोगितामा महिलातर्फ ४ र पुरुषतर्फ ५ टोलीको सहभागिता रहेको थियो। महिलातर्फ च्याम्पियन नेपाल एपीएफ क्लब सहित त्रिभुवन आर्मी क्लब, न्यु डायमण्ड स्पोर्टस क्लब र गण्डकी प्रदेशको सहभागिता रहेको थियो।

पुरुषतर्फ भने च्याम्पियन गण्डकी प्रदेशसहित विभागीय टोली त्रिभुवन आर्मी क्लब, सेन्ट जोसेफ वाज स्पोर्टस् क्लब श्रीलंका, विभागीय टोली नेपाल पुलिस क्लब र विभागीय टोली नेपाल एपीएफ क्लबको सहभागिता रहेको थियो।

# आर्सनललाई हराउँदै सिटी पाँचौं चरणमा



**काठमाडौं/एजेन्सी-** म्यानचेस्टर सिटीले इंग्लिस प्रिमियर लिगको शीर्षस्थानमा रहेको आर्सनललाई एफए कपको चौथो राउन्डमा पराजित गर्दै पाँचौं चरणमा प्रवेश गरेको छ।

प्रिमियर लिगको दोस्रो स्थानमा रहेको सिटीले आर्सनललाई १-० ले पराजित गर्दै अर्को राउन्डमा पुगेको हो। घरेलु मैदानमा सिटीको जितमा नाथन एकेले दोस्रो हाफमा गरेको गोल नै निर्णायक बन्यो।

इतिहाद स्टेडियम शुक्रबार राति भएको रोमाञ्चक र प्रतिस्पर्धात्मक खेलमा नाथन एकेले ६४औं मिनेटमा गोल गर्दै सिटीलाई १-० को अग्रता दिलाए। उनले ज्याक ग्रेलिसको पासमा गोल गरेका थिए। त्यसपछि थप गोल निस्कन नसक्दा सिटी विजयी हुन सफल भयो।

# तिर्थ र राममायालाई देवदह हाफ म्याराथनको उपाधि



**रेशम अधिकारी/मध्यान्ह**
**रुपन्देही, १४ माघ**

रुपन्देहीको देवदहमा 'देवदह हाफ म्याराथन २०७९' सम्पन्न भएको छ। लियो क्लब अफ लर्ड बुद्धको आयोजना, देवदह नगरपालिका र प्रदेश खेलकुद परिषदको सहयोगमा हाफ म्याराथन सम्पन्न भएको हो। प्रतियोगितामा ३ सय ६७ जनाले सहभागीता जनाएका थिए। हाफ म्यारथन पुरुषतर्फको उपाधि काठमाडौंका तिर्थ पुनले जितेका छन्। निर्धारित १६ किलोमिटरको दुरी ५४ मिनेट ३० सेकेन्डमा पूरा गर्दै काठमाडौंका पुन पहिलो भएका हुन्। ५५ मिनेटमा दुरी पूरा गरेका बैतडीका मोहन देव जोशी दोस्रो स्थान हासिल गर्न सफल भए भने ५६ मिनेट २९ सेकेन्डमा दुरी पूरा गर्दै लमजुङका राम्झी बस्नेत तेस्रो भए।

त्यसैगरी हाफ म्याराथन महिलातर्फको उपाधि नेपाल पुलिस क्लबकी राममाया बुढाले जितेकी छन्। प्रथम भएकी बुढाले १ घण्टा १६ मिनट २० सेकेन्डमा निर्धारित दुरी पूरा गर्दै उपाधि आफ्नो पोल्टामा पारिन्। १ घण्टा १६ मिनट ३५ सेकेन्डमा दुरी पूरा गर्दै दोलखाकी अञ्जु खड्का दोस्रो र १ घण्टा ३२ मिनट ५० सेकेन्डमा दुरी पूरा गरी बुटवल मोतिपुरकी रेखा थापा तेस्रो भइन्।

कार्यक्रमको प्रमुख अतिथिसमेत रहेका रुपन्देही क्षेत्र नं १ का सांसद छबिलाल विश्वकर्माले खेल जीवनको अमूल्य अंग रहेको बताए। खेलकुदले सकारात्मक सन्देश प्रवाह गर्ने हुँदा खेलकुद क्षेत्रलाई अगाडि बढाउनुपर्नेमा उनले जोड दिए।

देवदह नगरपालिकाका नगर प्रमुख ध्रुवप्रसाद खरेलले देवदहलाई प्रयटकीयको हवको रुपमा विकास गर्ने बताए। उनले देवदह नगरपालिका देवदहलाई विश्वसामु चिनाउने उद्देश्य साथ हिँडेको बताए।

कार्यक्रममा प्रदेश खेलकुद परिषद सदस्य जयप्रकाश भट्टराईले म्याराथन सिटी एक्सपोजर भएको र यसले देवदहको पर्यटकीय स्थलको प्रवर्द्धन गर्न मद्दत गरेको बताए। साथै प्रदेश परिषदले लुम्बिनी म्याराथन गर्ने तयारी गरेको बताउँदै उनले लियो क्लब अफ लर्ड बुद्धलाई सो म्याराथन सफल बनाउन आवश्यक सहयोग गर्न आग्रह गरे। म्याराथनमा महिला तथा पुरुषतर्फ प्रथम, दोस्रो र तेस्रो हुनेले क्रमशः नगद रु २५ हजारसहित ट्रफी, मेडल र प्रमाणपत्र, १५ हजारसहित ट्रफी, मेडल र प्रमाणपत्र र १० हजारसहित टर्फी, मेडल र प्रमाणपत्र प्राप्त गरे।

खैरेनी बुद्ध पार्कबाट शुरु भएको उक्त म्याराथन पिपलडाँडा, पाकडी, शान्तिनगर चोक, शित्तलनगर चोक, मायादेवी पार्क, टटेर, भवानीपुर (बुद्धको मावली घर), विजयपुर, नगरपालिकाको भवन हुँदै, लोकेश्वर मन्दिर र पुनः बुद्ध चोक आएर टुंगिएको थियो।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति २०७९/१०/१५**

यस कम्पनीको मिति २०७९/०९/२२ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७९/१०/१० को निर्णय अनुसार साविक कम्पनी सासा ब्रोकरेज प्रा. लि. (प्रा.लि.नं. २६०२९०) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु ब्यहोर्नु पर्ने ऋृण, धन, कर, दायित्व आदि परिवर्तित नामको जियो इन्भेष्टमेन्ट प्रा. लि. अंग्रेजीमा Jio Investment Pvt. Ltd. ले सकार्ने ब्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको ब्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।



## Invitation of Electronic Bids

# Urlabari Municipality
# Office of Municipal Executive

**Urlabari, Morang**
**Province no. 1, Nepal**

**Date of Publication: 2079/10/15( 29th of January 2023)**

1. The Urlabari Municipality office,invites electronic bids from Nepalese eligible bidders for the following works under National Competitive Bidding procedure:

**Details of Works**

| S.No. | Contract Id No. | Name of Project work | Cost Estimate (NRs) with VAT | Bid security Amount (NRs.) | Fee for Bid Document (NRs) |
|---|---|---|---|---|---|
| 1 | URL-Drain-Ward 1,4&6-W-NCB-13-079/80 | Package I ( Construction of side wall with gravel from Haraicha Chowk to Behibare, ward 1, Drain with gravel of Bhanu Sisauli Marga, ward 4 & Drain from South of Pragati Marga,ward 6) | 69,78,205.00 /- | 1,74,500.00/- | 3000.00 |

2. Eligible Bidders may refer complete set of Bid Document for further information at office of Urlabari Municipality, Urlabari, Morang or PPMO'S Website: www.bolpatra,gov,np/egp. And Bidders shall have the option of submitting their bids electronically only.
3. For details bidders are advised to visit website: www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**



**Government of Nepal**
**Ministry of Urban Development**
**Department of Urban Development and Building Construction**

# Federal Project Implementation Unit

**Banke, Nepalgunj**

## Invitation for Bids

**Notice No: FPIU/Banke/04-2079-080**
**Date of Publication: 2079-10-15 (29-Jan-2023 A.D.)**

1. Federal Project Implementation Unit (FPIU), Banke Invites Single Stage Single Envelope Electronic bids from eligible bidders for the Construction of following works under National Competitive BiddingProcedures.

| Contract ID.No. | Description of Work | Total Estimated Amount (Without VAT) (NRs.) | Bid security Amount (NRs.) | Bidding Document fee (NRs.) | Bid Validity/ Bid Security Validity Period | Last date and time of Bid Submission | Date and Place of Bid opening |
|---|---|---|---|---|---|---|---|
| DUDBC/FPIU/Banke/ Works/ NCB /2079/080-12 | Construction of R.C.C. Drain and Upgradation of road from Hawaldarpur Chowk towards east nirman tole connecting Baijnathpur babai tole Kohalpur municipality ward no -14, Banke | 85,51,771.35 | 2,35,000.00 | 3,000.00 | 90 days/120 days after last date of bid submission | 28-February - 2023 A.D (16 Falgun 2079 B.S.) at 12:00 pm | 28-February -2023 A.D (16 Falgun 2079 B.S.) at 13:00 FPIU, Banke |
| DUDBC/FPIU/Banke/ Works/ NCB /2079/080-13 | Upgrading & Improvement of Dhobiya Jabdahawa Road Barbardiya-05, Bardiya | 42,77,399.33 | 1,25,000.00 | 3,000.00 | | | |
| DUDBC/FPIU/Banke/ Works/ NCB /2079/080-14 | Upgrading & Improvement of Jabdigaun bishnumarg Sagunmarg Lamkiphata Road Barbardiya-11, Bardiya | 42,79,043.96 | 1,25,000.00 | 3,000.00 | | | |
| DUDBC/FPIU/Banke/ Works/ NCB /2079/080-15 | Construction of R.C.C Drain Basgadhi Municipality-5, Bardiya | 4277858.73 | 1,25,000.00 | 3,000.00 | | | |

2. Account No. for Bid Document Purchase.

| Bank | Revenue Account No. | Office Code | Revenue Heading No. |
|---|---|---|---|
| Rastriya Banjiya Bank Ltd, Nepalgunj, Banke | 1000100200010000 | 347015701 | 14229 |

3. Eligible Bidders may obtain further information from (***www.bolpatra.gov.np/egp***) website of Public Procurement Monitoring office (PPMO).

**Project Chief**

# 'नयाँ नेतृत्वले बुद्धि पुऱ्याए सबै समस्या समाधानको आधार तयार पारिएको छ'



नयाँ कार्यसमितिको क्षमता र बुद्धिमत्ताको परीक्षण हुनेछ । उहाँहरू कति जिम्मेवारीका साथ काममा लाग्नुहुन्छ, परिणाम त्यसमा भर पर्नेछ । समस्याको समाधानका लागि जे जति मिहेनत गर्नुपर्ने र आधार तयार हुनुपर्ने हो त्यो आधार तयार पारेका छौं । वैज्ञानिक ढंगले प्रतिवेदन तयार भएका छन् ।

**विमल ढकाल**
निवर्तमान संयोजक, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ

**तपाईं नेपाल वैदेशिक रोजगार व्यवसायी संघको दुई कार्यकाल अध्यक्ष भएर बाहिरिनु भएको छ, आफ्ना दुबै कार्यकाललाई कसरी मूल्यांकन गर्नुहुन्छ ?**

मेरो पहिलो कार्यकाल कम्प्लिकेटेट थियो । निर्वाचन हुँदा नै दुई प्यानल भएर संघमा आएका थियौं । तर निर्वाचित साथीहरूबाट कार्यसमितिमा मलाई कुनै असहयोग भएन । दुई ग्रुप भएका कारणले केही समस्या त हुने नै भयो । म संघमा निर्वातित हुनुभन्दा पहिले नै फ्रि भिसा फ्रि टिकटको निर्णय भइसकेको थियो । फ्रि भिसा फ्रि टिकटदेखि राष्ट्रिय अन्तर्राष्ट्रिय माफियाले वैदेशिक रोजगार क्षेत्रमा सिण्डिकेट लागू गरेकाले त्यसलाई रोक्ने प्रयास भयो । तर सफल हुन सकेन । म संघको सदस्य वा पदाधिकारी केही नभएर एकैचोटी अध्यक्ष निर्वाचित भएको थिएँ । अनुभवका हिसाबले पनि पहिलो कार्यकालमा केही कमीकमजोरी रह्यो । पछिल्लो कार्यकाल, निर्वाचित कार्यसमितिले निर्वाचन गराउन नसकी विविध कारण विघटन भएको अवस्थामा विभिन्न राजनीतिक दल निकट व्यवसायी संघठनहरूले सर्वसम्मतिले लिखितरूपमा अध्यक्ष नियुक्त गरिपाउँ भनेर निवेदन गरेका कारण मैले संयोजक बनेर जिम्मेवारी लिएँ । संयोजकको जिम्मेवारी लिएपछि मभन्दा पुराना र अनुभव अग्रज वैदेशिक रोजगार व्यवसायी संघका पूर्व अध्यक्षज्यूहरू कार्यसमितिमा सँगै बसेर व्यवसायीका हितमा केही काम गरौं भनेर भनेपछि सबैलाई समेटेर कार्यसमिति बनाइयो । कार्यसमितिमा बस्नुभएका साथीहरू अत्यन्तै जिम्मेवार, व्यवसायीप्रति उत्तरदायी भएका कारण व्यवसायीका हितमा केही कामहरू गर्न सफल भयौं । संघको साधारण सभा र निर्वाचन गराउने प्रमुख जिम्मेवारी थियो, तर व्यवसायी साथीहरूले नै विभिन्न कारण देखाउँदै समयमा निर्वाचन नभएपछि केही समय नेतृत्वमा बस्नुपऱ्यो । नेतृत्वमा बस्दा व्यवसायीका हितमा केही महत्वपूर्ण सुधारका कामहरू गर्न सफल भएको अनुभुति भएको छ । दोस्रो कार्यकाल उपलब्धिपूर्ण नै ठानेको छु ।

**व्यवसायीहरू अहिले पनि व्यावसायिक वातावरण नबनेको गुनासो गरिरहनु भएको छ तपाईंहरूले त्यस्तो के महत्वपूर्ण काम गर्नुभयो ?**

वैदेशिक रोजगारमा रहेका धेरै समस्याको समाधानका लागि गृहकार्य अन्तिम अवस्थामा पुऱ्याइएको छ । व्यवसाय गर्दा व्यवसायीले दैनिकरूपमा भोग्नुपर्ने समस्याको समाधान गर्नु नै ठूलो कुरा हो । पहिलो कुरा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा कुनै औचित्य बिना नै श्रम डेस्क राखिएको थियो । हामी संघको नेतृत्वमा आउनासाथै त्यसलाई हटायौं । विभिन्न झन्झट सामना गरेर श्रम स्वीकृति निकालेर कामदार पठायो, एयरपोर्टमा रहेको श्रम डेस्कले बिना औचित्य विभिन्न समस्या खडा गरेर कामदारलाई उड्न नदिएर कामदार र व्यवसायीलाई हैरानी दिएको थियो । व्यवसाय र व्यवसायीलाई अत्यन्तै नजिकबाट बुझेको मान्छे तत्कालीन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री कृष्णकुमार श्रेष्ठले पनि ठूलो सहयोग गर्नुभएको थियो। श्रम डेस्क हट्नासाथ व्यवसायीलाई ठूलो राहत भयो । वैदेशिक रोजगार ऐनमा रहेको वार्षिक एक सय जना कामदार पठाउनुपर्ने व्यवस्था व्यवसायीको टाउको दुखाईको विषय छ । यस आर्थिक वर्षको अन्त्यसम्म ऐनमा रहेको यो व्यवस्था खारेजी भएन भने एक सय कामदार नपठाउने व्यवसायीका लाइसेन्स नवीकरण हुँदैन । यसअघि कोरोनाको कारण श्रम स्वीकृति रोकेको, अन्तर्राष्ट्रिय उडान बन्द भएको आदि कारणले नवीकरण भएको थियो । तर यसपटक त्यस्तो अवस्था नहुँदा हाम्रै प्रयासमा मन्त्रिपरिषद्ले निर्णय गरेकाले नवीकरण भएको छ । नवीकरण भएपछि यो व्यवस्था वैदेशिक रोजगार ऐनबाट नै हटाउनुपर्छ भनेर श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमार्फत निर्णय गराएर रायका लागि कानून मन्त्रालय पुऱ्याएको अवस्था छ । नवनिर्वाचित कार्यसमितिले अहिलेको सरकारसँग समन्वय गरी मन्त्रिपरिषदबाट पास गराई संसदमा लगेर त्यसलाई समयभित्र नै पास गराउन महत्वपूर्ण भूमिका खेल्नुपर्ने अवस्था छ । नभए वार्षिक सय संख्या नपुऱ्याउने व्यवसायीको लाइसेन्स नवीकरण हुन गाह्रो छ ।

त्यसैगरी व्यवसायी कल्याणकारी कोषको नियमावली निर्माणको काम पनि विगतदेखि थन्किएको थियो । त्यसलाई पनि अन्तिम निष्कर्षमा पुऱ्याएका छौं । श्रम मन्त्रालयबाट पूर्णता दिएर रायका लागि अर्थमन्त्रालय गएको छ । छिटोभन्दा छिटो स्वीकृत भएर आउने अवस्थामा रहेकोले अब त्यो लागू हुने अवस्थामा पुगेको छ । अर्को कुरा वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस)मा पटकपटक विज्ञापन गर्नुपर्ने बाध्यता हटाएर एक पटक विज्ञापन गरेपछि डिमाण्डमा उल्लेख गरिएको भ्यालिड अवधिभर पुनः विज्ञापन गर्नु नपर्ने व्यवस्था गरिएको छ । सेवा शुल्क परिमार्जन गर्नका लागि अत्यन्तै मिहेनत गरेर कार्यदलले सचिवसमक्ष एउटा प्रतिवेदन पेश गरेको छ । आउने कार्यसमितिले यसमा फलोअप गरेर मन्त्रिपरिषद् वा मन्त्रीस्तरीय कहाँबाट हुन्छ निर्णय गराउन पहल गर्नुपर्नेछ ।

साउदी आईडी नवीकरण गराउने काम पनि यही बीचमा भएको छ । साउदी आईडी नवीकरणको विषयमा केही व्यवसायीमा बुझाईको कमी रह्यो । साउदी दूतावासले आफ्नो मुलुकले दिने निर्देशन कार्यान्वयन गर्ने हो । दूतावासले माग गरेका डकुमेन्टको सम्बन्धमा  हामीले फरक ढंगले बुझ्यौं । तर पनि धेरै व्यवसायीको आईडी नवीकरण भएको छ। केही व्यवसायी साथीहरूले दूतावासको व्यवहार व्यवसायी मैत्रीपूर्ण नभएको गुनासो गर्नुभयो । त्यसमा पनि दूतावासमा कुरा गरेर समस्याको सामाधान गरिएको छ । युरोपेली देशको मागपत्र प्रमाणित गर्न सहज बनाउने विषयमा व्यवसायीसहितको  पाँच सदस्यी कमिटी गठन गरेर त्यसको सुझावका आधारमा मागपत्र प्रमाणित गरिदिने सहमति भएको छ । कार्यसमितिले बुद्धिमतापूर्ण ढंगले काम गरे निष्कर्षमा पुग्नेछ । हामीले नेतृत्व गरेको अवस्थामा विगत केही समययता व्यवसायीले विभिन्न धाकधम्की र आक्रमणको सामना गरिरहनुपरेको थियो । त्यस्तो कुनै व्यवधान थिएन, काम गर्ने सहज वातावरण बनेको थियो ।

**संघमा पुरानो कार्यसमितिले गरेका काम, समाधानका लागि पाइपलाइनमा रहेका कामलाई टुंगोमा पुऱ्याउने विषयमा नयाँ र निवर्तमान कार्यसमितिबीच ग्याप रहने गरेको छ । यसमा तपाईंको भूमिका के रहन्छ ?**

हाम्रा अनुभव कार्यसमितिले चाहेको समयमा सहजरूपमा दिने छौं ।

**तपाईंले सबै काम टुंग्याएर पद हस्तान्तरण गरेको जस्तो व्याख्या गर्नुभयो । के तपाईंले दाबी गरेजस्तै समस्याहरूले समाधान पाउने अवस्था छ ?**

यसमा नयाँ कार्यसमितिको क्षमता र बुद्धिमत्ताको परीक्षण हुनेछ। उहाँहरू कति जिम्मेवारीका साथ काममा लाग्नुहुन्छ, परिणाम त्यसमा भर पर्नेछ । समस्याको समाधानका लागि जे जति मिहेनत गर्नुपर्ने र आधार तयार हुनुपर्ने हो त्यो आधार तयार पारेका छौं । वैज्ञानिक ढंगले प्रतिवेदन तयार भएका छन् । स्थानीय र आम निर्वाचनका कारणले टुंगोमा पुग्न सकेन तर व्यवसायीबाट म्याण्डेट लिएर आएको कार्यसमितिले पूर्ण आत्मविश्वासका साथ काम गर्ने हो भने एकपछि अर्को समस्या समाधान हुने वातावरण बनेको छ । नयाँ कार्यसमितिले क्षमता  देखाउनुपर्छ ।

**सेवा शुल्कको परिमार्जनमा आम व्यवसायीको चासो छ । यो विषय कसरी सम्बोधन होला ? केही संकेत गर्न सक्नुहुन्छ ?**

फ्रि भिसा फ्रि टिकट अत्यन्तै अव्यवहारिक रहेको छ भन्ने विषय सबैले बुझेको विषय हो । दक्षिण एशियाली देशको अनुभवको आधारमा गर्नुपर्ने छ । यसमा पनि नेतृत्वको क्षमताको नै विषय अगाडि आउँछ ।

**धेरै सुधारका कुरा भए, संघको इतिहास नै तीन दशक लामो भयो, तर कार्यालय भवन छैन । यसमा त केही काम भएन नि ?**

हामीले ध्यान नदिएको होइन । तर हामी तदर्थ समितिको हैसियतमा थियौं । निर्वाचन, दशैं, तिहार जस्ता विषयले ढिला भएर आलोचना हुँदा हामी भवनभन्दा निर्वाचनमा लाग्यौं । भवन खड्किएको विषय हो । हामीले ३० लाख बढी रकम छाडेका छौं । ९० लाखमा सामान्य फलामको पोलमा भवन बनाउन सकिने विषय स्वर्गीय विष्णु गैरेको पालामा अध्ययन गरिएको हो । अब कार्यसमितिले आम व्यवसायीलाई विश्वासमा लिएर अघि बढ्दा साना ठूला सहयोगमा भवन बन्न सक्छ ।

**यहाँ लोकतान्त्रिक एशोसिएसनको पूर्व अध्यक्ष हुनुहुन्छ । तर पूर्वअध्यक्ष भइसकेर जिम्मेवारी छोडे पनि निरन्तर हस्तक्षेप गरेर संस्थालाई संस्थागत हुन नदिएको गुनासो छ नि, त्यसमा तपाईंको भनाइ के छ ?**


मैले एशोसिएसनमा हस्तक्षेप गरेको भन्ने गुनासो तपाईंलाई कसले सुनायो तर मैले कहीं कतै हस्तक्षेप गरेको छैन । मैले यसलाई उम्मेदवार बनाऊ वा उस्लाई भोट दिएर जिताउनु पर्छ भनेर भनेको छैन । कसैका पक्षमा लविङ पनि गरिनँ । कसैले हस्तक्षेप गरेको आरोप लगाउँछ वा त्यस्तो सोच्छ भने त्यो मेराप्रति गरिएको अन्याय हो । म सबैलाई मिलाउने पक्षमा काम गर्ने विचारको पक्षपाती हुँ ।

**अन्त्यमा तपाईंको भनाइ केही बाँकी छ कि ?**

सबै कुरा बताइसकें । एउटा महत्वपूर्ण पक्ष के छ भने दुईदेखि छ करोडसम्म लगानी गरेका व्यवसायीहरूमा आवश्यकताअनुसार परिपक्वता देखिन सकेको छैन । केही व्यवसायीको चेतना र सोच साँघुरो छ । पेशालाई स्थायित्व दिऊँ भन्दा कसैका विचार मन नपरेमा तल्लो स्तरमा ओर्लिएर गालीगलौज गर्ने, बिना प्रमाण साँठगाँठ, लेनदेनको आक्षेप लगाएर सामाजिक सञ्जालमा लेख्ने गर्नुहुन्छ । म सबैलाई आग्रह गर्दछु, त्यस्ता कामले व्यवसायीको मर्यादा बढाउँदैन । यसले वैदेशिक रोजगर व्यवसायको क्षेत्रमा गर्नुपर्ने नीतिगत परिवर्तनलाई पनि सहयोग पुऱ्याउँदैन ।

## ६ महिनामा १७ सय ४१ वटा विद्युतीय कार भित्रिए

**काठमाडौं/मस –** चालू आर्थिक वर्ष २०७९/८० को ६ महिनाको अवधिमा नेपालमा साढे १७ सय वटा विद्युतीय सवारीको आयात भएको छ। भन्सार विभागले दिएको जानकारीअनुसार चालू वर्षको साउनदेखि पुससम्मको अवधिमा १७ सय ४१ वटा विद्युतीय कार आयात भएको हो ।



यस अवधिमा १०० किलोवाटसम्मको इञ्जिन भएको विद्युतीय कार सबैभन्दा धेरै भित्रिएका छन् । पुससम्ममा १७ सय वटा १०० किलोवाट क्षमताका विद्युतीय कार भित्रिएका छन् । यस्तै, २०० किलोवाटसम्मका ३५ वटा विद्युतीय कार आयात हुँदा ३०० किलोवाटसम्मका ५ वटा विद्युतीय सवारी आयात भएका छन् ।विभागका अनुसार १०० किलोवाटसम्मका विद्युतीय कार आयात गर्दा ४ अर्ब ७३ करोड ७८ लाख रुपैयाँ बाहिरिएको छ। यस्तै, २०० किलोवाटसम्मका विद्युतीय कार आयात गर्दा १५ करोड ६१ लाख रुपैयाँ र ३०० किलोवाटसम्मका विद्युतीय सवारी आयात गर्दा ३ करोड ५१ लाख रुपैयाँ बाहिरिएको छ ।

गत महिनासम्म नेपालमा १०० किलोवाट क्षमताका १३ सय २० वटा विद्युतीय कार आयात भएका थिए । यिनीहरूको आयात मूल्य कूल ३ अर्ब ६७ करोड १२ लाख रुपैयाँ रहेको थियो । यस्तै, गत महिनासम्म २०० किलोवाट क्षमताका १३ करोड ५८ लाख रुपैयाँ बराबरका ३० वटा कार भित्रिएका थिए। यसैगरी, १ करोड ८६ लाख रुपैयाँ बराबरका ३०० किलोवाटसम्मका ३ वटा विद्युतीय कार भित्रिएका थिए ।

नेपालले विश्वका ५ वटा मुलुकबाट विद्युतीय कार आयात गर्दै आइरहेको छ । चीन, भारत, इन्डोनेसिया, कोरिया र अमेरिकाबाट विद्युतीय कार भित्रिएको तथ्याङ्क विभागसँग छ । र, सबैभन्दा धेरै चीन र भारतबाटै विद्युतीय कार भित्रिएका छन् । यस अवधिमा भारतबाट सबैभन्दा धेरै ३ अर्ब ४६ करोड ८३ लाख रुपैयाँको विद्युतीय कार भित्रिएका छन् ।

खास गरी, भारतमा टाटाले उत्पादन गर्ने विद्युतीय कार नेक्सनले बजार लिइरहँदा नेपालमा समेत यो मोडलले राम्रो बजार लिइरहेको छ। यहीकारण, नेपालमा भारतबाट टाटाको नेक्सन कार भित्रिँदा सबैभन्दा धेरै विद्युतीय कार भारतबाटै आयात भएको देखिएको हो । यतिबेला बजारमा टाटाको नेक्सनले आफ्नो छुट्टै पहिचान बनाइरहेको छ। भारतमा समेत यो मोडलको कार सबैभन्दा धेरै बिक्री भइरहेको कार हो ।

## एलआईसीलाई ठूलो झट्का, दुई दिनमा १६ हजार ६ सय करोड घाटा

**काठमाडौं/मस –** हिन्डनबर्गले आफ्नो प्रतिवेदनमा अदानी समूहलाई 'कर्पोरेट जगतमा सबैभन्दा ठूलो ठगी' गरेको आरोप लगाएको छ । अदानी समूहको सबैभन्दा ठूलो कम्पनी अदानी इन्टरप्राइजेजको एफपीओ शुरु हुन लागेको बेला यो आरोप लागेको हो ।

यो रिपोर्टका कारण अदानी समूहको बजार पुँजीकरण शुक्रबार एकै दिनमा ३.३७ लाख करोड भारतीय रुपैयाँले घटेको इन्डियन एक्सप्रेसले आफ्नो रिपोर्टमा बताएको छ । यसमा लाइफ इन्स्योरेन्स कर्पोरेशन अर्थात एलआईसीले यसको मार खेप्नुपरेको छ । यसका कारण देशको सबैभन्दा ठूलो बीमा कम्पनी एलआईसीले १६, ६२७ करोड रुपैयाँ गुमाउनु परेको छ । अदानी समूहका शीर्ष पाँच कम्पनीहरूमा एलाआईसी सबैभन्दा ठूलो स्वदेशी (गैर-प्रवर्द्धक) लगानीकर्ता हो ।

केबल दुई दिनमा, अदानी समूहका कम्पनीहरूमा एलआईसीको लगानीको मूल्य २२ प्रतिशतले घट्यो । शुक्रबार यसको मूल्य ७२,१९३ करोड रुपैयाँ थियो तर मंगलबार (शनिबार र आइतबार शेयर बजारमा कारोबार बन्द) ५५,५६५ करोड रुपैयाँमा झरेको थियो । शुक्रबार पनि एलआईसीको शेयर मूल्य ३.५ प्रतिशतले घटेको छ भने दुई दिनमा यो ५.३ प्रतिशतले घटेको छ ।

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरु
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
नुम्स कम्प्युटर्स प्रा.लि.
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८४१५६५७९५

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सीईओ तथा कार्यकारी सम्पादक : **दीपेन्द्रविक्रम तामाङ**, सम्पादक: **मदनकुमार श्रेष्ठ**